पाटन नगरपालिका बैतडी

संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन



मानव कल्याण विकास केन्द्र

भीमदत्तनगर, कञ्चनपुर

फाल्गुण, २०८०

विषय -सूची

भाग-१ ..... १

प्रारम्भिक १

१. भूमिका १

१.२ अध्ययन उद्देश्य २

१.३ अध्ययन विधि २

१.४ अध्ययनको सीमा ३

१.५ अध्ययन प्रतिवेदनको ढाँचा ४

भाग-२ ..... ५

नगरपालिकाको मौजुदा संगठन संरचना तथा कार्यबोझको विश्लेषण ५

२.१ नगरपालिकाको काम, कर्तव्य र अधिकार ५

२.२ प्रमुख प्रशासकीय अधिकृतको कार्य ७

२.३ विद्यमान संगठन संरचना १०

२.४ विद्यमान कर्मचारी दरवन्दी १३

२.५ पाटन नगरपालिकाको कार्यबोझको विश्लेषण १६

भाग-३ ..... १८

प्रस्तावित संगठन संरचना र दरवन्दी १८

३.१ संगठन संरचना र दरवन्दीमा सुधारको आवश्यकता १८

३.२ प्रस्तावित संगठन संरचना र दरवन्दी विवरण १८

३.३ पाटन नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको लागि प्रस्तावित दरवन्दी विवरण २०

३.४ पाटन नगरपालिकाको लागि प्रस्तावित दरवन्दीको थपघटको विवरण २३

३.५ प्रस्तावित दरवन्दी बमोजिम संस्थागत (शाखागत) विवरण २७

३.६ वडा कार्यालयहरु (१० वटा) को संगठन संरचना ३३

भाग-४ ..... ३४

प्रस्तावित संगठन संरचना र दरवन्दी अनुरुपको कार्यविवरण ३४

४.१ संस्थागत कार्यविवरण ३४

४.२ पदगत कार्यविवरण ८०
भाग-५ ..... १५७
निष्कर्ष र सुझाव १५७
५.१ निष्कर्ष १५७
५.२ सुझाव १५८

भाग-१

प्रारम्भिक

१. भूमिका

नेपालको सुदूरपश्चिम क्षेत्रमा स्थित पाटन नगरपालिकाको स्थापना एउटा दीर्घकालिन सोच "व्यवसायिक, औद्योगिक तथा बहुसांस्कृतिक समुन्नत नमुना शहर पाटन" भन्ने दीर्घकालीन सोचका साथ नेपाल सरकारको वि.स. २०७१ मंसीर १६ गतेको निर्णय बमोजिम साविकका पाटन नगरपालिका, सकार, सिलङ्गा भुमेश्वर, गुजर र बसन्त गाउँ विकास समितिहरु मिलाएर यस नगरपालिकाको स्थापना भएको हो । यस नगरपालिकाको केन्द्र साविकको पाटन नगरपालिका कार्यालय रहेको स्थान पाटन बजारमा नै रहेको छ । यो नगरपालिका २९° २८′ ३६″ उत्तरी अक्षांश देखी ८०° ३३′ ५७″ पूर्वी देशान्तरसम्म फैलिएर रहेकको छ । यो समुद्री सतहदेखि २४३९ देखि ६९३६ फीट (११३४ मि . देखि २००० मि.) को उचाइँमा र काठमाडौँ देखि ८३३.३ कि. मि.को दूरीमा स्थित रहेको छ भने सुदूरपश्चिमको प्रादेशिक राजधानी धनगढीवाट लगभग १७० किलोमिटिरको दूरीमा अवस्थित छ ।

पाटन नगरपालिकामा कूल १० वडा रहेका छन् । कूल २१९.२६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको पाटन नगरपालिकाको भू-वनावट स्वरुप करिब मध्य पहाडी र पहाडी प्रकारको भूभाग रहेको छ । यस नगरपालिकाको पूर्वमा सिगास गाउँपालिका रहेको छ भने पश्चिममा दशरथचन्द नगरपालिका र मेलौली नगरपालिका रहेका छन् यसको उत्तर सीमानामा सुर्नाया गाउँपालिका र दोगडा केदार गाउँपालिका सँग जोडिएको छ भने दक्षिणमा डडेल्धुरा जिल्ला रहेको छ । गर्मी यामम यहाँको सरदर अधिकतम तापक्रम ३३ डिग्री सेन्टीग्रेट देखी ३७ डिग्री सेन्टीग्रेट रहने गर्दछ भने र चिसो मौसममा न्यूनतम तापक्रम २ डिग्री सेन्टीग्रेट सम्म झर्ने गरेको पाइन्छ । नगरपालिकाको प्रोफाइल अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३०,४३५ रहेको छ साथै यस नगरपालिका क्षेत्रको वार्षिक जनसंख्या वृद्धिदर १.३५ प्रतिशत रहेको अनुमान गरिएको छ । यस नगरपालिकामा विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको छ । यहाँ रहेका प्रमुख जातजातीहरु बाह्मण, क्षेत्री, ठकुरी र दलितहरु हुन भने यस नगरपालिकाका बासिन्दाहरुले मनाउने मुख्य चाडपर्वहरु दशैं, तिहार, होली, गौरा, औल्के, माघे संक्रान्ति, कृष्ण जन्माष्टमी, विषु, मकर संक्रान्ती, बुद्ध जयन्ती आदि हुन् ।

बैतडी जिल्लामा रहेको यो नगरपालिका धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा रहेको छ । यस नगरपालिकाको जनसंख्याको ठूलो हिस्सा कृषि पेशामा संलग्न रहेको छ । पाटन उपत्यकामा रहेका ठूलठूला समथर कृषि फाँटहरु यहाँका जनताको जिविकोपार्जनको मुख्य श्रोतको रुपमा रहिआएका छन् । यहाँका स्थानीय वासिन्दाहरुको आम्दानीका अन्य श्रोतहरुको रुपमा व्यापार व्यवसाय, सरकारी तथा गैर सरकारी क्षेत्रमा रोजगारी तथा वैदेशिक रोजगारी रहेको छन् ।

कृषि उत्पादनका हिसावले यस नगरपालिका क्षेत्रमा पहाडी क्षेत्रमा हुने सवै खाले कृषिवालीको उत्पादन हुनुका साथै फलफूलका लागि पनि यो क्षेत्र उत्तिकै उत्पादनमूलक तथा योग्य रहेको छ । यहाँको भू-भाग धान, गँहु, तेलवाली, उखु, मकै र फलफूल खेतीको लागि निकै उर्वर रहेको छ । यो जिल्लाको एक व्यापारिक केन्द्र पनि हो । पाटन, खोडपे यहाँका व्यापार, व्यवसाय र आयात निर्यात गर्ने प्रमुख केन्द्रहरु हुन । पर्यटकीय हिसावले पनि पाटन नगरपालिका निकै सम्भावना बोकेको क्षेत्र हो । यहाँको सुन्दर भौगोलिक धरातल, पाताल भूमेश्वर गुफा, महादेव रुद्रेश्वरको मन्दिर, उदयदेवको मन्दिर यहाँका धार्मिक पर्यटकीय स्थलहरु हुन् । यी पर्यटकीय स्थलहरुको प्रवर्द्धन एवं विकासका लागि यहाँ सवै मौसममा हवाईयातायात चल्ने विमानस्थल निर्माण गरिएको छ ।

परिवर्तित सन्दर्भमा यस नगरपालिकाले सम्बोधन गर्नु पर्ने चुनौतीहरु समेत थपिदै गए अनुरुप साविकको संगठन स्वरुप, जनशक्ति र कार्य विवरणको पुनरावलोकन गरी वदलिँदो परिस्थिति अनुकूल संगठनको संरचना, जिम्मेवारी बाँडफाड र कार्यसम्पादनको स्तरलाई प्रभावकारी बनाउन संगठन विकासका महत्वपूर्ण पक्षहरुको अध्ययन र विश्लेषण गरी अध्ययन प्रतिवेदन पेश गर्ने कार्य जिम्मेवारी पाटन नगरकार्यपालिकाको कार्यालयवाट प्राप्त भए अनुरुप मानव कल्याण विकास केन्द्र, कञ्चनपुरवाट यो अध्ययन कार्य सम्पन्न भएको हो ।

१.२ अध्ययन उद्देश्य

यस अध्ययन कार्य निम्न उद्देश्यहरुमा आधारित रही सम्पन्न भएको छ :

(क) पाटन नगरपालिकाको वर्तमान कार्यहरु एवं कार्यबोझको विश्लेषण गर्ने ।

(ख) विद्यमान कार्यबोझ र कार्यक्षेत्रको आधारमा नगरपालिकाको हालको संचरना र दरवन्दीहरुको विश्लेषण गर्ने ।

(ग) नगरपालिकाको कार्यसम्पादनस्तरमा सुधार ल्याउने प्रयोजनको लागि विद्यमान संगठनात्मक संरचना र दरवन्दीहरुमा आवश्यक सुधारका लागि सिफारिश गर्ने ।

(घ) प्रस्तावित संगठन संरचना र दरवन्दी अनुरुप महाशाखा/शाखा/उपशाखा/ स्वास्थ्यसंग सम्बन्धित निकाय र इकाइको साथै वडा कार्यालयहरुको पदगत कार्यविवरण तयार गर्ने ।

१.३ अध्ययन विधि

पाटन नगरपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन कार्य सम्पादनका क्रममा निम्न विधिको अवलम्वन गरिएको छ ।

(क) नगरपालिकाको काम, कर्तव्य र जिम्मेवारी वारे गहनरुपमा जानकारी लिने उद्देश्यले मौजुदा संवैधानिक व्यवस्था, कानूनी व्यवस्था तथा नीतिगत व्यवस्थाको अध्ययन ।

(ख) नगरपालिकाको वर्तमान संगठन स्वरुप तथा कर्मचारी दरवन्दी एवं कार्यसम्पादन क्षमताको अवस्थावारे अध्ययन ।

(ग) नगरपालिकाका विभिन्न शाखा/उपशाखा/फाँट, वडा कार्यालय र स्वास्थ्यचौकीहरुको स्थलगत अवलोकन एवं कर्मचारीहरुसंग सघन छलफल तथा अन्तरक्रिया ।

(घ) वडा सचिवहरुको कार्यबोझको अध्ययन ।

(ङ) नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्य, उपलब्ध वित्तीय, भौतिक तथा मानवीय श्रोतको अवस्था, सेवाग्राहीको चाहना, माग र आवश्यकता तथा नगरकार्यपालिका र अन्तर्गत निकायहरुमा जिम्मेवारी बाँडफाँडको अवस्था र सेवा प्रवाहको प्रभावकारितालाई मध्यनजर गरी नगरपालिका र अन्तर्गत निकायहरुमा कार्यरत कर्मचारी एवं स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु तथा अध्ययनटोली बीच सहभागितात्मक छलफल प्रक्रियाद्वारा नगरपालिकाको सुधारिएको संगठन संरचनाको खाका तयार ।

(च) प्रकरण (ङ) अनुरुपको खाकालाई आधारमानी अध्ययन कार्यटोलीले प्रस्तुत गरेको प्रारम्भिक प्रतिवेदनमाथि नगरकार्यपालिका कार्यालयबाट पृष्ठपोषण उपलब्ध ।

(छ) प्रकरण (च) अनुरुप प्राप्त पृष्ठपोषणलाई समेत सकभर समायोजन गरी अन्तिम प्रतिवेदन तयारी र प्रस्तुत ।

१.४ अध्ययनको सीमा

यस संगठन तथा व्यवस्थापन अध्ययनका क्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत अधिकांश कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो । अध्ययन सम्बन्धी कार्यक्रममा नगरपालिकाका सबै तह र स्तरका कर्मचारीको सहभागिता अवश्यक पर्ने भएकोले कार्यालय समयमा पर्याप्त सहभागिता जुटाउन असुविधा हुने एवं बिहान-बेलुकीको समयमा मात्र उक्त कार्य गर्नु परेकोले छलफलका लागि समयको सिमितता रहेको थियो तापनि महत्वपूर्ण बिषयहरुमाथिको छलफल व्यवस्थित रुपले सञ्चालन गरी सिमित समयको अधिकतम उपयोग गरिएको थियो ।

यसका साथै नगरपालिकाको संगठन विकासको समग्र अवस्था, संगठनात्मक क्षमताको अवस्था, संगठन सुधार र क्षमता विकासको लागि भएका प्रयासहरु, यसबाट परेको असरसम्बन्धी सबै प्रकारका विवरण र दस्तावेजहरु उपलब्ध हुने अवस्थामा र सम्बन्धित कर्मचारीबाट पुष्ट्याईं तथा शाखागत कार्यहरु तथा कार्यबोझको बिवरण प्रदान गर्ने सम्बन्धमा केही सिमितता रहेको छ ।

यसै प्रकारले सेवाग्राही र अन्य सरोकारवालाहरुसंग समेत यस सन्दर्भमा बृहत छलफल र अन्तरक्रिया गरी थप सूचना/पृष्ठपोषण प्राप्त गर्न सके अध्ययन कार्य बढी प्रभावकारी हुन सक्ने व्यहोरा महशूस गर्दागर्दै पनि साधन-श्रोत र समयको सिमितताले सो हुन सकेन ।

मानव कल्याण विकास संस्था HWDC 2004

यी सीमाहरुको परिधिभित्र रहँदै नगरपालिकाको विद्यमान आर्थिक अवस्था, जनशक्ति परिचालन र नयाँ पद सिर्जनाका बिषयहरुलाई मध्यनजर राखी तत्कालको क्षमता र भावी संभावना समेतलाई दृष्टिगत गरी पाटन नगरपालिकाको लागि संगठन स्वरुप र तदनुसार दरवन्दी संरचना प्रस्तावित गरिएको छ ।

१.५ अध्ययन प्रतिवेदनको ढाँचा

यस संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदनलाई निम्न ५ भागमा प्रस्तुत गरिएको छ ।

(क) भाग - १ : प्रारम्भिक

(ख) भाग - २ : नगरपालिकाको मौजूदा संगठन संरचना तथा कार्यबोझको विश्लेषण

(ग) भाग - ३ : प्रस्तावित संगठन संरचना र दरवन्दी

(घ) भाग - ४ : प्रस्तावित संगठन संरचना र दरवन्दी अनुरुपको कार्य-बिवरण

(ङ) भाग - ५ : निष्कर्ष तथा सुझाव

भाग-२

नगरपालिकाको मौजुदा संगठन संरचना तथा कार्यबोझको विश्लेषण

२.१ नगरपालिकाको काम, कर्तव्य र अधिकार

नगरपालिकाको एकल अधिकार संविधानको अनुसूच ८ मा उल्लेख गरिएको छ। यसैगरी संवैधानिक मर्म र प्रावधानमा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विस्तृत रुपमा निर्धारण गरिएको छ। विद्यमान संविधान एवं ऐनले सुम्पिएको काम, कर्तव्य र अधिकारको सदुपयोग गरी आफ्नो क्षेत्रभित्रका सम्पूर्ण नागरिकहरुमा छिटोछरितो, प्रभावकारी, गुणस्तरयुक्त सेवा सहजरुपमा उपलब्ध गराउनु नगरपालिकाको परम कर्तव्य हो। यस किसिमको सेवा प्रवाह गर्नका लागि दक्ष, सीपयुक्त, अनुभवी, लगनशील एवं सेवामुखी जनशक्तिको आवश्यक हुन्छ।

कुनै पनि संगठनको सेवा प्रवाहको स्तर त्यस संगठनमा कार्यरत कर्मचारीहरुको कार्यक्षमता, उत्प्रेरणाको स्तर एवं त्यस संगठनमा उपलब्ध कार्य वातावरणमा निर्भर रहन्छ। यसर्थ जनशक्तिलाई तदर्थरुपमा प्रयोग गरिने प्रचलनमा सुधार गरी प्रणालीगत रुपमा सञ्चालन गर्न सकेमा मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ।

संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित अनुसूची-८ बमोजिम स्थानीय तहको अधिकार देहाय अनुसार हुने व्यवस्था गरिएको छ।

१. नगरप्रहरी
२. सहकारी संस्था
३. एफ.एम.सञ्चालन
४. स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन
५. स्थानीय सेवाको व्यवस्थापन
६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन
७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु
८. आधारभूत र माध्यमिक शिक्षा
९. आधारभूत स्वास्थ्य र सरसफाइ
१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

ज्ञानोदय कल्याण निधि
IIWDC
2004

११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ

१२. नगरसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

१३. स्थानीय अभिलेख व्यवस्थापन

१४. घर जग्गा धनी पुर्जा वितरण

१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

१६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन

१७. बेरोजगारको तथ्याङ्क सङ्कलन

१८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

१९. खानेपानी, सान जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा

२०. विपद् व्यवस्थापन

२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित अनुसूची-९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची निम्न अनुसार व्यवस्था गरिएको छ ।

१. सहकारी

२. शिक्षा, खेलकूल र पत्रपत्रिका

३. स्वास्थ्य

४. कृषि

५. विद्युत, खानेपानी, सिँचाइ जस्ता सेवाहरु

६. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

७. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण

८. खानी तथा खनिज

९. विपद् व्यवस्थापन

१०. सामाजिक सुरक्षा र गरिवी निवारण

११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क

१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय

१३. सुकुम्वासी व्यवस्थापन

१४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

१.२. त्यस्तो भवन निर्माण गर्न नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम पास भएको नक्सा अनुसार निर्माण भएको वा भइरहेको छ/छैन ।

१.३. त्यस्तो भवनले सार्वजनिक जग्गा, बाटो, कूलो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिचेको छ/छैन ।

२. भवन निर्माण गर्ने व्यक्ति र भवन निर्माण कार्यसंग सम्बन्धित सबैले जाँचबुझ गर्न आउने व्यक्तिलाई सोधेको प्रश्नको जवाफ दिनु र मागेको कागजपत्र दिनु वा देखाउनु र आवश्यक सहयोग पुऱ्याउनु पर्दछ ।

३. प्रमुख प्रशासकीय अधिकृत समक्ष प्राप्त हुन आएका निर्माण सम्बन्धी प्रतिवेदनहरु सात दिनभित्र प्रमुख समक्ष पेश गर्नु पर्दछ ।

४. स्थानीय राजस्व परामर्श समितिको सदस्य भई कार्यगर्ने ।

५. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सदस्य भई कार्यगर्ने ।

६. बजेट तथा कार्यक्रम तर्जुमा समितिको सदस्य भई कार्यगर्ने ।

७. सभाबाट बजेट स्वीकृत भई अख्तियारी प्राप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित शाखा वा उपशाखा प्रमुख वा वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनु पर्ने ।

८. आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्ने ।

९. स्थानीय सञ्चित कोषको सञ्चालन गर्ने/गराउने ।

१०. खर्च खाताको सञ्चालन गर्ने/गराउने ।

११. बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्ने व्यवस्था मिलाउने ।

१२. स्वीकृत बजेटको सीमा र शीर्षकभन्दा बाह्य खर्च नगर्ने ।

१३. सार्वजनिक खरिद गर्नु पर्दा संघीय सार्वजनिक ऐनको परिधिमा रही खरिद गर्ने ।

१४. आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्ने ।

१५. नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्ने ।

१६. स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउने ।

मानव कल्याण विकास केन्द्र HWDC 2004 कञ्चनपुर (२०६१)

१५. सवारी साधन अनुमति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा (२) बमोजिम नगरपालिकाका प्रमुख कार्यहरु देहाय अनुसार रहेका छन् ।

(क) नगरप्रहरीको व्यवस्थापन

(ख) सहकारी संस्था

(ग) एफ.एम.सञ्चालन

(घ) स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

(ङ) स्थानीय सेवाको व्यवस्थापन

(च) स्थानीय तथ्याङ्क अभिलेख व्यवस्थापन

(छ) स्थानीयस्तरका विकास आयोजना तथा परियोजना

(ज) आधारभूत र माध्यमिक शिक्षा

(झ) आधारभूत स्वास्थ्य र सरसफाइ

(ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

(ट) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ

(ठ) नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(ड) स्थानीय अभिलेख व्यवस्थापन

(ढ) जग्गाधनी दर्ता प्रमाणपुर्जा विवरण

(ण) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य र सहकारी

(त) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन

(थ) वेरोजगारको तथ्याङ्क सङ्कलन

(द) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन

२.२ प्रमुख प्रशासकीय अधिकृतको कार्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार निम्नानुसार तोकेको छ ।

१. नगरपालिका क्षेत्रमा कसैले निर्माण गरेको वा गरिरहेको भवनको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम जाँचबुझ गर्न इन्जिनियर, सब-इन्जिनियर वा कर्मचारी खटाउनु पर्दछ ।

१.१. त्यस्तो भवन निर्माण गर्न नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिएको छ/ छैन ।

मानव कल्याण विकास केन्द्र HWDC 2004 कञ्चनपुर

१७. स्थानीय तहको आयव्ययको लेखा राख्ने जिम्मेवारी पाएको कर्मचारीले ठीकसंग लेखा नराखेको कारणबाट स्थानीय तहलाई हुन गएको क्षती वा हानीनोक्सानी त्यस्तो क्षती वा हानीनोक्सानी गर्ने कर्मचारीबाट असुल उपर गर्ने/गराउने ।

१८. आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सत गतेभित्र सार्वजनिक गर्ने/गराउने ।

१९. नगरपालिकाको आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउने ।

२०. आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका बेरुजुहरुलाई अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउने ।

२१. नगरपालिकाको आय र व्ययको महालेखा परीक्षकबाट अन्तिम लेखापरीक्षण गराउने ।

२२. महालेखापरीक्षक भएको अन्तिम लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरु फछ्यौंट गर्ने/गराउने ।

२३. नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई विषयगत शाखा, उपशाखा रहेको संगठन संरचना गठन गर्ने/गराउने ।

२४. नगरपालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्ने ।

२५. दरवन्दी प्रस्ताव गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, संचय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार, सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी खर्च सुनिश्चित गरी प्रस्ताव गर्ने ।

२६. करारमा लिइने कर्मचारीको हकमा पनि लाग्ने खर्च, सेवा, सुविधा आदि बारे विश्लेषण गरी रायसाथ प्रस्तव पेश गर्ने ।

२७. सभा र कार्यपालिकाको सचिवको रुपमा कार्य गर्ने ।

२८. सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

२९. नगरपालिका नगरकार्यपालिका निर्देशनमा वार्षिक बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।

३०. कोष तथा आर्थिक कारोवारको हिसाव तथा अभिलेख दुरुस्त राख्ने/राख्न लगाउने, लेखापरीक्षण गराउने तथा बेरुजु फछ्यौंट गर्ने/गराउने ।

३१. आयोजनाहरुको फरफारकको लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

मानव कल्याण विकास केन्द्र HWDC 2004 कञ्चनपुर (२०६१)

३२. नगरपालिकाको चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने/गराउने ।

३३. नगरप्रमुखको निर्देशनमा कार्यपालिका तथा सभाको बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने/गराउने ।

३४. कार्यपालिकाको निर्णय प्रमाणित गर्ने र सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने ।

३५. न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णय सम्बन्धी मिसिल संरक्षण गर्ने/गराउने ।

३६. नगरपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने ।

३७. सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने/गराउने ।

३८. सभा वा कार्यपालिकाले तोको अन्य कार्य गर्ने/गराउने ।


३९. प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र चलअचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण कानूनले तोको ढाँचामा प्राप्त गरेर अभिलेख राखी सोको तीस दिनभित्र प्रदेश सरकार समक्ष पेश गर्ने/गराउने ।

२.३ विद्यमान संगठन संरचना

पाटन नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको मौजूदा संगठन संरचना चित्र-१ मा प्रस्तुत गरिएको छ ।



चित्र-१: पाटन नगरकार्यपालिकाको कार्यालयको विद्यमान संगठन संरचना



स्रोत: पाटन नगरपालिका नगरकार्यपालिकाको कार्यालय

मानव कल्याण विकास केन्द्र HWDC 2004 कञ्चनपुर (२०६१)

माथि प्रस्तुत गरिएको संगठन संरचना अनुसार नगरसभा नगरपालिकाको सर्वोच्च निकायको रुपमा रहेको छ जसप्रति नगर कार्यपालिका उत्तरदायी हुने गर्दछ । नगरसभा अन्तर्गत लेखा समिति, सुशासन समिति तथा आवश्यकता अनुसार अन्य समितिहरु रहने व्यवस्था गरिएको छ । यसैगरी नगरकार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत नगरपालिकाको विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरु रहेका छन् ।

नगरकार्यपालिकाको प्रमुखको रुपमा नगरपालिका प्रमुख (निर्वाचित पदाधिकारी) र उप-प्रमुखको रुपमा नगरपालिका उप-प्रमुख (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उप-प्रमुखले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ ।

नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने प्रचलन रहिआएको छ । प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाका प्रमुखप्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले नगरसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज नगरसभाप्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ ।

प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा, र आन्तरिक लेखापरीक्षण इकाइको संस्थागत व्यवस्था गरिएको छ ।

प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत प्रशासन उपशाखा, राजश्व उपशाखा, योजना तथा अनुगमन उपशाखा र कानून इकाइ रहने व्यवस्था भएको पाइन्छ । यसै शाखाले नगरपालिकाभित्र रहेका १० वटै वडाहरुसंग समन्वय गर्ने व्यवस्था पनि रहेको छ ।

पूर्वाधार विकास शाखा अन्तर्गत सडक, सिँचाइ तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ती विकास उपशाखा र वातावरण तथा विपद् व्यवस्थापन इकाइ रहने व्यवस्था छ ।

स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला बालबालिका र समाज कल्याण उपशाखाको व्यवस्था गरिएको छ ।

यसैगरी विद्यमान संगठन संरचना अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतको मातहतमा कृषि/पशु स्वास्थ्य तर्फका निकायहरु (प्राथमिक स्वास्थ्य केन्द्र-१, स्वास्थ्य चौकी-९, नगर स्वास्थ्य केन्द्र-५, प्रसुती केन्द्र केन्द्र-६) रहने व्यवस्था भएको देखिन्छ ।

नानद कल्याण विकास HWDC 2004 कञ्चनपुर (२०६१)

२.४ विद्यमान कर्मचारी दरवन्दी

दरवन्दीगत दृष्टिकोणबाट हेर्दा वर्तमान अवस्थामा यस कार्यालयमा नेपाल सरकारका निजामती सेवाका कर्मचारी, स्थानीय सेवाका कर्मचारी (स्थायी र करार) का दरवन्दी रहेका छन् । उक्तानुसार हाल विद्यमान कर्मचारी दरवन्दीलाई तालिका-१ मा प्रस्तुत गरिएको छ



तालिका-१ : पाटन नगर कार्यपालिका कार्यालयको मौजूदा स्वीकृत स्थायी दरवन्दी

क्र.सं.	पद नाम	तह/श्रेणी	सेवा समूह	दरवन्दी संख्या	कैफियत
१	प्रमुख प्रशासकीय अधिकृत	रा.प. द्वितीय	प्रशासन, सा.प्र.	१	तह १०
२	अधिकृत	९/१०	शिक्षा, शिक्षा प्रशासन	१	
३	सि.डि.ई.	९/१०	ईन्जिनियरिङ सभिल	१	
४	मेडिकल अफिसर	८	स्वा./ज.मे.	१	
५	अधिकृत	७/८	प्रशासन सा.प्र.	१	
६	लेखा अधिकृत	७/८	प्रशासन/लेखा	१	
७	अधिकृत	७/८	शिक्षा, शिक्षा प्रशासन	१	
८	ईन्जिनीयर	७/८	ईन्जि सभिल	२	
९	पशु चिकित्सक	८	कृषि भेट	१	
१०	कृषि अधिकृत	७/८	कृषि	१	
११	अधिकृत	७	स्वास्थ्य स्वा.नि	१	
१२	अधिकृत	६	प्रशासन, सा.प्र.	२	
१३	सूचना प्रविधि अधिकृत	६	विविध	१	
१४	रोजगार संयोजक	६	विविध	१	
१५	आ.ले.प. अधिकृत	६	प्रशासन/लेखा	१	
१६	पशु सेवा प्राविधिक अधिकृत	६	कृषि/लापोडेडो	१	
१७	अधिकृत	६	स्वास्थ्य/स्वा.नि	१	
१८	अधिकृत	६	स्वास्थ्य/क.न./ज.न.	१	
१९	महिला विकास अधिकृत	६	विविध/म. वि.	१	
२०	हे. अ./अ.हे.व.	४/५/६	स्वास्थ्य/स्वा.नि	१३	
२१	अ.न.मि/स्टाफ नर्स	४/५/६	स्वास्थ्य/क.न.	१३	
२२	सहायक	५	प्रशासन सा.प्र.	५	
२३	लेखा सहायक	५	प्रशासन/लेखा	१	
२४	पशु स्वा.प्रा.स.	५	कृषि भेट	१	
२५	कृषि प्राविधिक सहायक	५	कृषि	२	
२६	प्राविधिक सहायक	५	शि प्र.	१	
२७	सव-इन्जिनीयर	५	इन्जि/सिभिल	४	
२८	प्राविधिक सहायक(रो से.के)	५	विविध	१	

मानव कल्याण विकास HWDC 2004 कञ्चनपुर

क्र.सं.	पद नाम	तह/श्रेणी	सेवा समूह	दरबन्दी संख्या	कैफियत
२९	प्रशासन सहायक (वडा सचिव)	५	प्रशासन, सा.प्र.	५	
३०	सर्वेक्षक/अमिन	४	इन्जि/सर्भे	१	
३१	सहायक	४	प्रशासन, सा.प्र.	२	
३२	सहायक-लेखापाल	४	प्रशासन /लेखा	१	
३३	प्रशासन सहायक (वडा सचिव)	४	प्रशासन, सा.प्र.	६	
३४	स.कम्प्युटर अपरेटर	४	विविध/कम्प्युटर	१	
३५	असिष्टेन्ट सव ईन्जिनियर	४	इन्जि/सिभिल	८	
३६	सहायक म.वि निरीक्षक	४	विविध/म.वि.	१	
३७	एम. आई. एस. अप्रेटर	४	विविध	२	
३८	फिल्ड सहायक	४	विविध	१	
३९	लघु उद्यम विकास सहायक	४	विविध	२	
४०	पोषण स्वयं सेवक	४	विविध	१	
४१	नायव पशु स्वा. प्रा. स.	४	कृषि/लापोडेडो	३	
४२	नायव कृषि प्रा. स.	४	कृषि	२	
४३	अ.हे.व.	४	स्वास्थ्य/स्वा.नि.	४	
४४	अ.न.मि.	४	स्वास्थ्य/क.न.	४	
४५	सामाजिक परिचालक र कार्यालय सहायक	३/४	विविध	६	
४६	कार्यालय सहयोगी/कुचीकार	तह विहिन	प्रशासन, सा.प्र.	२४	नगर कार्यपालिका तथा वडाहरुको लागि
जम्मा				१३६	

स्रोत: पाटन नगरपालिका नगरकार्यपालिकाको कार्यालय पाटन, वैतडी ।

द्रष्टव्य :

(१) कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचना अनुसार मिल्दो चौथो तहमा कामकाज लगाउन सकिने छ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै रुपवाट रिक्त भएमा सो पद स्वत: खारेज हुनेछ ।

(२) संगठन संरचनाभित्र नपरेका सरसफाइ, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगरप्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कायम रहेकै पदमा कामकाज लगाउन सकिने छ । यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

(३) स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे.चौथो र पाँचौं कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सव इ., अ.स.इ., अ.प्रा.स.का पदमा कामकाज लगाउन सकिनेछ ।

२.५ पाटन नगरपालिकाको कार्यबोझको विश्लेषण

(१) उक्त कर्मचारी दरवन्दी हेर्दा प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरुको दरवन्दी यस कार्यालयमा रहेका छन् । छैठौँ तह र सोभन्दा माथिका दरवन्दीहरु अधिकृत स्तरका, ३ तहदेखि ५ तहसम्मका सहायक स्तरका दरवन्दी र सवारी चालक, कुचिकार र कार्यालय सहयोगीका पदहरुलाई तहविहिन पद भनिएको छ । शाखा प्रमुखमा अधिकृत ६, ७/८ र ९/१० का पदहरु रहन सक्ने व्यवस्था गरिएको छ । उदाहरणको लागि आर्थिक विकास शाखा प्रमुखको दरवन्दी ६ तहको छ भने शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको दरवन्दी अधिकृत ९/१० तहको रहने व्यवस्था गरिएको छ । उपशाखाको प्रमुखको रुपमा समेत सहायक पाँचौँ तहदेखि अधिकृत ६ औँ तहसम्मको कर्मचारीको प्रावधान रहेको छ ।

(२) विद्यमान दरवन्दी अन्तर्गत स्थायी र करार सेवा दुवै तर्फ गरी अधिकृत स्तरका २१, सहायक स्तरका ९१, तहविहिन २४ समेत १३६ वटा पदको स्वीकृत दरवन्दी देखिन्छ ।

(३) नेपालको संविधानबाट स्थानीय तहको लागि निर्दिष्ट अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको लागि तोकेको काम, कर्तव्य र अधिकार तथा बदलिँदो शासकीय स्वरुप अनुसार स्थानीय तहप्रतिको नागरिकको अपेक्षा एवं परिवर्तित शासकीय स्वरुपलाई व्यवस्थित गर्न आवश्यक साधन/स्रोत र सोको व्यवस्थानको लागि विद्यमान जनशक्ति पर्याप्त देखिँदैन । यस सन्दर्भमा संख्यात्मक एवं गुणात्मक रुपमा बढोत्तरी गर्नु जरुरी देखिन्छ ।

(४) माथि उल्लेख भए अनसुसार यस कार्यालयमा विभिन्न प्रकृतिका (संघीय सरकारबाट खटिने कर्मचारीहरु, स्थानीय सेवाका स्थायी र करारका कर्मचारीहरु एवं समायोजन भई आएका) कर्मचारीहरु रहेका र कतिपय कर्मचारीहरुमा स्थानीय तहको कार्यक्षेत्र र यस तहबाट प्रदान गरिने सेवाको सम्वेदनशीलताप्रतिको पर्याप्त बोधको अभाव रहेको देखिन्छ भने उनीहरुमा कार्यउत्प्रेरणा र मनोवलको स्तर पनि पर्याप्त मात्रामा नरहेको अनुभूति गर्न सकिन्छ ।

(५) हालसालै स्थानीय तहमा समायोजन भइआएका कार्यालय र दरवन्दीको लागि पर्याप्त फर्निचर तथा अन्य उपकरणहरुको समेत अभाव भएको देखिन्छ ।

(६) स्पष्ट कार्यविवरण, संगठनको व्यावसायिक योजना एवं आवधिक योजनाको अभावमा कर्मचारीहरु बीच जिम्मेवारीको वितरण सन्तुलित किसिमले हुन सकेको देखिँदैन । कुनै कर्मचारीले अत्यन्त बोझिलो कार्यभार सम्हाल्नु परिरहेको अवस्था छ भने कुनै कर्मचारीले स्पष्ट जिम्मेवारी पाउन सकेका छैनन् । यसैगरी समायोजन पश्चात् दरवन्दी नै रिक्त नभएको स्थानमा समेत कर्मचारीहरुलाई हाजिर हुन पठाइएको जानकारी समेत प्रशासन शाखाबाट हुन आएको छ ।

(७) विद्यमान कर्मचारीहरुमध्ये के कति तालिम प्राप्त छन् र के कतिले तालिम पाउन सकेका छैनन् तथा निकट भविष्यमा कुन कर्मचारीलाई कस्तो तालिमको आवश्यकता छ भन्ने कुराको पनि एकीन भएको पाइँदैन । समग्रमा भन्नु पर्दा कर्मचारी विकास योजनाको अभाव देखिन्छ । यसर्थ पदगत

मानव कल्याण विकास समाज HWDC 2004 कञ्चनपुर (२०६१)

आवश्यकतानुरुप तालिम/प्रशिक्षण/जनशक्ति विकासको पर्याप्त व्यवस्था गरिनु पनि उत्तिकै आवश्यक देखिन्छ ।

(८) पाटन नगरपालिकाको वर्तमान संगठन संरचनाको अध्ययन गर्दा नगरसभाले गठन गरेका समिति/उप-समितिहरु, प्रमुख तथा उप-प्रमुख तथा वहाँहरुको सचिवालयलाई सुव्यवस्थित बनाउन र सहयोग गर्नका लागि स्पष्टरुपमा निजीसहायकको व्यवस्था गरेको पाइदैन ।

(९) नगरपालिकाको जिम्मेवारी र कार्यक्षेत्र अनुरुप कार्यसम्पादन, समन्वय र सुपरीवेक्षण सुहाउँदो क्षमता विकासको लागि पहल अपर्याप्त रहेको ।

(१०) व्यवस्थापन सूचना प्रणाली समय-सापेक्षढङ्गले सुदृढ हुन नसकेको कारणबाट सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउन नसकिएको, निर्णय प्रक्रिया छिटो-छरितो हुन नसकेको, संस्थागत स्मरणको अभाव खट्किएको र अभिलेख प्रणाली अद्यावधिक हुन नसकेको तथा सूचना प्रवाह प्रभावकारी बनाउन नसकिएको ।

(११) बार्षिक नगरविकास योजना तर्जुमा प्रक्रियालाई अझै बढी सहभागितामूलक बनाउन आवश्यक देखिएको ।

(१२) अनुगमन तथा मूल्याङ्कन संयन्त्र/प्रणाली अपेक्षितरुपमा प्रभावकारी हुन नसकेको ।

(१३) विषयगत योजनाहरु सञ्चालनको लागि संस्थागत व्यवस्थापनको प्रयास भएता पनि कार्यान्वयन पक्ष अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको ।

(१४) समावेशी विकासका प्रयासहरु समय सापेक्षरुपमा पर्याप्त हुन नसकेको ।

(१५) आन्तरिक सञ्चार र निर्णय प्रक्रियामा समय-सापेक्ष सुधारको आवश्यकता देखिएको र संगठनभित्र व्यवस्थापकीय नेतृत्व विकासका साथै जनशक्ति विकास योजना र सोको कार्यान्वयन जरुरी देखिएको ।

भाग-३

प्रस्तावित संगठन संरचना र दरवन्दी

३.१ संगठन संरचना र दरवन्दीमा सुधारको आवश्यकता


यस प्रतिवेदनको भाग २ को खण्ड २.५ मा उल्लेख भए अनुसार नगरपालिकाको वर्तमान क्षमता विकास, प्रशासन व्यवस्थापन, संगठनात्मक व्यवस्थापन, वित्त व्यवस्थापन, सूचना प्रविधि व्यवस्थापन, सुशासन व्यवस्थापन र समन्वय तथा सहकार्यको संस्कृतिको विकासको अवस्थामा सुधारका लागि विशेष पहल गर्नु पर्ने देखिन्छ। यसका लागि विद्यमान संगठन संरचना र दरवन्दीलाई समय-सापेक्ष तरिकाले परिमार्जन गर्नु आवश्यक छ भने प्रत्येक शाखा/उपशाखा/इकाइ/वडा कार्यालयको संस्थागत एवं पदगत जिम्मेवारी र कार्यविवरण स्पष्ट रुपमा निर्धारण गरी संस्थागत रुपमा र पदगत रुपमा सम्बन्धित निकाय/ पदाधिकारीलाई उत्तरदायी बनाउनु जरुरी छ। यसबाट कर्मचारी आफ्नो जिम्मेवारीप्रति सजग रहन सक्ने र कुनै कर्मचारीले जिम्मेवारी विहिन भएर बस्नुपर्ने अथवा कुनै कर्मचारीले अत्यधिक कार्यबोझ बोकीरहनु पर्ने विद्यमान अवस्थामा सुधार ल्याउन सकिन्छ।

३.२ प्रस्तावित संगठन संरचना र दरवन्दी विवरण

पाटन नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको प्रस्तावित संगठन संचना विवरण चित्र नं.-२ मा प्रस्तुत गरिएको छ। सबै वडा कार्यालयहरुको संगठन संरचना उस्तै हुने भएकोले सोको नमूना चित्र-.३ मा प्रस्तुत गरिएको छ।

चित्र-२ : पाटन नगरपालिकाको कार्यालयको प्रस्तावित संगठन संरचना

पाटन नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको प्रस्तावित संगठन संरचना



मानव कल्याण विकास केन्द्र HWDC 2004

३.३ पाटन नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको लागि प्रस्तावित दरवन्दी विवरण

पाटन नगरपालिका नगरकार्यपालिकाको कार्यालयको लागि देहाय बमोजिमको दरवन्दीहरु तालिका-२ मा प्रस्तुत गरिएको छ।

तालिका-२ : पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रस्तावित (स्थायी) दरवन्दी विवरण

क्र.सं	पद	तह	सेवा/समूह	प्रस्तावित	कैफियत
१	प्रमुख प्रशासकीय अधिकृत	रा.प.द्वितीय श्रेणी/तह-१०	प्रशासन/सा.प्र.	१	
२	उपनिर्देशक	तह-९/१०	इन्जि./सिभिल	१	
३	कन्सल्टेन्ट मेडिकल जनरलिष्ट	तह-९/१०	स्वा/मे.ज.	१	
४	मेडिकल अफिसर	तह-८	स्वा/ज हे.स.	२	
५	ईन्जिनियर/ सहायक निर्देशक	तह-७/८	इन्जि./सिभिल	१	
६	प्रशासकीय अधिकृत /सहायक निर्देशक	तह-७/८	प्रशासन/सा.प्र.	१	
७	लेखा अधिकृत/सहायक निर्देशक	तह-७/८	प्रशासन/लेखा	१	
८	अधिकृत	तह-७	स्वास्थ्य/स्वा.नि.	१	
९	शिक्षा अधिकृत /वरिष्ठ शिक्षा अधिकृत/ सहायक निर्देशक	तह-६/७/८	शिक्षा/शिक्षा प्रशासन)	१	
१०	कानुन अधिकृत/वरिष्ठ कानुन अधिकृत	तह-६/७	कानुन	१	
११	कृषि अधिकृत	तह-६	कृषि/बाली संरक्षण/बागवानी/ कृषिप्रसार	१	
१२	पशु विकास अधिकृत	तह-६	कृषि/भेट/लापोडेडो	१	
१३	आन्तरिक लेखापरीक्षण अधिकृत	तह-६	प्रशासन/लेखा	१	
१४	महिला विकास अधिकृत	तह-६	विविध/महिला विकास	१	
१५	सुचना प्रविधि अधिकृत	तह-६	विविध	१	
१६	योजना तथा अनुगमन अधिकृत	तह-६	प्र./सा.प्र.	१	
१७	आर्थिक विकास अधिकृत	तह-६	प्रशासन/सा.प्र.	१	
१८	इन्जिनियर	तह-६	इन्जि./सिभिल	१	
१९	अधिकृत	तह-६	स्वास्थ्य/स्वा.नि.	१	
२०	अधिकृत	तह-६	स्वास्थ्य/क.न. वा ज.न.	१	
२१	स्टाफ नर्स/सि.अ.न.मि.	तह-५/६/७,	ने.स्वा./ज.न.	१५	
२२	हेल्थ असिष्टेन्ट/सि.अ.हे.व	तह-५/६/७,	ने.स्वा./ हे.इ.	१३	
२३	ल्याव टेक्निसियन	तह-५/६/७	स्वा/ मे.ल्या.टे.	१	
२४	एनेथ्येटीक सहायक	तह-५/६/७	स्वा./एनेथ्येटीया	१	

HWDC 2004

क्र.सं	पद	तह	सेवा/समूह	प्रस्तावित	कैफियत
२५	रेडियोग्राफर	तह-५/६/७	स्वा./रेडियोग्राफी	१	
२६	अष्थाल्मिक सहायक	तह-५/६/७	स्वा./अष्थोमोलोजी	१	
२७	फार्मेसी सहायक	तह-५/६/७	स्वा./फार्मेसी.	१	
२८	कविराज	तह-५/६/७	स्वा./आर्युवेद	१	
२९	समुदाय स्वास्थ्य सहायक	तह-४/५/६,	ने.स्वा./हे.ई.	१८	
३०	समुदाय नर्स सहायक	तह-४/५/६,	ने.स्वा./हे.ई.	१८	
३१	अ.हे.ब.	तह-४	स्वा./स्वा.नि.	५	
३२	अ.न.मि.	तह-४	स्वा./क.न.	११	
३३	डेन्टल हाइजेनिष्ट	तह-४/५/६	स्वा./डेन्टीष्ट्री	१	
३४	लेखा सहायक	तह-५	प्रशासन/लेखा	२	
३५	प्रशासन सहायक	तह-५	प्रशासन/सा.प्र.	८	
३६	बडा सचिव (प्रशासन सहायक)	तह-५	प्रशासन/सा.प्र.	४	
३७	सब इन्जिनियर	तह ५	इन्जि./सिभिल	४	
३८	सब इन्जिनियर	तह-५	इन्जि./मेका	१	
३९	कृषि विकास सहायक,	तह-५	कृषि	२	
४०	प्राविधिक सहायक,	तह-५	शिक्षा/शिक्षा प्रशासन	१	
४१	पशु सेवा सहायक	तह-५	कृषि/भेट/लापोडेडो	२	
४२	उजुरी प्रशासक	तह-५	कानुन	१	
४३	सहायक महिला विकास निरीक्षक/ महिला विकास निरीक्षक	तह-४/५	विविध/महिला विकास	१	
४४	कम्प्यूटर अपरेटर	तह-५	विविध/कम्प्यूटर	१	
४५	अमिन	तह-४	इन्जि./सर्भे	१	
४६	प्रशासन सहायक	तह-४	प्रशासन/सा.प्र.	४	
४७	बडा सचिव	तह-४	प्रशासन/सा.प्र.	६	
४८	नायब कृषि विकास सहायक	तह-४	कृषि	२	
४९	नायब पशु सेवा सहायक	तह-४	कृषि/ भेट/लापोडेडो	२	
५०	असिष्टेन्ट सब इन्जिनियर	तह-४	इन्जि./सिभिल	८	
५१	ल्याब असिष्टेन्ट	तह-४	स्वा/ मे.ल्या.टे.	१०	
५२	सहायक लेखापाल	तह-४	प्रशासन/लेखा	१	
	कुल दरबन्दी			१६९	

मानव कल्याण विकास संस्था HWDC 2004 कञ्चनपुर (२०६१)

तालिका-३ : करारका प्रस्तावित दरवन्दीहरु

क्र.स.	पद	तह	सेवा/समुह	प्रस्तावित	कैफियत
१	खेलकूद प्रशिक्षक	तह-५	शिक्षा/प्रशासन	१	
२	उजुरी प्रशासक	तह-५	कानून/न्यायिक समिति	१	
३	नगर प्रहरी हवल्दार	तह-३	प्रशासन नगर प्रहरी	१	
४	नगर प्रहरी जवान	तह-२	नगर प्रहरी	४	
५	भारी सवारी चालक	तह विहिन	मेका/ईन्जि	२	
६	हलुका सवारी चालक	तह विहिन	मेका/ईन्जि	३	
७	कार्यालय सहयोगी, कुचिकार	तह विहिन	प्रशासन/सा.प्र.	५३	
८	पाले	तह विहिन	प्रशासन/सा.प्र.	२	
९	औषधी कुटुवा	तह विहिन	स्वास्थ्य/आयुर्वेद	१	
कुल दरवन्दी				६८	

नोटः रोजगार संयोजक, रोजगार सहायक, र एम.आई.एस. अपरेटर जस्ता प्रधानमन्त्री रोजगार परियोजना र यस्तै किशमका अन्य परियोजना विशेष अन्तर्गतका करारका पदहरुलाई करारमा उल्लेख नगरिएको यी परियोजनाहर सञ्चालनमा रहदासम्म करारका पदहरु कायम रहन सक्ने ।



३.४ पाटन नगरपालिकाको लागि प्रस्तावित दरवन्दीको थपघटको विवरण

पाटन नगरपालिका नगरकार्यपालिकाको कार्यालयको लागि साविक र प्रस्तावित दरवन्दी बीच थप/घटको अवस्था देहाय बमोजिम तालिका-४ मा प्रस्तुत गरिएको छ ।

तालिका- ४ : विद्यमान र प्रस्तावित (स्थायी) दरवन्दी बीच थप/घटको विवरण

क्र.सं	पद	तह	सेवा/समूह	विद्यमान	प्रस्तावित	थप	घट	कैफियत
१	प्रमुख प्रशासकीय अधिकृत	रा.प.द्वितीय श्रेणी/तह-१०	प्रशासन/सा.प्र.	१	१	०	०	
२	उपनिर्देशक/निर्देशक,	तह-९/१०	शिक्षा/शिक्षा प्रशासन	१	०	०	१	
३	उपनिर्देशक	तह-९/१०	इन्जि./सिभिल	१	१	०	०	
४	कन्सल्टेन्ट मेडिकल जनरलिष्ट	तह-९/१०	स्वा/मे.ज.	०	१	१	०	
५	मेडिकल अफिसर	तह-८	स्वा/ज हे.स.	१	२	१	०	
	पशु चिकित्सक	तह-८	कृषि भेट	१	०	०	१	
६	ईन्जिनियर/ सहायक निर्देशक	तह-७/८	इन्जि./सिभिल	२	१	०	१	
७	प्रशासकीय अधिकृत /सहायक निर्देशक	तह-७/८	प्रशासन/सा.प्र.	१	१	०	०	
८	लेखा अधिकृत/सहायक निर्देशक	तह-७/८	प्रशासन/लेखा	१	१	०	०	
९	अधिकृत	तह-७	स्वास्थ्य/स्वा.नि.	१	१	०	०	
१०	शिक्षा अधिकृत /वरिष्ठ शिक्षा अधिकृत/ सहायक निर्देशक	तह-६/७/८	शिक्षा/शिक्षा प्रशासन)	१	१	०	०	
११	कृषि अधिकृत	तह-७/८	कृषि/भेट	१	०	०	१	
१२	कानुन अधिकृत/वरिष्ठ कानुन अधिकृत	तह-६/७	कानुन	०	१	१	०	
१३	कृषि अधिकृत	तह-६	कृषि/वाली संरक्षण/वागवानी/ कृषिप्रसार	०	१	१	०	
१४	पशु विकास अधिकृत	तह-६	कृषि/भेट/लापोडेडो	१	१	०	०	
१५	आन्तरिक लेखापरीक्षण अधिकृत	तह-६	प्रशासन/लेखा	१	१	०	०	
१६	राजस्व अधिकृत	तह-६	प्रशासन/सा.प्र.	०	०	०	०	
१७	महिला विकास अधिकृत	तह-६	विविध/महिला विकास	१	१	०	०	
१८	सूचना प्रविधि अधिकृत	तह-६	विविध	१	१	०	०	

मानव कल्याण विकास केन्द्र HWDC 2004 कञ्चनपुर (२०६१)

क्र.स.	पद	तह	सेवा/समुह	विद्यमान	प्रस्तावित	थप	घट	कैफियत
१९	योजना तथा अनुगमन अधिकृत	तह-६	प्रसा.प्र.	०	१	१	०	
२०	आर्थिक विकास अधिकृत	तह-६	प्रशासन सा.प्र.	०	१	१	०	
२१	अधिकृत प्रशासन	तह-६	प्रशासन सा.प्र.	२	०	०	२	
२२	ईन्जिनियर	तह-६	ईन्जि, सिभिल	०	१	१	०	
२३	अधिकृत	तह-६	स्वास्थ्य/स्वा.नि.	१	१	०	०	
२४	अधिकृत	तह-६	स्वास्थ्य/क.न.वा. ज.न.	१	१	०	०	
२५	स्टाफ नर्स सि.अ.न.मि.	तह-५/६/७,	ने.स्वा. /ज.न.	०	१५	१५	०	
२६	हल्थ असिष्टेन्ट सि.अ.हे.ब.	तह-५/६/७,	ने.स्वा./हे.ई.	०	१३	१३	०	
२७	ल्याब टेक्निसियन	तह-५/६/७,	स्वा./मे.ल्या.टे.	०	१	१	०	
२८	एनोथिटेक सहायक	तह-५/६/७,	स्वा./एनेष्थेटिया	०	१	१	०	
२९	रेडियोग्राफर	तह-५/६/७,	स्वा./रेडियोग्राफी	०	१	१	०	
३०	अप्यान्सिक सहायक	तह-५/६/७,	स्वा/अप्थिोमोलोजी	०	१	१	०	
३१	फार्मेसी सहायक	तह-५/६/७,	स्वा/फार्मेसी	०	१	१	०	
३२	कविराज	तह-५/६/७,	स्वा/आयुर्वेद	०	१	१	०	
३३	समुदाय स्वास्थ्य सहायक	तह-४/५/६,	ने.स्वा./हे.ई.	१२	१८	६	०	
३४	समुदाय नर्स सहायक	तह-४/५/६,	ने.स्वा./हे.ई.	५	१८	१३	०	
३५	अ.हे.ब.	तह-४	स्वा./स्वा.नि.	५	५	०	०	
३६	अ.न.मि.	तह-४	स्वा./क.न.	१२	११	०	१	
३७	डेन्टल हाईजेनिष्ट	तह-४/५/६,	स्वा./डेन्टीष्टि	०	१	१	०	
३८	लेखा सहायक	तह-५	प्रशासन लेखा	१	२	१	०	
३९	प्रशासन सहायक	तह-५	प्रशासन सा.प्र.	५	८	३	०	
४०	वडा सचिव प्रशासन सहायक	तह-५	प्रशासन सा.प्र.	५	४	०	१	
४१	सव ईन्जिनियर	तह-५	ईन्जि, सिभिल	४	४	०	०	
४२	सव ईन्जिनियर,	तह-५	ईन्जि, मेका	०	१	१	०	
४३	कृषि विकास सहायक,	तह-५	कृषि	२	२	०	०	
४४	प्राविधिक सहायक	तह-५	शिक्षा प्रशासन	१	१	०	०	
४५	पशु सेवा सहायक	तह-५	कृषि भेट लापोडेडो	१	२	१	०	



क्र.सं	पद	तह	सेवा/समूह	विद्यमान	प्रस्तावित	थप	घट	कैफियत
४७	सहायक महिला विकास निरीक्षक/ महिला विकास निरीक्षक	तह-४/५	विविध/महिला विकास	१	१	०	०	
४८	कम्प्यूटर अपरेटर	तह-५	विविध/कम्प्यूटर	०	१	१	०	
४९	अमिन	तह-४	इन्जि./सर्भे	१	१	०	०	
५०	प्रशासन सहायक	तह-४	प्रशासन/सा.प्र.	२	४	२	०	
५१	वडा सचिव	तह-४	प्रशासन/सा.प्र.	६	६	०	०	
५२	नायव कृषि विकास सहायक	तह-४	कृषि	२	२	०	०	
५३	नायव पशु सेवा सहायक	तह-४	कृषि/भेट/लापोडेडो	३	२	०	१	
५४	असिष्टेन्ट सव इन्जिनियर	तह-४	इन्जि./सिभिल	८	८	०	०	
५५	ल्याव असिष्टेन्ट	तह-४	स्वा/ मे.ल्या.टे.	०	१०	१०	०	
५६	लघु उद्यम विकास सहायक	तह-४	विविध	२	०	०	२	
५७	सहायक लेखापाल	तह-४	प्रशासन/लेखा	१	१	१	०	
	कूल दरबन्दी			९९	१६९	८२	१२	

तालिका-५: बिद्यमान र प्रस्तावित (करार) दरवन्दी बीच थप/घटको विवरण

क्र.स.	पद	तह	सेवा/समुह	विद्यमान	प्रस्तावित	थप	घट	कैफियत
१	रोजगार संयोजक	६	विविध	१	०	०	१	
२	रोजगार सहायक	५	विविध	१	०	०	१	
३	खेलकुद प्रशिक्षक	तह-५	शिक्षा/खेलकुद	०	१	१	०	
४	उजुरी प्रशासक	तह-५	कानुन/न्यायिक	०	१	१	०	
५	एमआईएस अपरेटर	तह-५	विविध	२	०	०	२	
६	फिल्ड सहायक	तह-४	विविध/कम्प्युटर	१	०	०	१	
७	सहायक कम्प्युटर अपरेटर	तह-४	विविध	१	०	०	१	
८	पोषण स्वंय सेवक	तह-४	विविध	१	०	०	१	
९	नगर प्रहरी हवल्दार	तह-३	प्रशासन/नगर प्रहरी	०	१	१	०	
१०	नगर प्रहरी जवान	तह-२	प्रशासन/नगर प्रहरी	०	४	४	०	
११	सामाजिक परिचालक	तहविहिन	विविध	६	०	०	६	
१२	भारी सवारी चालक	तहविहिन	मेका/ईन्जि	०	२	२	०	
१३	हलुका सवारी चालक	तहविहिन	मेका/ईन्जि	०	३	३	०	
१४	कार्यालय सहयोगी, कुचिकार	तहविहिन	प्रशासन/सा.प्र.	२४	५३	२९	०	
१५	पाले	तहविहिन	प्रशासन/सा.प्र.	०	२	२	०	
१६	औषधी कुटुवा	तहविहिन	स्वास्थ्य/आयुर्वेद	०	१	१	०	
कुल दरबन्दी				३७	६८	४४	१३	



३.५ प्रस्तावित दरवन्दी बमोजिम संस्थागत (शाखागत) विवरण

प्रस्तावित दरवन्दी बमोजिम संस्थागत (शाखा/उपशाखा/इकाइगत) विस्तृत विवरण तालिका- ६ मा प्रस्तुत गरिएको छ।

तालिका-६ : संस्थागत शाखा/उपशाखा/इकाइगत) विस्तृत विवरण

क्र.सं.	शाखा, उपशाखा, इकाइको नाम	दरवन्दी संख्या	जम्मा	कैफियत
(१)	**प्रमुख प्रशासकीय अधिकृत (रा.प.द्वितीय श्रेणी/प्रशासन/सा.प्र.)**	१	१	
जम्मा			१	
(२)	**आन्तरिक लेखापरीक्षण शाखा**			
	१. आन्तरिक लेखापरीक्षण अधिकृत, (तह-६ प्रशासन/लेखा/आ.ले.प.)	१		
जम्मा			१	
(३)	**प्रशासन शाखा**			
	१.वरिष्ठ प्रशासकीय अधिकृत /सहायक निर्देशक (तह-७/८ प्रशासन/सा.प्र.)	१		
	२. प्रशासन सहायक (तह-५/प्रशासन/सा.प्र.)	१		
	३. कम्प्यूटर अपरेटर, (तह-५, विविध/कम्प्यूटर)	१		
	४. भारी सवारी चालक (दमकल/टिपर) तहविहिन/इन्जि./मेका.)	२		
	५. हलुका सवारी चालक (तहविहिन/इन्जि./मेका.)	२		
	६. कार्यालय सहयोगी /कुचीकार (तहविहिन/प्रशासन/सा.प्र.)	८		
	७. पाले (तहविहिन/प्रशासन/सा.प्र.)	२		
जम्मा			१७	
	(क) जिन्सी व्यवस्थापन उपशाखा			
	१. प्रशासन सहायक (तह-५/प्रशासन/सा.प्र.)	१		
जम्मा			१	
	(ख) दर्ता/चलानी तथा हेल्पडेस्क			
	१. प्रशासन सहायक (तह-४ प्रशासन/सा.प्र.)	१		
जम्मा			१	
	(ग) नगरप्रहरी इकाइ			
	१. नगर प्रहरी हवल्दार (तह-३, प्रशासन/नगरप्रहरी)	१		
	२. नगर प्रहरी जवान (तह-२, प्रशासन/नगरप्रहरी)	४		
जम्मा			५	
	(घ) सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा			

क्र.सं.	शाखा, उपशाखा, इकाइको नाम	दरवन्दी संख्या	जम्मा	कैफियत
	१. प्रशासन सहायक (तह-५ प्रशासन/सा.प्र.)	१		
जम्मा			१	
	(ङ) कानुन शाखा			
	१. कानुन अधिकृत/वरिष्ठ कानुन अधिकृत (तह-६/७ कानुन)	१		
	२. उजुरी प्रशासक (तह-५ कानुन)	१		
जम्मा			२	
(४)	आर्थिक प्रशासन शाखा			
	१. वरिष्ठ लेखा अधिकृत/सहायक निर्देशक (तह-७/८ प्रशासन/लेखा)	१		
	२. लेखा सहायक (लेखापाल) (तह-५/प्रशासन/लेखा)	१		
	३.सहायक लेखापाल) (तह-४/प्रशासन/लेखा)	१		
जम्मा			३	
(५)	योजना तथा अनुगमन शाखा			
	१. योजना तथा अनुगमन अधिकृत, (तह ५।६, प्र./सा.प्र.)	१		
	२. प्रशासन सहायक तह ५ प्रशासन । सा.प्र.	१		
जम्मा			२	
(६)	सूचना प्रविधि शाखा			
	१. सूचना प्रविधि अधिकृत (तह-६, विविध)	१		
जम्मा			१	
(७)	पूर्वाधार विकास शाखा			
	१. वरिष्ठ इन्जिनियर/ उप निर्देशक (तह-९/१० इन्जि./सिभिल)	१		
	२. वरिष्ठ इन्जिनियर (तह-७/८ इन्जि./सिभिल)	१		
जम्मा			२	
(८)	भवन तथा वस्ती विकास इकाई			
	१. इन्जिनियर, (तह-६, इन्जि./सिभिल)	१		
	२. सब इन्जिनियर (तह-५ इन्जि./सिभिल)	१		
	३. अमिन (तह-४, इन्जि./सर्भे)	१		
जम्मा			३	
(९)	सडक, सिचाई र अन्य पूर्वाधार इकाई			
	१. सव इन्जिनियर (तह-५ , इन्जि./सिभिल)	१		
जम्मा			१	

क्र.सं.	शाखा, उपशाखा, इकाइको नाम	दरवन्दी संख्या	जम्मा	कैफियत
(१०)	**वातावरण, विपद् तथा फोहोरमैला व्यवस्थापन उपशाखा**			
	१. सव इन्जिनियर (तह-५, इन्जि./मेका)	१		
जम्मा			१	
(११)	**आर्थिक विकास शाखा**			
	१. आर्थिक विकास अधिकृत, (तह-६, प्रशासन/सा.प्र.)	१	१	
	(क) उद्योग, पर्यटन तथा व्यवसाय प्रवर्द्धन उपशाखा			
	१. प्रशासन सहायक (तह-४, प्रशासन/सा.प्र.)	१	१	
	(ख) सहकारी समन्वय उपशाखा			
	१. प्रशासन सहायक (तह-४/प्रशासन/सा.प्र.)	१	१	
(१२)	**कृषि विकास शाखा**			
	१. कृषि विकास अधिकृत तह-६।७ (कृषि/कृषि प्रसार/वाली संरक्षण/वागवानी)	१		
	२. कृषि विकास सहायक, तह-५ (कृषि/कृषि प्रसार/वाली संरक्षण/वागवानी)	२		
	३. नायव कृषि विकास सहायक, तह-४ (कृषि/कृषि प्रसार/वाली संरक्षण/वागवानी)	२		
जम्मा			५	
(१३)	**पशु विकास शाखा**			
	१. पशु विकास अधिकृत तह-७। ८ (कृषि/भेट/लापोडेडो)	१		
	२. पशु सेवा सहायक, तह-५ (कृषि/भेट/लापोडेडो)	२		
	३. नायव पशु सेवा सहायक, तह-४ (कृषि/भेट/लापोडेडो)	२		
जम्मा			५	
(१४)	**शिक्षा युवा तथा खेलकुद शाखा**			
	१ शिक्षा अधिकृत /वरिष्ठ शिक्षा अधिकृत/ सहायक निर्देशक (तह-६/७/८ शिक्षा/शिक्षा प्रशासन)	१		
	२. प्राविधिक सहायक, (तह-५, शिक्षा/शिक्षा प्रशासन)	१		
	३. खेलकूद प्रशिक्षक, (तह-५, शिक्षा/खेलकूद)	१		
जम्मा			३	
(१५)	**महिला बालवालिका तथा ज्येष्ठ नागरीक शाखा**			
	१. महिला विकास अधिकृत, (तह-६ विविध/महिला विकास)	१		
	२. महिला विकास निरीक्षक/सहायक महिला विकास निरीक्षक(तह-४/५, विविध/महिला विकास)	१		

मानव कल्याण विकास केन्द्र HWDC 2004 धनगढी (२०६१)

क्र.सं.	शाखा, उपशाखा, इकाइको नाम	दरवन्दी संख्या	जम्मा	कैफियत
जम्मा			२	
(१६)	**स्वास्थ्य शाखा**			
	१.जनस्वास्थ्य अधिकृत (तह-७/ ८ स्वास्थ्य/हे.ई.)	१		
	२. अधिकृत (तह-६, स्वास्थ्य/हे.ई.)	१		
	३. स्टाफ नर्स (तह- ५।६ स्वास्थ्य । (प.हे.न.)	१		
जम्मा			३	
(१७)	**पाटन आधारभूत अस्पताल, पाटन**			
	१.कन्सल्टेन्ट मेडिकल जनरलिष्ट (तह-९/१०, स्वास्थ य /ज.मे.)	१		
	२. मेडिकल अफिसर (तह-८, स्वास्थ्य /ज.हे.स.)	२		
	३. स्टाफ नर्स (तह-५/६/७, (स्वास्थ्य/स्वा./न.)	६		
	४.हेल्थ असिष्टेन्ट (तह-५/६/७, स्वास्थ्य /स्वा.नि.)	४		
	५.कविराज (तह-५/६/७ स्वास्थ्य/आर्युवेद).	१		
	६.ल्याव टेक्नीशियन (तह-५/६/७, स्वा./ मे. ल्या. टेक्नोलोजी)	१		
	७.रेडियोग्राफर (तह-५/६/७, स्वा./रेडियोग्राफी)	१		
	८.फार्मेसी सहायक (तह-५/६/७, स्वा./फार्मेसी.)	१		
	९.डेन्टल हाइजिनिष्ट (तह-४/५/६, स्वा./डेन्टीष्ट्री.)	१		
	१०.एनेष्थेटीक सहायक (तह-५/६/७, स्वा./एनेष्थेटिया.)	१		
	११.अष्थाल्मिक सहायक (तह-५/६/७, स्वा./अष्थोलोमोजी.)	१		
	१२.प्रशासन सहायक (स्टोर किपर) (तह-५, प्रशासन./सा.प्र.)	१		
	१३.प्रशासन सहायक हाउस किपर (तह-५, प्रशासन./सा.प्र.)	१		
	१४.प्रशासन सहायक (तह-५, प्रशासन./सा.प्र.)	१		
	१५.लेखा सहायक (तह-५, प्रशासन./लेखा)	१		
	१६. ल्याब असिष्टेन्ट (तह-४,स्वा./स्वा.ल्या.टे.)	१		
	१७.सवारी चालक (तहविहिन, इन्जि/मेका.)	१		
	१८.औषधी कुटुवा (तहविहिन, स्वास्थ्य/आर्युवेद).	१		
	१९.कार्यालय सहयोगी /कुचीकार (तहविहिन, प्रशासन/सा.प्र.)	६		
	जम्मा		३३	
(१८)	**आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु (सकार,सिलङ्ग, गुजर, भुमेश्वर,वसन्तपुर, कैलपाल, सिद्धेश्वर, टकरे, सिद्धपुर) प्रत्येकका लागि**			
	१. हेल्थ असिष्टेन्ट/सि.अ.हे.व (तह-५/६/७, ने.स्वा./हे.ई.)	९		१×९

सानव कल्याण विकास HWDC 2004

क्र.सं.	शाखा, उपशाखा, इकाइको नाम	दरवन्दी संख्या	जम्मा	कैफियत
	२. स्टाफ नर्स/सि.अ.न.मि. (तह-५/६/७, ने.स्वा./ज.न.)	९		१×९
	३. ल्याब असिष्टेन्ट (तह-४/५/६,स्वा./मे.ल्या.टे.)	९		१×९
	४. समुदाय स्वास्थ्य सहायक (तह-४/५/६,ने.स्वा./हे.ई.)	१८		२×९=१८
	५. समुदाय नर्स सहायक (तह-४/५/६,ने.स्वा./हे.ई.)	१८		२×९=१८
	६.कार्यालय सहयोगी /कुचीकार (तहविहिन, प्रशासन/सा.प्र.)	१८		२×९=१८
	जम्मा		८१	
(१९)	**नगर वास्थ्य केन्द्रहरु (बयलचौरा, ढुङ्गेली, गुरुडा, ओदाली, उपल्लावाटुला) प्रत्येकका लागि**			
	१. अ.हे.व. तह-४, स्वा./स्वा.नि.	५		१×५
	२.अ.न.मि.तह-४ स्वा./क.न.	५		१×५
	३.कार्यालय सहयोगी /कुचीकार (तहविहिन, प्रशासन/सा.प्र.)	५		१×५
	जम्मा		१५	
(२०)	**प्रसुती केन्द्रहरु (सकार, पदमपुर, चिल्लेपानी, कुडी ढकाली, देवल, ज्याफू) प्रत्येकका लागि दरबन्दी**			
	१.अ.न.मि.तह-४ स्वा./क.न.	६		१×६
	२.कुचीकार (तहविहिन, प्रशासन/सा.प्र.)	६		१×६
जम्मा			१२	
(२१)	**राजश्व शाखा**			
	१. प्रशासन सहायक (तह-५, प्रशासन/सा.प्र.)	१		
	२. प्रशासन सहायक (तह-४, प्रशासन/सा.प्र.)	१		
जम्मा			२	
(२२)	**वडा कार्यालयहरु (१० वटा)**			
	१. वडा सचिव (प्रशासन सहायक, (तह-५, प्रशासन/सा.प्र.)	४		१×४
	२. सव इन्जिनियर (तह ५ -इन्जि./सिभिल)	२		१×२
	३. वडा सचिव, (तह-४/प्रशासन/सा.प्र.)	६		१×६
	४. असिष्टेन्ट सव इन्जिनियर (तह ४ -इन्जि./सिभिल)	८		१×८

नवल कल्याण विकास संस्था HWDC 2004 कञ्चनपुर (२०६१)

क्र.स.	शाखा, उपशाखा, इकाईको नाम	दरवन्दी संख्या	जम्मा	कैफियत
	५. कार्यालय सहयोगी(तह विहिन/प्रशासन/सा.प्र.	१०		१*१०
	जम्मा		३०	
कुल जम्मा दरवन्दी-(स्थायी र करार) (१६८ + ६८ २३६				




३.६ वडा कार्यालयहरु (१० वटा) को संगठन संरचना

पाटन नगरपालिका को वडा नं.१ देखि वडा नं. १० सम्म प्रत्येक वडामा रहने दरवन्दीहरु देहाय बमोजिम हुने गरी चित्र-३ प्रस्तुत गरिएको छ ।

चित्र-३ : वडागत संगठन संरचना र दरवन्दी

चित्र-३ : वडा कार्यालयको संगठन संरचना

(१० वटै वडा कार्यालयको संगठन संरचना यही अनुसार प्रस्तावित गरिएको छ)



मानव कल्याण विकास केन्द्र
HWDC
2004
काठमाडौं (२०६१)

भाग-४

प्रस्तावित संगठन संरचना र दरवन्दी अनुरुपको कार्यबिवरण

४.१ संस्थागत कार्यबिवरण

नगरपालिका कार्यालयको प्रस्ताव गरिएको शाखा, उपशाखा र इकाइ, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र एवं वडा कार्यालयहरुको कार्यविवरण निम्न बमोजिम हुनेछ । संस्थाको कार्यजिम्मेवारी, उत्तरदायित्व एवं अधिकारक्षेत्रको विस्तार वा थपघट हुँदा सोही बमोजिम परिमार्जन गर्नु पर्दछ ।

(१) प्रमुख प्रशासकीय अधिकृत, (तह-१०/प्रशासन/सा.प्र.)

नगरकार्यपालिका कार्यालयको मुख्य प्रशासकीय अधिकारीको रुपमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

(क) प्रशासन, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह सम्बन्धी कार्य

- नगरपालिका नगरकार्यपालिका निर्देशनमा रही प्रचलित कानून अनुरुप नगरपालिका को सम्पूर्ण प्रशासनिक काम कारवाही गर्ने/गराउने ।
- नगरपालिकाको सम्पूर्ण कर्मचारीहरुको प्रशासनिक रेखदेख र नियन्त्रण गर्ने ।
- नगरपालिकाको निर्णय अनुसार पदपूर्ति समितिले सिफारिश गरेको उम्मेदवारलाई नियुक्ति दिने
- नगरपालिकाका कर्मचारीहरुको पदस्थापन, काज, सरुवा, बढुवा, विदा, पुरस्कार, दण्डसजाय, राजिनामा, वरबुझारथ र अवकाश सम्वन्धी कार्य गर्ने/गराउने ।
- नगरपालिकाका कर्मचारीहरुको असाधारण विदा र अध्ययन विदा स्वीकृतिका लागि सिफारिस गर्ने ।
- नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्ने/गराउने ।
- नगरपालिकाको जनशक्ति विकास योजना तयार गरी लागु गर्ने/गराउने ।
- नगरपालिकामा मानव संशाधन विकास केन्द्रको स्थापना र संचालनको व्यवस्था मिलाउने ।
- नगरपालिका को कार्यसम्पादनलाई प्रभावकारी बनाउन समय समयमा संगठन विकास सम्वन्धी अध्ययन गरी/गराई संगठन संरचना तथा दरवन्दी प्रस्तावित गरी स्वीकृतिका लागि पेश गर्ने ।
- नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुको कार्यविवरण तयार गरी/परिमार्जन गरी प्रत्येक आर्थिक वर्षको पहिलो हप्ताभित्र सम्वन्धित कर्मचारीलाई उपलब्ध गराउने ।
- स्वीकृत संगठन संरचना र कार्यविवरण अनुसार कार्यालय संचालन गर्ने तथा सो अनुरुप भए/ नभएको अनुगमन गर्ने ।

HWDC 2004

- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गरी नगरपालिका क्षेत्रभित्रको जनसंख्याको लगत दुरुस्त राख्न लगाउने ।
- नगरपालिकामा दायर भएका मुद्दाको मिसिल जिम्मा लिने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।
- वडा कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाउने ।
- नगरपालिकाको कार्यालयको तर्फबाट गर्नुपर्ने सिफारिस, प्रमाणित, राय, प्रतिक्रिया, फिराद, प्रत्युत्तर आदि कार्य गर्ने/गराउने ।
- नगरपालिकाका सेवा निवृत्त कर्मचारीहरुको प्रचलित कानून बमोजिम निवृत्तिभरण, उपदान, र औषधी उपचार सम्बन्धी कार्यहरु गर्ने/गराउने ।
- कार्यालयमा जनसम्पर्क, सोधपुछ कक्ष, सहायक कक्ष, उजुरीपेटीका, प्रतिक्षालय, गुनासो सुनुवाइ आदिको व्यवस्था मिलाउने ।
- तोकिए बमोजिम विभिन्न समिति, उपसमिति र कार्यदल आदिमा प्रतिनिधित्व गर्ने/गराउने र वैठक, गोष्ठी, सेमिनार, कार्यशाला आदिमा भाग लिने/लिन लगाउने ।
- कार्यवोझको आधारमा कर्मचारीहरुको काम र जिम्मेवारीको वाँडफाँड गरी अधिकार प्रत्यायोजन गर्ने/गराउने ।
- नागरिक वडापत्रको तयारी, परिमार्जन, कार्यान्वयन र अनुगमन सम्बन्धी कार्य गर्ने/गराउने ।
- नगरपालिकाको आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने/गराउने ।
- विदेशी स्वयंसेवकको सुपरीवेक्षक र Counterpart को रुपमा काम गर्ने/गराउने ।
- नगरपालिकाको कामकारवाही वारे सार्वजनिक सुनुवाइको प्रवन्ध गर्ने ।

(ख) वैठक व्यवस्थापन सम्बन्धी कार्य

- सभा तथा नगरपालिकाको सचिव भई काम गर्ने ।
- नगरकार्यपालिकाको निर्देशनमा नगरपालिकाका वैठकको एजेण्डा तयार गर्ने/गर्न लगाउने ।
- नगरकार्यपालिकाको आदेश वमोजिम नगरपालिकाको वैठक बोलाउने ।
- नगरपालिकाको वैठकमा उपस्थित भई वैठक व्यवस्थापन सम्बन्धी काम गर्ने लगाउने ।
- बैठकको निर्णय उतार प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने व्यवस्था मिलाउने ।
- नगरसभा र नगरपालिकाको वैठकमा उपस्थित भई निर्णयको माइन्यूट गर्ने/गराउने एवं निर्णय पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

मानव कल्याण विकास समिति HWDC 2004 कञ्चनपुर (२०६१)

- नगरपालिकाको रेखदेख तथा निर्देशनमा रही नगरसभा तथा नगरपालिकाको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

(ग) श्रोत व्यवस्थापन र आर्थिक प्रशासन सम्वन्धी कार्य

- नगरपालिकाको क्षेत्रभित्रको प्राकृतिक, मानवीय, पुरातात्विक, धार्मिक, सांस्कृतिक, प्राविधिक तथा अन्य श्रोत-सम्पदाहरुको पहिचान गर्ने, लगत राख्ने तथा राख्न लगाउने र उपयुक्त व्यवस्थापन गर्ने/गराउने ।
- नगरपालिकाको राजश्व योजना तयार गरी कार्यान्वयन गर्ने/गराउने ।
- राजश्व असूली कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने/गर्न लगाउने ।
- जिन्सी माल सामानको खरीद, भण्डारण, वितरण र मर्मत संभारको व्यवस्था मिलाउने ।
- नगरकार्यपालिकाको समन्वयमा रही आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै नगरपालिकाको आयव्ययको वजेट तयार गरी/गर्न लगाई स्वीकृतिका लागि सभामा पेश गर्ने ।
- स्वीकृत वजेटको परिधिभित्र रही निर्णय कार्यान्वयन गर्नको लागि खर्च गर्ने ।
- नगरपालिकाको आय-व्ययको हिसाव राख्ने/राख्न लगाउने ।
- नगरपालिकाको आम्दानी खर्चको लेखापरीक्षण गराउने, वेरुजु फछ्यौंट गराउने र वेरुजु रकम कानून वमोजिम असूल उपर गर्ने/गराउने ।
- नगरपालिकाको चल-अचल सम्पत्तिको जिन्सी लगत राख्ने र संरक्षण गर्ने/गर्न लगाउने ।
- आर्थिक प्रशासन सम्वन्धी कानूनले तोके वमोजिम लागत अनुमान र दरभाउपत्र स्वीकृत गर्ने ।
- वर्षमा दुइपटक नगरपालिकाका जिन्सी सामानहरुको निरीक्षण गर्ने/गराउने ।
- आर्थिक प्रशासन सम्वन्धी नियमावली अनुसार जिन्सी सामानको लिलाम विक्री र मिन्हा सम्वन्धी कार्य गर्ने/गराउने ।
- माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट, जिन्सी व्यवस्थापन र जिन्सी निरीक्षण जस्ता भण्डारण व्यवस्थापन सम्वन्धी कार्यहरु गर्ने/गराउने ।
- नगरपालिकाद्वारा संचालित आयोजनाहरुको सामाजिक परीक्षणको व्यवस्था गर्ने/गराउने ।
- सामाजिक सुरक्षा सम्वन्धी लगत तयार गर्ने, परिचय-पत्र वितरण, भत्ता निकासा माग र वितरण गर्ने/गराउने ।

(घ) योजना व्यवस्थापन सम्वन्धी कार्य

- नगरपालिकाको नीति निर्माण तथा दीर्घकालीन, आवधिक र वार्षिक योजना तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने ।

मानव कल्याण HWDC 2004 कञ्चनपुर (२०६१)

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेबमोजिम सहभागितामूलक प्रकृयाद्वारा नगरविकास योजना तर्जुमा गर्ने/गराउने ।
- सभाबाट स्वीकृत आयोजनाको संचालन गर्न आयोजना संचालन तालिका तयार गरी कार्यान्वयन गर्ने/गराउने ।
- विभिन्न दातृ संस्था र नगरपालिका बीचको सम्झौता कार्यान्वयन गर्ने/गराउने ।
- वडास्तरीय योजनाको कार्यान्वयन गर्दा वडा समितिलाई क्रियाशील गराउने ।
- योजना तथा कार्यक्रमहरुको प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी, जाँचपास र फरफारक सम्बन्धी कार्य गर्ने/गराउने ।
- सञ्चालित योजनाहरुको आवधिक रुपमा प्रगति विवरण तयार गरी समीक्षा गर्ने/गराउने र सम्बन्धित निकायमा नियमित रुपमा पठाउने व्यवस्था गर्ने ।
- सञ्चालित योजनाहरुको नियमित सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकनको व्यवस्था मिलाउने ।

(ङ) सूचना व्यवस्थापन, समन्वय र सहजीकरण सम्बन्धी कार्य

- नगरसूचना केन्द्रको स्थापना गरी संचालन गर्ने/गराउने ।
- नगरपालिकाको वस्तुगत विवरण (प्रोफाइल) तयार गरी प्रकाशन र अद्यावधिक गर्ने/गराउने ।
- नगरपालिकाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणाली (GIS), गरिवी नक्साङ्कन, सेवा क्षेत्र विभाजन सम्वन्धी विवरण अद्यावधिक गर्ने/गराउने ।
- नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय तह, विषयगत कार्यालयहरु, गैरसरकारी सघ-संस्थाहरु, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय गर्ने/गराउने ।
- नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय तह, विषयगत कार्यालयहरु, गैर-सरकारी संघ संस्थाहरु, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय गर्ने/गराउने ।
- सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्यसम्पादन गर्ने/गराउने व्यवस्था मिलाउने ।
- नगरपालिका क्षेत्रभित्रका गैर-सरकारी संस्थाहरुको लगत राख्न लगाउने र सामुदायिक संस्थाहरुलाई सूचीकृत गर्ने/गराउने ।

(च) विविध कार्य

- समाज परिचालन सम्वन्धी काम गर्ने/गराउने ।
- नेपाल सरकारबाट अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिमा हस्ताक्षर भई नगरपालिकालाई जिम्मेवार बनाइएका विषयहरुलाई कार्यान्वयन गर्ने/गराउने ।

HWDC 2004

- तोकिएको कार्यसम्पादन गर्दा नीतिगत र कानूनी समस्या आएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निकासा लिई निर्देशन भए बमोजिम गर्ने/गराउने ।
- विकास निर्माणका कार्य गर्दा सिर्जना हुने द्वन्द्व/विवादको समाधान सम्बन्धी कार्य गर्ने/गराउने ।
- नेपालको प्रचलित संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियामाली, २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६३ सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमाली, २०६४ आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६, सरकारी कार्य फछ्र्यौट नियमावली, सरकारी कार्यालय निरीक्षण नियमावली, २०२६, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सूचनको हक सम्बन्धी ऐन, २०६४, सूचनाको हक सम्बन्धी नियमावली, २०६५ एवं अन्य प्रचलित कानून बमोजिम कार्यालय प्रमुखले गर्नुपर्ने भनी तोकिएका कामहरु गर्ने/गराउने ।

नगरपालिका प्रमुखको निजी सचिवालाय

- नगरपालिका प्रमुखको कार्यकक्ष, बैठककक्ष लगायत निजी सचिवालय व्यवस्थित गर्ने ।
- नगरकार्यपालिका तहबाट निर्णय हुनु पर्ने फाइलहरुको अभिलेख राख्ने र निर्णय अनुसार सम्बन्धित महाशाखामा पठाउने ।
- नगरपालिका प्रमुखलाई सम्बोधन भई आएका निवेदन, पत्र, कागजात आदिको व्यवस्थित फाइल बनाई नगरपालिका प्रमुख समक्ष पेश गर्ने र सो उपर आदेश भए अनुसार आफैं कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने र शाखाहरुबाट कार्यान्वयन गराउनु पर्ने भएमा सम्बन्धित अधिकारीसमक्ष वा शाखामा पठाउने ।
- नगरपालिका प्रमुख उपस्थित हुनु पर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको टिपोट बनाई मिति, समय, उपस्थित हुनु पर्ने स्थान सहितको बिवरण यथासमयमा नगरपालिका प्रमुखलाई जानकारी गराउने र निर्धारित मिति र समयमा पुनः स्मरण गराउने व्यवस्था गर्ने ।
- नगरकार्यपालिका कार्यकक्षमा बैठक भएको समयमा अतिथि सत्कारको व्यवस्था गर्ने ।
- नगरकार्यपालिका कार्यकक्षको लागि मसलन्द सामग्री, पत्रपत्रिका तथा आवश्यक अध्ययन सामग्रीको व्यवस्था गर्ने ।
- नगरपालिका प्रमुखसंग भेटघाट गर्न चाहने व्यक्ति/समूह/प्रतिनिधि मण्डलका लागि नगरकार्यपालिकाको अनुकूलता हेरी समय निर्धारण गरी भेटघाटको व्यवस्था मिलाउने ।
- नगरपालिका प्रमुखसंग टेलीफोनमा कुरा गर्न चाहनेलाई वा नगरप्रमुखले टेलीफोनबाट कुरा गर्न चाहने व्यक्तिसंग नगरपालिका प्रमुखको अनुमति लिई टेलीफोन सम्पर्क गराउने ।

मानव कल्याण निर्माण संस्था HWDC 2004

- बैठक, छलफल, भेटघाट आदिको दैनिक डायरी बनाई दिनभरको कार्यक्रम बारे प्रत्येक दिन बिहानै नगरपालिका प्रमुखलाई जानकारी गराउने ।
- नगरकार्यपालिका कार्यकक्षमा टेलिफोन, कम्प्युटर, फ्याक्स मेशीन, फोटोकपी मेशीन आदि उपकरणहरु सञ्चालनको व्यवस्था गर्ने ।
- नगरपालिका प्रमुखले निर्देशन गरे अनुसारको बिवरण तयार गरी/गर्न लगाई समयमा उपलब्ध गराउने ।

नगरपालिका उपप्रमुखको निजी सचिवालय

- नगरपालिका उप-प्रमुखको कार्यकक्ष, बैठककक्ष लगायत निजी सचिवालय व्यवस्थित गर्ने ।
- नगरपालिका उप-प्रमुखको तहबाट निर्णय हुनु पर्ने फाइलहरुको अभिलेख राख्ने र निर्णय अनुसार सम्बन्धित शाखामा पठाउने ।
- नगरपालिका उप-प्रमुखलाई सम्बोधन भई आएका निवेदन, पत्र, कागजात आदिको व्यवस्थित फाइल बनाई नगरपालिका उप-प्रमुख समक्ष पेश गर्ने र सो उपर आदेश भए अनुसार आफैं कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने र शाखाहरुबाट कार्यान्वयन गराउनु पर्ने भएमा सम्बन्धित अधिकारीसमक्ष वा शाखामा पठाउने ।
- नगरपालिका उप-प्रमुख उपस्थित हुनु पर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको टिपोट बनाई मिति, समय, उपस्थित हुनु पर्ने स्थान सहितको बिवरण यथासमयमा नगरपालिका उप-प्रमुखलाई जानकारी गराउने र निर्धारित मिति र समयमा पुनः स्मरण गराउने व्यवस्था गर्ने ।
- नगरपालिका उप-प्रमुखको कार्यकक्षमा बैठक भएको समयमा अतिथि सत्कारको व्यवस्था गर्ने ।
- नगरपालिका उप-प्रमुखको कार्यकक्षको लागि मसलन्द सामग्री, पत्रपत्रिका तथा आवश्यक अध्ययन सामग्रीको व्यवस्था गर्ने ।
- नगरपालिका उप-प्रमुखसंग भेटघाट गर्न चाहने व्यक्ति/समूह/प्रतिनिधि मण्डलका लागि नगरपालिका उप-प्रमुखको अनुकूलता हेरी समय निर्धारण गरी भेटघाटको व्यवस्था मिलाउने ।
- नगरपालिका उप-प्रमुखका टेलीफोनमा कुरा गर्न चाहनेलाई वा नगरपालिका उप-प्रमुखले टेलीफोनबाट कुरा गर्न चाहने व्यक्तिसंग नगरपालिका उप-प्रमुखको अनुमति लिई टेलीफोन सम्पर्क गराउने ।
- बैठक, छलफल, भेटघाट आदिको दैनिक डायरी बनाई दिनभरको कार्यक्रम बारे प्रत्येक दिन बिहानै नगरपालिका उप-प्रमुखलाई जानकारी गराउने ।
- नगरपालिका उप-प्रमुखको कार्यकक्षमा टेलिफोन, कम्प्युटर, फ्याक्स मेशीन, फोटोकपी मेशीन आदि उपकरणहरु सञ्चालनको व्यवस्था गर्ने ।

मानव कल्याण विकास केन्द्र HWDC 2004

- नगरपालिका उप-प्रमुखले निर्देशन गरे अनुसारको बिवरण तयार गरी/गर्न लगाई समयमा उपलब्ध गराउने ।

(२) आन्तरिक लेखापरीक्षण शाखा

- नगरपालिकावाट भए गरेका खर्चहरूको मासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने ।
- पेश्की दिनु पर्दा वा भुक्तानी गर्दा प्रचलित कानून वमोजिम रित पुगेको वा नपुगेको सम्वन्धमा पूर्व आन्तरिक लेखापरीक्षण गर्ने ।
- पूर्व आन्तरिक लेखापरीक्षणको निम्ति प्राप्त बिल जाँच गर्दा प्रचलित कानूनको रीत नपुगेको देखिएमा सोको व्यहोरा खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्देशन भए बमोजिम कार्यान्वयन गर्न आर्थिक प्रशासन शाखामा पठाइदिने ।
- आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू नियमित गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन गर्ने ।
- मासिक रुपमा आम्दानी तथा खर्च सम्वन्धी हिसाव खाताको परीक्षण गरी त्रुटी देखिएमा प्रमुख प्रशासकीय अधिकृतमार्फत नगरसभामा पेश गर्ने ।
- आन्तरिक लखापरीक्षणवाट देखिएका त्रुटिहरु प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्ने ।
- शीर्षकगत रूपमा विनियोजित बजेट र खर्चको तालमेलको विश्लेषण गरी प्रमुख प्रशासकीय अधिकृतसमक्ष यथार्थपरक प्रतिवेदन गर्ने ।
- पेश्की बेरुजुहरूको लगत अद्यावधिक गरी फछ्यौंट तथा नियमित गर्न सहयोग गर्ने ।
- वजेटमा अनुमान गरिएको स्रोत परिचालन अनुरूप आम्दानी भए/नभएको मूल्याङ्कन गरी प्रतिवेदन गर्ने ।
- वार्षिक कार्यक्रममा उल्लेख भएका योजना/कार्यक्रममध्ये कति सञ्चालन भए, कति भएनन् सोको चौमासिक प्रतिवेदन गर्ने ।
- अन्तिम लेखापरीक्षणको लागि कागजात तथा सूचनाहरु जुटाई दिने ।
- अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा प्रतिक्रिया उपलब्ध गराउनुपर्ने भए सोको मस्यौदा तयार गर्ने ।
- अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा लेखा समितिले दिएको प्रतिक्रिया समेत समावेश गरी सम्परीक्षणको लागि सहयोग गर्ने ।
- अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजुहरू नियमित गर्नुपर्ने भए सो सम्वन्धी कार्य गर्ने ।
- अन्तिम लेखापरीक्षण प्रतिवेदन तयार गरी सम्वन्धित निकायहरु र मन्त्रालयमा पठाउने व्यवस्था गर्ने ।

- लेखा समितिलाई आवश्यक पर्ने विवरणहरू तयार गरी उपलब्ध गराउने ।
- लेखा समितिको बैठक सञ्चालनमा सहयोग गर्ने र निर्णयहरु सम्बन्धित निकायमा पठाउने ।
- जिन्सी स्रेस्ताको वार्षिक निरीक्षणलाई प्रभावकारी बनाउन राय दिने ।
- राजस्व असुली भएको रकम दैनिक बैंक दाखिला भए/नभएको जाँच गरी बैंक दाखिला नियमित गर्न लगाउने ।
- लिलाम बिक्री गर्नु भनी अन्तिम लेखापरीक्षणबाट औँल्याइएका वस्तुहरू लिलाम बिक्री भएका छन्/छैनन् त्यसको जाँच गरी प्रतिवेदन गर्ने ।
- जिन्सी स्रेस्ता, राजस्वको दैनिक आम्दानी फारामहरूको प्रभावकारी प्रयोग भए/नभएको जाँच गरी प्रभावकारी प्रयोगका लागि प्रतिवेदन गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरी/गराई सोको कार्यान्वय गर्ने/ गराउने ।
- शाखाका कर्मचारीहरुको समयमै कार्यसम्पादन मूल्याङ्कन भएको बारे सुनिश्चित हुने ।
- यस पदलाई निर्दिष्ट गरिएका र सुपरीवेक्षकबाट निर्देशन भए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) प्रशासन शाखा

- कर्मचारी व्यवस्थापन सम्बन्धी नीतिको आवश्यकता पहिचान गरी पेश गर्ने ।
- नगरकार्यपालिकाका कर्मचारीहरुको नियुक्तिदेखि अवकाशसम्मका विवरणहरु सहितको कर्मचारीहरुको वैयक्तिक विवरण अद्यावधिक गर्ने/गराउने ।
- कर्मचारीको सरुवा, काज, पदस्थापन, तालिम, भ्रमण, अध्ययन र अन्य वृत्तिविकास सम्बन्धी कार्यहरु गर्ने/गराउने ।
- प्रत्येक वर्ष नगरकार्यपालिका कार्यालय एवं वडा कार्यालयहरुको कार्यबोझको विश्लेषण गरी दरबन्दी सिर्जना अथवा खारेज अथवा पदनाम परिवर्तन गर्न सिफारिस साथ पेश गर्ने ।
- स्वीकृत दरबन्दी अन्तर्गतका सबै कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गर्ने/गराउने ।
- कार्यविवरणको आधारमा कार्यसम्पादन सूचकाङ्क तयार गरी/गराई सम्बन्धित सुपरीवेक्षकबाट मातहतका कर्मचारीसंग आवधिक कार्यसम्पादन सम्झौता गर्न लगाउने ।
- कर्मचारीहरुको कार्य-उत्प्रेरणा, सकारात्मक मनस्थिति र उच्च-मनोबल हुने प्रकृतिको कार्यवातावरण सिर्जना गर्ने/गराउने ।

- कर्मचारीहरुको लागि आवश्यकतामा आधारित तालिमको व्यवस्था मिलाउने, तालिममा संलग्न कर्मचारीको अनुगमन गर्ने, तालिममा सिकेका कुराहरुलाइ निजले कार्यथलोमा रुपान्तरण गर्न सके/नसकेको अनुगमन गर्ने ।
- कर्मचारीमाथि कारवाही वा सजाय गर्नु पर्ने भएमा सोको लागि आवश्यक कागजात/प्रमाण एवं पुष्ट्याइँ प्राप्त गरी राय सहित पेश गर्ने ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन फाराम भर्ने तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाई मूल्याङ्कन गरिएका कार्यसम्पादन मूल्याङ्कन फारामहरु सुव्यवस्थित एवं सुरक्षित राख्ने व्यवस्था मिलाउने ।
- कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्न व्यवस्था मिलाउने ।
- मानव संशाधन विकास योजना तयार गर्ने व्यवस्था मिलाई सो अनुसार मानव संशाधन विकासको लागि कार्ययोजना तयार गरी पेश गर्ने र स्वीकृत भए वमोजिम कार्यान्वयन गर्ने ।
- नगरपालिकाका सबै पदाधिकारी एवं कर्मचारीहरुको सम्पत्ति विवरण प्रचलित कानून वमोजिम भर्न लगाई प्रचलित कानूनले निर्धारित गरेको समयभित्र सम्वन्धित निकायमा पेश गर्ने/गराउने ।
- नगरपालिकाको जिन्सी व्यवस्थापन गर्ने/गराउने ।
- अन्तरशाखा समन्वय गर्ने/गराउने ।
- नगरपालिकाभित्र आधुनिक सूचना तथा प्रविधिको स्थापना र उपयोगको व्यवस्था मिलाउने ।
- प्रचलित कानून वमोजिम नगरपालिकाले सूचनाको हकको अनुभूति सुनिश्चित गर्ने/गराउने ।
- नगरकार्यपालिकाको काम, कारवाहीलाई सुशासनयुक्त बनाउने ।
- उजुरी पेटिकाको व्यवस्थापन गर्ने/गराउने ।
- हस्तान्तरण भइ जाने सामानको हस्तान्तरण सम्वन्धी कार्य गर्ने/गराउने ।
- नगरपालिकाका सवै अचल सम्पत्तिको स्थायी अभिलेख दुरुस्त राख्ने/राखन लगाउने ।
- नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गा, खुला क्षेत्र, चउर, चरणको निगरानी गर्ने/गराउने ।
- सार्वजनिक जग्गा, खुला क्षेत्र, चउर, चरनक्षेत्र, तलतलैया, नदी, पानीको मुहान, घाट, पार्क, सडक, बाटोघाटो आदिको अभिलेख अद्यवधिक गर्ने/गराउने र सो उपर अतिक्रमण हुनबाट रोक्ने/रोकन लगाउने ।
- सार्वजनिक मठ, मन्दिर, मस्जिद आदिको संरक्षण, सम्वर्द्धन र विकास एवं विस्तार गर्ने क्रममा सम्वधित निकायलाई सहयोग गर्ने/गराउने ।
- नगरपालिकाको सम्पूर्ण सम्पत्तिको उपयोग, मर्मत तथा सुरक्षा सम्बन्धी व्यवस्थापन गर्ने ।
- नगरपालिका विरुद्ध पर्न आएका उजुरी, मुद्दा एवं गुनासाहरुको व्यवस्थापन गर्ने ।

मानव कल्याण
HWDC
2004

- नगरपालिकाको न्यायिक समितिबाट भएका निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा पठाउने/बुझाउने व्यवस्था मिलाउने ।
- मुद्दाको निर्णय प्रक्रियामा नगरपालिका प्रमुख/उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसंग सिधै सम्पर्कमा रही कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने ।
- नगरपालिकाको भौगोलिक सूचना प्रणालीको प्रयोगमा सहजीकरण गर्ने ।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी कार्यको प्रभावकारी रुपमा अनुगमन गर्ने ।
- नगरपालिकाका सबै शाखा/उपशाखा/इकाइ लगायत नगरपालिका अन्तर्गतका सबै निकायहरुमा सूचना प्रविधिका उपकरणहरुको जडान, मर्मत संभार तथा अनुगमनको कार्य गर्ने/गराउने ।
- नगरपालिकासँग सम्बन्धित पार्श्वचित्र, पाठ्य एवं प्रचार-प्रसार सामग्रीहरुको तयारी गरी/गराई प्रकाशन प्रयोजनका लागि पेश गर्ने/गराउने ।
- सूचना प्रविधिको प्रयोग सम्बन्धमा नगरपालिकाका निर्वाचित पदाधिकारी एवं कर्मचारीहरुलाई आवश्यक तालिम/ अभिमुखीकरण गर्ने तथा सूचना प्रविधिको प्रयोग गर्न आवश्यक सहयोग गर्ने ।
- आगामी आ.व.को वार्षिक बजेटको मस्यौदा तयारको लागि सबै शाखा, उपशाखा, इकाइ, वडा कार्यालयहरुबाट आवश्यक बजेटको माग संकलन गर्न लगाई पेश गर्ने ।
- नगरपालिकाको आर्थिक कारोबार व्यवस्थापन गर्ने ।
- निकासा दिने, निकाशा लिने र खर्चका बिवरणहरु प्राप्त गरी आर्थिक बिवरण तयार गर्ने/गराउने ।
- आय-व्ययको अवस्थाको विवरण हेरी सो अनुरुप सन्तुलन कायम गर्न/गराउने ।
- दैनिक उठ्ने राजश्व रकम र सोको विवरण (अभिलेख) दुरुस्त भए/नभएको निरीक्षण गर्ने/ गराउने ।
- अनुदानस्वरुप वा अन्य प्रक्रियाबाट नगरपालिका लाई प्राप्त दीर्घकालिन सम्पत्ति लेखाङ्कन गर्ने/गराउने ।
- नगरपालिकाको दीर्घकालीन ऋणको व्यस्थापन गर्ने ।
- नियमित रुपमा लेखापरीक्षण (आन्तरिक/अन्तिम) गराउने ।
- लेखापरीक्षण (आन्तरिक/अन्तिम) वाट औंल्याइएका वेरुजुहरु नियमित गर्ने, असुलउपर गर्नुपर्ने बेरुजुको हकमा असुलउपर गर्ने/गराउने ।
- निर्माण सम्बन्धी कार्यको बील (एम्.बी.) जाँच गरी/गराई भुक्तानीको लागि आवश्यक कार्य गर्ने/गराउने ।
- नेपालसरकारबाट सामाजिक सुरक्षा बापत प्राप्त रकमको निकाशा एवं वितरण सम्बन्धी कार्यको व्यवस्थापन गर्ने/गराउने ।

HWDC 2004

- आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू नियमित गर्ने/गराउने ।
- मासिक रुपमा आम्दानी तथा खर्च सम्बन्धी हिसाब खाताको परीक्षण गरी/गराई त्रुटी देखिएमा प्रमुख प्रशासकीय अधिकृतमार्फत नगरसभामा पेश गर्ने/गराउने ।
- आन्तरिक लखापरीक्षणबाट देखिएका त्रुटिहरु प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्न लगाउने ।
- पेश्की बेरुजुहरूको लगत अद्यावधिक गरी फछ्यौंट तथा नियमित गर्ने/गराउने ।
- वार्षिक कार्यक्रममा उल्लेख भएका योजना/कार्यक्रममध्ये कति सञ्चालन भए, कति भएनन् सोको निरीक्षण/अनुगमन गर्ने ।
- अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजुहरू नियमित/फछ्यौंट वा असुलउपर गर्नुपर्ने भए सो सम्बन्धी कार्य तदारुकताका साथ गर्ने/गराउने ।
- जिन्सी स्रेस्ता एवं राजस्वको दैनिक आम्दानी फारामहरूको प्रभावकारी प्रयोग भए/नभएको निरीक्षण गरी प्रभावकारी रुपमा प्रयोग गराउने ।
- यस शाखाले गर्ने भनी निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने/गराउने ।

(क) जिन्सी व्यवस्थापन उपशाखा

- नगरकार्यपालिकाको कार्यालयलाई प्रत्येक आगामी आ.व.को लागि आवश्यक पर्ने मालसामानको लगत चालू आ.व.को आषाढ मसान्तभित्र स्वीकृत गराई सक्ने ।
- आ.व.भरिको लागि स्वीकृत लगत बमोजिमको मालसामान आपूर्ति गर्न इच्छुक व्यापारिक संस्थालाई सूचिकृत गराउने व्यवस्था गर्ने ।
- आ.व.को लागि स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित सार्वजनिक खरीद ऐन/नियमावली एवं अन्य सम्बन्धित ऐन/नियम/कार्यविधिअनुरुप हुने गरी खरीदको व्यवस्था मिलाउने ।
- स्वीकृत माग फाराम अनुसार माग भइ आएको जिन्सी सामान मौज्दातमा भए उपलब्ध गराउने र अभिलेख दुरुस्त राख्ने ।
- खर्च भई जाने र खर्च भई नजाने जिन्सी सामानको बेग्ला बेग्लै रजिष्टर (अभिलेख) खडा गर्ने र कार्यकारी अधिकृत वा तोकिएको अधिकारी बाट प्रमाणित गराउने ।
- कार्यालय सामान र निर्माण सामग्री नियमानुसार प्रचलित कानून अनुसार सोझै वा दरभाउपत्र वा बोलपत्रद्वारा आपूर्ति गर्ने कार्यबाहीका लागि पेश गर्ने र निर्णय भए बमोजिम खरिद गर्ने, दाखिला गर्ने र वितरण गर्ने ।

- खरिद गरी वा सहायता वा कुनै पनि प्रकारबाट प्राप्त भएका मालसामानको आम्दानी बाँध्ने र लगत दुरुस्त राख्ने ।
- जिन्सी निरीक्षण पुस्तिका खडा गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट निरीक्षण गराउने र जिन्सी निरीक्षण गर्दा मालसामानको सुरक्षा, मर्मत-संभार, लिलाम बिक्री, हानी-नोक्सानी आदि पक्षहरूमा ध्यान दिने ।
- वार्षिक रूपमा छपाई कार्यको लागि आवश्यक व्यवस्था गर्ने ।
- सवारी साधन तथा ढुवानी साधनहरूको ब्लुबुक (अधिकारपत्र) राख्ने र नविकरण गर्ने तथा लगबुक राख्ने ।
- भौतिक सामाग्रीहरुको नाम/नम्बर राख्ने व्यवस्था गर्ने, मेसिनरी-प्रविधिगत सामानहरुलाई उपयोगी अवस्थामा राख्ने एवं नगरपालिकाको खर्च भइ नजाने सामानहरुको पर्याप्त सुरक्षा र सदुपयोगको व्यवस्था मिलाउने ।
- सामानहरूको मिनाहा तथा लिलामका लागि आवश्यक कारबाही चलाउने ।
- हस्तान्तरण भै जाने सामानको हस्तान्तरण सम्बन्धी कार्य गर्ने ।
- कार्यालयको जिन्सी सामानहरू आदेशानुसार मर्मत गर्ने गराउने व्यवस्था मिलाउने ।
- नगरपालिकाका सबै अचल सम्पत्तिको स्थायी अभिलेख दुरुस्त राख्ने ।
- उपशाखाका कर्मचारीहरुलाई कार्यालय समय भन्दा वढी समय काम गराउन परेमा सिफारिस साथ निर्णय गराई काममा लगाउने ।
- उपशाखाका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन भएको बारे सुनिश्चित हुने ।
- नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गा, खुला क्षेत्र, चउर, चरणको निगरानी गर्ने ।
- सार्वजनिक जग्गा, खुला क्षेत्र, चउर, चरनक्षेत्र, तलतलैया, नदी, पानीको मुहान, घाट, पार्क, सडक, बाटोघाटो आदिको अभिलेख अद्यवधिक गर्ने र सो उपर अतिक्रमण हुन लागेको वा भएको देखिएमा तुरुन्त शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष जानकारी गराउने र आदेश वा निर्देशन भए बमोजिम त्यस्तो कार्यलाई रोक्ने ।
- सार्वजनिक मठ, मन्दिर, मस्जिद आदिको संरक्षण, सम्वर्द्धन र विकास एवं विस्तार गर्ने क्रममा सम्बधित निकायलाई सहयोग गर्ने ।
- सम्पूर्ण सम्पत्तिको उपयोग, मर्मत तथा सुरक्षा सम्बन्धी कार्य गर्ने ।
- यस उपशाखालाई निर्दिष्ट अन्य कामहरु गर्ने ।

(ख) दर्ता/चलानी तथा हेल्पडेस्क

- नगरपालिकाका नाममा कुनै व्यक्ति, वा संस्थाबाट प्राप्त हुने चिट्ठी, पत्र, निवेदन, कागजात बुझ्ने, यसरी प्राप्त हुने चिट्ठी, पत्र, निवेदन, कागजातलाई सिलसिलेवार क्रम मिलाई निर्दिष्ट ढाँचा अनुरुपको मूल दर्ता कितावमा दर्ता गर्ने ।
- खाम बाहिर गोप्य, अत्यन्त गोप्य लेखिएका/छाप लगाईएका खामहरु खामवन्दी अवस्थामा नै प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी समक्ष बुझाउने र सामान्य प्रकृतिका पत्रहरु सम्बन्धित अधिकारी/शाखा/उपशाखा/इकाईलाई बुझाउने ।
- मूल दर्ता किताबलाई पाना छुट्टिन, च्यातिन आदिबाट जोगाई सुरक्षित राख्ने ।
- नगरपालिका वा अन्तर्गतका कर्मचारी, पदाधिकारी/शाखा/उपशाखा/इकाइ/वडा कार्यालयहरुलाई लेखिने पत्रहरु तथा नगरपालिकाबाट अन्य व्यक्ति, निकाय र संस्थालाई लेखिने पत्रहरुलाई निर्दिष्ट ढाँचामा राखिएको मूल चलानी किताबमा चलानीको सिलसिलेवार क्रम मिलाई चलानी गर्ने र चलानी गरिएको पत्रको बिषय, मिति खुल्ने गरी प्रविष्ट गर्ने ।
- चलानी गरिएका पत्रहरु छिटो भन्दा छिटो सम्बन्धित व्यक्ति/निकाय/संस्था/ शाखा/उपशाखा/इकाइमा पुग्ने व्यवस्था मिलाउने । जुन माध्यमबाट डेलिभरी गरिएको हो सोको स्पष्ट व्यहोरा प्रमाण सुरक्षित रहने व्यवस्था मिलाई तोकिएको जिम्मेवार पदाधिकारी वा कर्मचारीलाई बुझाउने कार्य गर्ने ।
- मूल चलानी किताबलाई पाना छुट्टिन, च्यातिन आदिबाट जोगाई सुरक्षित राख्ने ।
- नगरपालिकाको विषयमा जानकारी चाहनेलाई गोपनीयता राख्नु पर्ने विषयमा बाहेक अन्य बिषयमा सामान्य जानकारी गराउने ।
- विभिन्न कार्यालयबाट सूचना टाँसको लागि आएका सूचनाहरु कार्यालयको सूचना पाटीमा टाँस गरी मुचुल्का सम्बन्धित निकायमा पठाउने ।
- उजुरी पेटिकाको सुरक्षा र उजुरी पेटिका खोल्ने व्यवस्था गरी पेटिकामा परेका उजुरीहरु कार्यकारी अधिकृत वा निजले तोकेको अधिकारी समक्ष पेश गर्ने ।
- दर्ता/चलानी तथा हेल्पडेस्कमा रहेका टेलिफोन तथा अन्य भौतिक सामानहरु सुरक्षित रुपमा राख्ने र राख्न लगाउने ।
- नगरपालिकाको सोधपुछ तथा जनसम्पर्क बिन्दुको रुपमा काम गर्ने ।
- प्रचार-प्रसार र सेवाग्राहीहरुको सुविधाको लागि नगरपालिकाले उपलब्ध गराउने फर्म, सूचना, पम्प्लेट आदि उपलब्ध गराउने ।
- नगरपालिकाको सेवाग्राहीको रुपमा असहाय/अपाङ्ग/जेष्ठ नागरिक सोधपुछ कक्षमा सम्पर्क राख्न आएको आवस्थामा निजले माग गर्न खोजेको सेवाको प्रकृति हेरी सम्बन्धित

मानव कल्याण विकास HWDC 2004

अधिकारी/शाखा/उपशाखा/इकाइलाई सो वारे जानकारी गराई निजको काममा सहजीकरणको भूमिका निर्वाह गर्ने ।

- शाखाको भौतिक एवं जिन्सी सामग्रीहरुको सुरक्षाको व्यवस्था मिलाउने ।
- यस निकायलाई निर्दिष्ट अन्य कार्यहरु गर्ने ।

(ग) नगरप्रहरी इकाइ

- इकाइको कार्यसंग सम्बद्ध कार्य-नीति तथा कार्य-योजना तर्जुमा गरी स्वीकृत भए अनुसार कार्यान्वयन गर्ने ।
- नगरपालिकाक्षेत्रका सडक मार्गहरुमा आवागमनको लागि अवरोध हटाउने व्यवस्था मिलाउने ।
- नगरक्षेत्रमा भौतिक निर्माण कार्य नियमित गराउन आवश्यक सहयोग गर्ने र फोहरमैला व्यवस्थापनमा आइपर्ने व्यवधानहरु हटाउन सहयोग पुऱ्याउने ।
- नगरपालिकावाट भए गरेका निर्णयहरु कार्यान्यन गराउन आवश्यक वल पुऱ्याउने ।
- नगरको नीति, नियम र निर्णय विपरित कार्य भए/गरेको सूचना प्राप्त हुनासाथ त्यसलाई नियन्त्रण गर्न तुरुन्त व्यवस्था गर्ने र प्रमुख प्रशासकीय अधिकृतलाई महाशाखा प्रमुख मार्फत प्रतिवेदन गर्ने ।
- अनुमति नलिई घर निर्माण गर्ने कार्य तथा अन्य गैरकानुनी निर्माण नियन्त्रण गर्ने ।
- भवन निर्माण नियमित गराउन अनुगमन र निरीक्षण गर्ने र त्यस्तो निर्माण कार्य गर्दा सार्वजनिक असर परेको देखिएमा निर्णयानुसार भत्काउन आवश्यक कारवाही गर्ने ।
- सडकपेटी, सार्वजनिक जग्गा, वाटोघाटो, चोक, ढल, ताल-तलैया, नाला, पोखरी, पार्क, घाट, मन्दिर, मस्जिद, गुम्वा आदि उपर हुनसक्ने अतिक्रमण रोक्ने र सवै खाले अतिक्रमण गर्ने उपर कारवाही समेतको लागि पेश गर्ने ।
- सार्वजनिक आवागमनमा वाधा पुग्ने गरी निर्माण सामग्री राख्न रोक लगाउने ।
- नाप तौलका ढक तराजुको अवस्था चेक जाँच गर्ने, फरक परेमा कारवाहीको लागि पेश गर्ने ।
- नगरपालिकाक्षेत्रभित्र सञ्चालित पेशा व्यवसाय तोकिएको मापदण्ड अनुसार भए/नभएको चेक गरेर कारवाहीको लागि पेश गर्ने ।
- छाडा गाई वस्तु नियन्त्रण गर्ने र आवश्यक कारवाही चलाउने ।
- नगरवासीहरुलाई घर निर्माण संवन्धी मापदण्ड, नीति नियमको पालना गराउने ।
- सार्वजनिक असर पार्न सक्ने रुख, घर, पर्खाल आदि काट्न, भत्काउन लगाउने ।
- नगरमा फोहोर मैला व्यवस्थापन गर्न सहयोग गर्ने ।

- नगरपालिकाको आन्तरिक सुरक्षाको (कार्यालय, सम्पत्ति र पदाधिकारी तथा कर्मचारी) तथा कार्यालय सम्पत्तिको सुरक्षा व्यवस्था मिलाउने ।
- नगरपालिकाबाट भएका निर्णय, नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग पुऱ्याउने ।
- नगरक्षेत्रको सम्पत्ति सुरक्षाको लागि गस्तीको रुपमा खटी कार्य गर्ने ।
- स्वास्थ्यका लागि हानिकारक चिज वस्तु वितरण गरेको फेला परेमा नियन्त्रण गर्ने ।
- नगर क्षेत्रभित्र सुव्यवस्था कायम गर्न वडा कार्यालय, टोल, स्थानीय क्लब तथा संघ संस्थासंग मिलि जनपरिचालन गर्ने तथा जनचेतना जगाउने ।
- दृष्य प्रदुषण लगायतका सबै खाले प्रदुषण नियन्त्रण गर्ने र कारवाही गर्ने ।
- शहरको ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(घ) सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा

- नगरक्षेत्रभित्रका युवाहरुको लागि शिक्षा, स्वास्थ्य तथा परिवार कल्याण, सामाजिक सुरक्षा, युवासशक्तीकरण तथा नेतृत्व विकास, लागू पदार्थ दुर्व्यसन नियन्त्रण, मानव तस्करी विरुद्धको अभियानको लागि नगरकार्यपालिकाको नीति अनुरुप कार्य गर्ने/गराउने ।
- सामाजिक सुरक्षा सम्बन्धी लगत तयार गर्ने र परिचय पत्र वितरण गर्ने ।
- आर्थिक प्रशासन शाखासंग समन्वय गरी सामाजिक सुरक्षाको भत्ताको निकासा माग गरी/गराई समयमा नै वितरण गर्ने व्यवस्था गर्ने ।
- कर्मचारी कल्याणकारी कोष सम्बन्धी कार्य गर्ने/गराउने ।
- सामाजिक सुरक्षाको फाँटवारी तयार गर्ने र संवन्धित निकायमा पठाउन पेश गर्ने ।
- नगरक्षेत्रका विपन्न वर्ग, महिला, युवा तथा वालवालिकाहरु लाभान्वित हुने गरी समाज कल्याण तथा सामाजिक विकासका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने ।
- समुदायको आय वृद्धिको लागि निर्धारित नीतिगत व्यवस्था अनुरुप सीपमूलक तालिम कार्यक्रमहरु संचालन गर्न/गराउन व्यवस्था मिलाउने ।
- नगरक्षेत्रको गरिवी न्यूनीकरण गर्नको लागि विभिन्न निकायहरुसँग समन्वय कायम गरी कार्यक्रम संचालनमा सहयोग पुऱ्याउने ।
- समाजमा समूह वचत सम्बन्धी ज्ञान/सचेतना कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने/गराउने ।
- सामाजिक परिचालनको माध्यमबाट लक्षित कार्यक्रमहरु संचालनमा समन्वयात्मक भूमिका प्रदान गर्ने ।

HWDC

- नगरपालिकाभित्रका व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइ/सराइ तथा सम्वन्ध विच्छेद) नियमानुसार दर्ता गर्ने र सोको अभिलेख अद्यावधिक गरी दुरुस्त राख्ने ।
- दर्ता अभिलेख स्वीकृत ढाँचाको फाराममा उतार गरी समयमै सम्वन्धित निकायमा पठाउने ।
- दर्ता प्रमाणपत्रको प्रतिलिपि सम्वन्धित व्यक्तिवाट माग भएमा नियमानुसार उपलव्ध गराउने ।
- पञ्जिका-अभिलेख सुरक्षित र व्यवस्थित रुपमा राख्ने ।
- दर्ता किताबमा सरोकारवाला व्यक्तिले आफ्नो परिवारको व्यक्तिगत घटना दर्ता हेर्न चाहेमा हेर्ने व्यवस्था मिलाउने ।
- दर्ताको अभिलेखमा जन्म मिति लगायत अन्य विवरण सच्याउनु पर्ने भएमा र आवश्यक प्रमाण पुगेको भए नियमानुसार सच्याउने व्यवस्था मिलाउने ।
- संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने पञ्जिकरण सम्वन्धी नीति निर्देशन वमोजिम काम गर्ने ।
- घटना दर्ता सम्वन्धी विवरण सम्वद्ध कार्यको लागि नगरपालिकाको कुनै शाखाहरुवाट माग भइआएको अवस्थामा उपलव्ध गराउने ।
- घटना दर्तावाट उठेको रकमको लेखा राख्ने ।
- यस उपशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(ङ) कानुन शाखा

- नगरपालिकाविरुद्ध पर्न आएका उजुरी, मुद्दा एवं गुनासा सम्बन्धी निवेदनहरु नियमानुसार दर्ता गरी फछ्यौंटको लागि पेश गर्ने ।
- नगरपालिकाको न्यायिक समितिबाट भएका निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा पठाउने/बुझाउने ।
- मुद्दाको निर्णय प्रक्रियामा नगरप्रमुख/नगरउपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसंग सिधै सम्पर्कमा रही कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने ।
- उपशाखासंग सम्बद्ध सबै किसिमका प्रशासनिक कार्य गर्ने/गराउने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगरकार्यपालिकाको न्यायिक समितिबाट किनारा भई अदालत समक्ष दायर हुने मुद्दाहरुको मस्यौदा गरी पेश गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम नगरकार्यपालिकामा गठित न्यायिक समितिलाई सोही ऐनको दफा ४७ बमोजिमको क्षेत्राधिकार भित्रका विषयमा अध्ययन, अनुसन्धान, तहकिकात गर्न एवं उक्त क्षेत्राधिकार भित्रका बिषयमा नियम विपरित भए/गरेका काम कारवाहीहरुमा कारवाही गर्न/गराउन न्यायिक समितिको सचिवालयको रुपमा काम गर्ने ।

- उजुरीका मिसिल/फाइलहरु अभिलेखवद्ध गरी राख्ने ।
- कानूनी राय, परामर्श एवं न्यायिक निर्णयका सम्बन्धमा प्रारम्भिक कार्यको उठान् गर्ने ।
- मुद्दाका पक्ष वा विपक्षीहरुबाट न्यायिक समितिबाट भएको फैसला वा निर्णयको प्रमाणित प्रतिलिपि माग भएमा कानून बमोजिम उपलब्ध गराउने ।
- मुद्दाका पक्ष वा विपक्षलाई न्यायिक समितिको निर्णयानुसार बयान लिने ।
- मुद्दाका सम्बन्धित कागजात/प्रमाण/निस्सा उपलब्ध गरी मिसिलसाथ पेश गर्ने ।
- मुद्दा सम्बन्धी अभिलेख तथा मिसिलहरु सुरक्षित रुपमा व्यवस्थित गर्ने/गराउने ।
- नगरपालिकासंग सम्बद्ध विषयका मुद्दामा असहाय विपन्न व्यक्तिहरुलाई निःशुल्क कानूनी परामर्श उपलब्ध गराउने ।
- यस उपशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(४) आर्थिक प्रशासन शाखा

- आगामी आ.व.को वार्षिक वजेटको मस्यौदा तयारको लागि सबै शाखा, उपशाखा, इकाइ, वडा कार्यालयहरुबाट आवश्यक बजेटको माग संकलन गरी पेश गर्ने ।
- प्राप्त मांगको आधारमा यथार्थपरक अनुमानित वार्षिक बजेट तर्जुमाको मस्यौदा तयार गर्ने/गराउने कार्यमा सक्रियतापूर्वक सहकार्य गर्ने ।
- नगरपालिकाको वार्षिक वजेट तथा कार्यक्रमको वित्तीय विश्लेषण सहित पेश गर्ने ।
- नगरपालिकाको आर्थिक कारोवार दुरुस्त राख्ने ।
- निकासा दिने, निकासा लिने र खर्चका विवरणहरु प्राप्त गरी आर्थिक विवरण तयार गर्ने ।
- आय-व्ययको अवस्थाको विवरण हेरी सो अनुरुप सन्तुलन कायम गर्न पहल गर्ने ।
- दैनिक उठ्ने राजश्वको निरीक्षण गरी दुरुस्त भए/नभएको हेरी प्रतिवेदन गर्ने ।
- अनुदानस्वरुप वा अन्य प्रक्रियाबाट नागरपालिकालाई प्राप्त दीर्घकालिन सम्पत्ति लेखाङ्कन गर्ने।
- नगरपालिकाको दीर्घकालीन ऋणको व्यस्थापन गर्ने ।
- नियमित रुपमा लेखापरीक्षण (आन्तरिक/अन्तिम) गराउने ।
- लेखापरीक्षण(आन्तरिक/अन्तिम)बाट औंल्याइएका बेरुजुहरु नियमित गर्ने, असुलउपर गर्नु पर्ने बेरुजुको हकमा असुलउपर गर्ने र सोको प्रतिवेदन गर्ने ।
- कार्ययोजना अनुसार रकम निकाशा माग गर्ने, खर्च गर्ने र प्रतिवेदन तयार गर्ने ।
- स्वीकृत बजेट तथा कार्यक्रम अनुरुप कार्ययोजना बनाई रकम खर्च गर्ने व्यवस्था मिलाउने ।

HWDC 2004

- खर्च, सम्पत्ति, दायित्व र धरौटी सम्बन्धी लेखाङ्कन गर्ने, प्रतिवेदन तयार गर्ने ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारी ढङ्गले गर्ने/गराउने ।
- शाखाका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरी/गराई उपलब्ध गराउने र कार्यविवरण अनुरुप सबै कर्मचारीहरुलाई काममा संलग्न गराउने ।
- जिन्सी भण्डारबाट प्राप्त बीलहरू जाँच गरी बील/भरपाई स्वीकृत भए पश्चात् भुक्तानी दिने ।
- निर्माण सम्बन्धी कार्यको बील (एम्.बी.) जाँच गरी/गराई भुक्तानीको लागि आवश्यक कार्य गर्ने ।
- प्रचलित कानून बमोजिम जनप्रतिनिधिहरूको भत्ता, पारिश्रमिक तथा कर्मचारीहरूको मासिक तलव, भत्ता वितरण गर्ने ।
- कर्मचारी सञ्चयकोष, योगदानको आधारमा निवृत्तभरण कोष र अन्य कोषकट्टी एवं जम्मा सम्बन्धी व्यवस्थापन गर्ने ।
- आम्दानी तथा खर्चतर्फको मासिक मास्केवारी तयार गरी नियमित रुपमा सम्बन्धित निकायमा पठाउन पेश गर्ने ।
- टेलिफोन, विद्युत, पानी महशुल आदि समयमा बुझाउने व्यवस्था गर्ने ।
- पुराना पेश्की बाँकी रहेको असूलउपर तथा फछ्यौंट गर्न/गराउन आवश्यक कारवाही गरी सोको मासिक रिपोर्ट सम्बन्धित निकायमा पठाउने ।
- मासिक बैंक स्टेटमेन्ट उपलब्ध गरी रिकन्साइल गर्ने/गराउने ।
- बैंक नगदी किताब, बजेट सीट, पेश्की लेजर तथा अन्य खाताहरूमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउने ।
- अवकाश पाएका कर्मचारीहरूको उपदान, संचित विदाको रकम, कर्मचारी सञ्चयकोष लगायत कानून बमोजिम भुक्तानी गर्नु पर्ने सम्बन्धमा कारवाही उठान् गर्ने र स्वीकृत भए अनुसार भुक्तानी गर्ने ।
- नेपाल सरकारबाट सामाजिक सुरक्षा वापत प्राप्त रकमको निकासा एवं वितरण सम्बन्धी कार्यको व्यवस्थापन गर्ने/गराउने ।
- आन्तरिक लेखापरीक्षण शाखासंग समन्वय गरी बेरुजु फछ्यौंट सम्बन्धमा तदारुकतासाथ विवरण तयार गरी बेरुजु कायम गरिएका महाशाखा, शाखा, उपशाखा एवं इकाइको साथै सम्बन्धित पदाधिकारी, कर्मचारी र व्यक्तिहरुलाई बेरुजु फछ्यौंटको लागि ताकेता गर्ने ।
- बेरुजू फछ्यौंटको लागि प्राप्त भएका निवेदनहरुको सम्बन्धमा आवश्यक प्रमाण हेरी फछ्यौंट गर्न मिल्ने देखिएका विषयमा फछ्यौंटको लागि सम्बन्धित अधिकारीमर्फत सम्बन्धित निकायमा पठाउने ।
- शाखाको दैनिक प्रशासनिक कार्य गर्ने ।

HWDC 2004

- शाखा अन्तर्गतका कर्मचारीहरुलाई कार्यविभाजन गरी कार्यविवरण उपलब्ध गराउने ।
- कार्यालय समयभन्दा वढी समय काम गराउनु परेमा आधिकारिक पदाधिकारीबाट निर्णय भई गरे/गराएको कार्यको प्रचलित आर्थिक, नियम, निर्देशिका बमोजिम भुक्तानी दिने ।
- शाखाका कर्मचारीहरुको समयमै कार्यसम्पादन मूल्याङ्कन भएको बारे सुनिश्चित हुने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य काम गर्ने ।

(५) योजना तथा अनुगमन शाखा

- नगरपालिकाको वार्षिक विकास योजना तर्जुमाको लागि तथ्याङ्क/विवरण/सूचना आदि सङ्कलन गर्ने/गराउने एवं नगरसभाबाट पारित गर्नु पर्ने नीतिको मस्यौदा तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- नगरपालिका क्षेत्रमा पुरातात्विक सम्पदा, धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरुको यथार्थपरक सूचना संकलन गरी अभिलेख अद्यावधिक गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्र रहेका सम्पदा र पुरातात्विक धरोहरको संरक्षणको कार्ययोजना वनाई कार्यान्वयन गर्ने/गराउने ।
- नगरक्षेत्र भित्रका विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण र संवर्द्धनको लागि कार्यक्रम वनाई पेश गर्ने र स्वीकृत भए वमोजिम कार्यान्वयन गर्ने/गराउने।
- ऐतिहासिक, पुरातात्विक तथा पर्यटकीय महत्वका संस्कृति तथा सम्पदाहरुको पहिचान गरी अर्न्तराष्ट्रिय रुपमा यसको महत्वलाई पहिचाहन गराउन प्रचार-प्रसार तथा प्रकाशन गर्ने ।
- स्थानीय चाडपर्व मनाउन आवश्यक सहयोग गर्ने ।
- संस्कृति, पर्यटन र सामाजिक विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउने विज्ञहरुको सूची तयार गरी राख्ने र आवश्यकता अनुसार उनिहरुको विज्ञतालाई उपयोग गर्ने व्यवस्था मिलाउने ।
- पर्यटन प्रवर्द्धनमा नीजि क्षेत्रलाई परिचालन गर्ने ।
- पर्यटक सेवा शुल्क सम्बन्धी कार्य गर्ने ।
- सम्पदा मार्ग एवं पर्यटकीय क्षेत्रको पहिचान गरी त्यसको विकास, विस्तार र प्रवर्द्धन गर्न सम्बन्धित सवै निकाय तथा संघ/सस्थाहरुसगं समन्वय गरी कार्य गर्ने ।
- नगरपालिका, प्रदेश सरकार तथा नेपाल सरकारवाट पाटन नगरक्षेत्रभित्रको लागि स्वीकृत योजना तथा कार्यक्रमहरूको विवरण राख्ने ।
- नगरपालिका कास्वीकृत वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

मानव कल्याण विकास IIWDC

- बार्षिक एवं बिषयगत योजनाहरूको समन्वय, अनुगमन तथा समीक्षा गर्ने ।
- बार्षिक योजना तथा कार्यक्रमको प्रगति विवरण तयारी गरी सम्बन्धित निकायमा पठाउने ।
- नगरपालिकाको विकास योजनाहरूको जाँचपास गर्ने/गराउने कार्यमा सम्बन्धित शाखा/ अधिकारीसंग समन्वय गर्ने ।
- स्वीकृत योजना तथा कार्यक्रमहरूको कार्य-प्रकृया निर्धारण गर्ने ।
- सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन सम्बन्धी कार्य गर्ने ।
- नगरकार्यपालिका मार्फत विभिन्न परियोजनाहरूबाट सञ्चालित कार्यक्रमको निरीक्षण एवं अनुगमन गर्ने ।
- नगरपालिकाका आयोजना तथा कार्यक्रमहरूको प्रतिवेदन तयार गर्ने तथा समीक्षा गर्ने व्यवस्था मिलाउने ।
- सिफारिश तथा इजाजत प्रदान सम्बन्धी कार्य गर्ने ।
- विभिन्न समिति-उपसमितिहरूले गरेका निर्णयहरू सम्बन्धित निकायलाई जानकारी गराउने तथा कार्यान्वयन गर्ने/गराउने कार्यमा प्रमुख प्रशासकीय अधिकृत वा सम्बद्ध अधिकारीलाई सघाउने ।
- कार्यालयको स्थान व्यवस्थापन तथा ले-आउट मिलाउने कार्य गर्ने ।
- नगरकार्यपालिकाबाट भएका निर्णयहरूको सङ्कलन र अध्ययन गरी सम्बद्ध अधिकारी/ निकायसंग समन्वय गरी कार्ययोजना अनुरुप समयमै शतप्रतिशत भौतिक तथा वित्तीय प्रगति हासिल गर्न लगाउने ।
- अन्य सम्बद्ध निकायहरू बीच समन्वय गर्ने/गराउने ।
- बडा कार्यालयहरुसंग समन्वय गरी आवधिक योजना तर्जुमा गराउने ।
- नगरपालिकाको क्षमता अभिबृद्धि तथा कार्य-प्रणालीमा सुधारको लागि कार्ययोजना बनाई पेश गर्ने र स्वीकृत भए अनुरुप कार्यान्वयन गर्ने/गराउने ।
- अन्य निकायहरुलाई अनुदान निकाशा सम्बन्धी कार्य गर्ने/गराउने ।
- अन्य संघ-संस्थाबाट प्राप्त हुन आएका योजना सम्बन्धी कागजातहरू निर्णयको लागि पेश गर्ने तथा व्यवस्थित रुपमा राख्ने ।
- अन्य निकायहरूबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको प्रगति विवरण सङ्कलन गरी/गराई अभिलेख राख्ने ।
- नगरपालिकाका योजना/आयोजना/कार्यक्रमहरुको कार्यसम्पादन सूचकांक निर्माण गरी/गराई कार्यान्वयमा ल्याउने ।

मानव कल्याण विद्या
HWDC
2004
कञ्चनपुर (२०६१)

- आयोजना सुपरीवेक्षण तथा अनुगमन समिति तथा उपसमितिहरूको प्रशासनिक कार्य गर्ने ।
- नगरपालिकाका योजना सम्वन्धी उपसमितिहरूको बैठक व्यवस्थापन कार्य गर्ने ।
- परफर्मेन्स बोण्डको म्याद थप एवं धरौटीको अभिलेख र फिर्ता सम्बन्धी प्रारम्भिक कार्य गर्ने ।
- योजना सम्वन्धी खाता सञ्चालन सिफारिश कार्य गर्ने/गराउने ।
- यस शाखालाई निर्दिष्ट अन्य कार्यहरु गर्ने ।

(६) सूचना प्रविधि शाखा

- कम्प्युटर प्रणालीको माध्यमवाट नगरपालिका क्षेत्रको Base Map तयार गरी सूचना प्रणालीलाई व्यवस्थित गर्ने ।
- नगरपालिकाको भौगोलिक सूचना प्रणालीको प्रयोगमा सहजीकरण गर्ने ।
- नगरपालिकाको सूचनाहरुलाई व्यवस्थित गर्नको लागि आवश्यक कम्प्युटर सफ्टवेर व्यवस्था गर्ने ।
- नगरपालिकाले स्थापना गरेको सूचना केन्द्रको दैनिक रेखदेख र सञ्चालन व्यवस्था मिलाउने र अभिलेखहरु सुव्यवस्थित राख्न आवश्यक कार्यहरु गर्ने/गराउने ।
- नगरपालिकाको Website डिजाइन गरी अद्यावधिक गर्ने/गराउने ।
- नगरपालिकाको आन्तरिक सूचना प्रणालीलाई व्यवस्थित गरी सहज र सुलभ बनाउन Computer Local Area Networking (LAN), इमेल, इन्टरनेट जस्ता प्रविधिहरुलाई प्रयोगमा ल्याउने र E-governace सम्वन्धी कार्यलाई प्रवर्द्धन गरी नगरकार्यपालिकाको सेवा प्रवाहलाई चुस्त, छिटोछरितो र प्रभावकारी तुल्याउन सहयोग गर्ने ।
- नगरपालिका क्षेत्रभित्र नगरपालिकाको नीति अनुरुप CCTV Camera जडान गर्ने/गराउने जडान गरिएका CCTV Camera हरु सुरक्षित रुपमा प्रयोग गर्ने/गराउने र सोको नियमित अनुगमन गर्ने/गराउने ।
- जडान भएका CCTV Camera हरु मार्फत नगरपालिकाको स्वामित्वमा रहेका नगरक्षेत्रभित्रका सम्पत्तिहरुको चोरी हुनबाट जोगाउन तथा नगरक्षेत्रभित्र नकारात्मक गतिविधिलाई निरन्तर रुपमा निगरानी गरी सुरक्षा गर्न कम्प्युटरबाटै Monitoring को व्यवस्था गर्ने/गराउने ।
- CCTV Camera मार्फत कम्प्युटरबाट Monitoring गरिएको दैनिक अभिलेख राख्ने र आवश्यकता अनुसार प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- नगरपालिकाका सबै शाखा/उपशाखा/इकाइ लगायत नगरपालिका अन्तर्गतका सबै निकायहरुमा सूचना प्रविधिका उपकरणहरुको जडान, मर्मत संभार तथा अनुगमनको कार्य गर्ने ।

HWDC 2004

- नगरपालिकाको लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने, संकलित सूचना तथा तथ्याङ्कको भण्डारण गर्ने र योजना तर्जुमाको क्रममा सम्बन्धित शाखा/उपशाखा वा अधिकारीलाई उपलब्ध गराउने ।
- नगरपालिकासँग सम्बन्धित पार्श्वचित्र, पाठ्य एवं प्रचार-प्रसार सामग्रीहरुको तयारी मस्यौदालाई प्रकाशन प्रयोजनका लागि डिजाइन/फर्म्याटिङ्ग गराउने ।
- नगरपालिकाका शाखा/उपशाखा/इकाइहरुमा स्थापना भएका संचारका उपकरण एवं प्रविधिगत उपायहरु (जस्तैः सर्भर, कम्प्युटर, फ्याक्स, टेलिफोन, इ-मेल, इन्टरनेट आदि) को समुचित व्यवस्था गरी छिटो-छरितो एवं गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।
- सूचना प्रविधिको प्रयोग सम्बन्धमा नगरपालिकाका निर्वाचित पदाधिकारी एवं कर्मचारीहरुलाई आवश्यक तालिम/अभिमुखीकरण गर्ने तथा सूचना प्रविधिको प्रयोग गर्न आवश्यक सहयोग गर्ने ।
- सूचनाहरुको प्रभावकारिता अभिवृद्धि गर्न विभिन्न संघ-सस्थाहरुसंग अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्ने/गराउने कार्यमा पहल गर्ने ।
- सूचना प्रणालीको विकास तथा विस्तारका लागि सम्बद्ध पक्ष तथा दातृ सँस्थाहरुसँग समन्वय गर्न आवश्यक नीति तयार गरी कार्यान्वयनमा ल्याउने प्रयोजनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई सघाउ पुऱ्याउने ।
- नगरपालिकाको अद्यावधिक वस्तुगत प्रतिवेदन तथा प्रगति विवरणहरु संकलन तथा भण्डारण गर्ने ।
- नगरकार्यपालिका कार्यालयमा स्थापना भएका सूचना प्रविधिसँग सम्बन्धित संयन्त्रहरू सधैं चालु एवं दुरुस्त अवस्थामा राख्ने ।
- नगरकार्यपालिकाको सूचना अधिकारीको जिम्मेवारी निर्वाह गर्ने ।
- नगरप्रहरी व्यवस्थापन शाखा अन्तर्गतका कर्मचारीहरुको दैनिक प्रशासनिक कार्य गर्ने ।
- मातहतका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने/गराउने ।
- यस शाखालाई निर्दिष्ट गरिएका र सुपरीवेक्षकबाट निर्देशन भए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(७) पूर्वाधार विकास शाखा

- पूर्वाधार विकासका लागि विभिन्न सेक्टरबाट गरिनु पर्ने कार्यहरुको स्पेसिफिकेशन तयार गर्ने र नक्सा एवं डिजाइन गर्ने ।
- पूर्वाधार विकासका लागि विभिन्न सेक्टरबाट गरिनु पर्ने कार्यहरुको योजना तर्जुमा गर्ने ।
- शाखासंग सम्बन्धित स्वीकृत योजना/कार्यक्रमको कार्यान्वयन, निरीक्षण एवं अनुगमन गर्ने/गराउने ।

HWDC 2004

- शाखासंग सम्बन्धित कार्यको प्रगति विवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- शाखासंग सम्बन्धित आवधिक प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- शाखाको बार्षिक कार्यक्रम र सोको कार्यान्वयन योजना निर्माण/तर्जुमा गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- शाखाको मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा प्रगति विवरण तयार गरी/गराई पेश गर्ने ।
- नगरको भोगचलन र स्वामित्वमा भएका भवनहरुको अभिलेख प्रमाणित गरी राख्ने ।
- नगरपालिका को भोगचलन तथा स्वामित्वमा रहेका भवनहरुको मर्मत सुधारको डिजाइन/ इष्टिमेट तयार गर्ने ।
- कार्यालय प्रयोजनको लागि आवश्यक भवनहरु निर्माण तथा सुधार गर्ने
- नगरपालिकाको सहयोगमा वन्ने अन्य भवनहरुको निर्माण मर्मत र सुधार गर्ने ।
- विगतमा भएका भौतिक पूर्वाधार तथा निर्माणको अभिलेख राख्ने र ती पूर्वाधारहरुको वर्तमान स्थिति विश्लेषण गरी मर्मत संभारको आवश्यक व्यवस्थाको लागि स्पष्ट रायसहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने/गराउने ।
- नगरक्षेत्रमा रहेका पुरातात्वि सम्पदाहरुको संरक्षण र सम्बर्द्धनको लागि कार्ययोजना बनाई पेश गर्ने र निर्णय भए अनुरुप कार्यान्वयन गने/गराउने ।
- नगरक्षेत्रभित्रका पुरातात्विक महत्वका वस्तुहरुको खोज, संरक्षण तथा सम्बर्द्धन एवं प्रचार-प्रसार गर्न गैर-सरकारी क्षेत्रसंग सहकार्यको वातावरण जुटाउने ।
- नगरक्षेत्र भित्रका रहेका पुरातात्वि महत्वका वस्तुहरुको अभिलेख अद्यावधिक गर्ने ।
- नगरपालिकाक्षेत्रभित्रका वस्ती विकास योजना (जस्तै :शहरी योजना, भू-उपयोग योजना) तर्जुमा गरी पेश गर्ने र स्वीकृत भए अनुसार कार्यन्वयन एवं अनुगमन/मूल्याङ्न योजना बनाई पेश गर्ने ।
- नगरपालिकाको भोगचलन तथा स्वामित्वमा रहेका भवनहरुको मर्मत सुधारको डिजाइन/ इष्टिमेट तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- कार्यालय प्रयोजनको लागि आवश्यक भवनहरु निर्माण तथा सुधार गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतलाई सघाउने ।
- एकीकृत वस्ती विकासका लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि सम्बन्धित निकाय/व्यक्तिसँग समन्वय गरी जग्गा प्राप्तिका लागि आवश्यक कार्य गर्ने/गराउने ।

मानव कल्याण विकास
HWDC
2004

- एकीकृत वस्ती निर्माण गर्दा त्यस्ता वस्तीमा सडक, खानेपानी, ढल-निकास, बिद्युत, टेलिफोन जस्ता पूर्वाधारहरु समेत एकीकृत रुपमा निर्माण गर्ने/गराउने कार्य गर्ने/ गराउने ।
- भवन संरचनासँग सम्बन्धित विषयहरुमा संघीय/प्रदेश सरकारबाट निर्धारित मापदण्ड बमोजिमका कार्यहरु कार्यान्वयन गर्ने/गराउने ।
- स्वीकृत भवन निर्माण एवं मर्मत सम्बन्धी योजना/कार्यक्रम अनुरुप निर्माण कार्य/मर्मत कार्य गर्ने/गराउने ।
- शाखाको दायित्वसँग सम्बन्धित बिषयमा सम्बद्ध निकायहरुसँग समन्वय गर्ने ।
- शाखाका सहायक कर्मचारीहरुको अनुगमन गर्ने ।
- शाखाका सहायक कर्मचारीहरुको प्रचलित कानून बमोजिम कार्यसम्पादन मूल्याँकन गर्ने/ गराउने ।
- शाखाका सहायक कर्मचारीहरुको पर्व तथा भैपरी बिदा एवं ७ दिन सम्मको घर बिदा स्वीकृत गर्ने र अन्य प्रकारका बिदाहरु माग गरेको अवस्थामा आफ्नो स्पष्ट राय सहित सुपरीवेक्षक समक्ष पेश गर्ने ।
- शाखामा रहेका उपकरण लगायतका जिन्सी सामान, अभिलेख तथा कागजातहरुको सुरक्षाको व्यवस्था मिलाउने ।
- जग्गाको उपयोग सम्बन्धी मापदण्ड निर्धारणको लागि आवश्यक सुझावको मस्यौदा तयार गरी पेश गर्ने ।
- भवन निर्माणको स्वीकृतिका लागि दर्ता हुन आएका निवेदनसाथका नक्साहरुको नगरपालिका बाट निर्धारित मापदण्ड बमोजिम भए/नभएको हेरी पेश गर्ने ।
- भवन निर्मोणको लागि निर्धारित मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिनको लागि पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने ।
- नगरपालिकाको स्वीकृति विना जग्गाको खण्डीकरण वा प्लटिंग भए/नभएको निरीक्षण अनुगमन गर्ने । स्वीकृति विना जग्गाको खण्डीकरण वा प्लटिंग भएको पाइएमा आवश्यक कारवाहीको लागि पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने ।
- नगरपालिकाक्षेत्रभित्र बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, आकारप्रकार र क्षेत्रफलको आधारमा समान ढाँचाको नमूना नक्सा तयार गरी नीतिगत निर्णयको लागि पेश गर्ने ।
- शाखामा रहेका उपकरण लगायतका जिन्सी सामान, अभिलेख तथा कागजातहरुको सुरक्षाको व्यवस्था मिलाउने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(८) वातावरण, विपद् तथा फोहोरमैला व्यवस्थापन उपशाखा

- नगरपालिका क्षेत्रभित्र वातावरण एवं विपद् व्यवस्थापनका लागि कार्यनीति तथा कार्ययोजना तर्जुमा गरी पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने ।
- शाखासंग सम्बन्धित स्वीकृत योजना/कार्यक्रमको कार्यान्वयन, निरीक्षण एवं अनुगमन गर्ने/गराउने ।
- शाखासंग सम्बन्धित कार्यको प्रगति विवरण तयार गर्ने/गर्न लगाउने र समीक्षा बैठकमा पेश गर्ने ।
- शाखासंग सम्बन्धित आवधिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने/गराउने ।
- शाखासंग सम्बन्धित काम कारवाही सम्बन्धमा सार्वजनिक सुनुवाई/सामाजिक परीक्षण गर्ने/ गराउने ।
- फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त स्थानमा Treatment Plant, Transfer Station र Landfill Site को व्यवस्था मिलाउन पहल गर्ने ।
- फोहरमैला व्यवस्थापनको लागि कार्ययोजना स्वीकृत गराई यस कार्यमा समुदाय र निजी क्षेत्रलाई परिचालन गर्ने ।
- नगरक्षेत्रको फोहरमैला व्यवस्थापनको लागि अल्पकालीन र दीर्घकालीन उपायहरु अवलम्बन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने ।
- शून्य लागतका फोहोरमैला व्यवस्थापनका दीर्घकालीन योजना तयार गर्ने ।
- फोहरमैला उत्पादन कम गर्ने प्रविधिको विकास गरी कार्यक्रम सञ्चालन गर्ने ।
- अन्य शाखा/उपशाखाहरुसँग सम्बद्ध बिषयमा भएका नगरपालिकाका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।
- प्राकृतिक प्रकोपको दृष्टिकोणले जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरी सूचना संकलन गर्ने र सोको रोकथाम/व्यवस्थापनको लागि कार्ययोजना स्वीकृत गराई कार्यान्वयन गर्ने/ गराउने ।
- शाखामा कार्यरत कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरी लागु गर्ने ।
- वातावरण संरक्षण र सुधारका कार्यक्रमको प्रगति विवरण तयार गरी प्रतिवेदन गर्ने ।
- शाखाका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्पन्न भएको बारे सुनिश्चित हुने ।
- शाखामा रहेका भौतिक सामान, उपकरण लगायतका जिन्सी सामान सुरक्षित राख्ने ।
- शाखाको कार्यक्षेत्र भित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी, आदिको आयोजना गर्ने ।
- नगरपालिका क्षेत्रभित्रको वातावरण सुधारको सन्दर्भमा अन्य सरकारी तथा गैर-सरकारी संस्थाहरुसंग समन्वयात्मक रुपमा वातावरणीय सुधारका कार्यक्रम सञ्चालन गर्ने ।

HWDC 2004

- शहरी वातावरण सुधारको लागि समुदाय परिचालनको पहल गर्ने र समुदाय स्तरमा जनचेतनाका कार्यक्रम संचालन गर्ने/गराउने ।
- शहरी वातावरण सुधारको लागि विविध निर्देशिकाहरु तयार गरी स्वीकृत गराउने र सो अनुसार कार्य गर्ने गराउने ।
- वातावरणीय सुधार र सुदृढीकरणको लागि भएका कार्यहरुको अनुगमन गरी सुधारका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने ।
- वातावरणीय संरक्षणको विषयलाई आवधिक र वार्षिक योजनाहरुमा समाविष्ट गर्ने व्यवस्था मिलाउने ।
- नगरक्षेत्रको पार्क, बगैंचाको विकास तथा संरक्षण गर्ने ।
- वेवारीसे लासको सतगतको व्यवस्था मिलाउने ।
- वातावरणीय प्रदूषण नियन्त्रणको लागि मापदण्डहरु लागू गर्ने ब्यवस्था मिलाउने ।
- नगरपालिकावासीहरुलाई प्राकृतिक प्रकोप एवं अन्य विपद्वाट वच्ने उपायहरुको सम्बन्धमा जनचेतना मूलक कार्यक्रम तर्जुमा गरी प्रचारप्रसार गर्ने ।
- भूकम्प, बाढी-पैह्रो, आगलागि जस्ता जोखिमबाट वच्ने उपाय सम्बन्धमा नगरक्षेत्रभित्रका हरेक नगरपालिकावासीलाई व्यवहारिक ज्ञान उपलब्ध गराउने विस्तृत कार्यक्रम भित्र्याउन विभिन्न सरकारी एवं गैर-सरकारी संघ/संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।
- सार्वजनिक जग्गा, खुला क्षेत्र, चउर, चरनक्षेत्र, तलतलैया, नदी, पानीको मुहान, घाट, पार्क, सडक, बाटोघाटो आदिको अभिलेख अद्यावधिक गर्ने र सो उपर अतिक्रमण हुन लागेको वा भएको देखिएमा तुरुन्त शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष जानकारी गराउने र आदेश वा निर्देशन भए बमोजिम त्यस्तो कार्यलाई रोक्ने ।
- सार्वजनिक मठ, मन्दिर, मस्जिद आदिको संरक्षण, सम्वर्द्धन र विकास एवं विस्तार गर्ने क्रममा सम्बधित निकायलाई सहयोग गर्ने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य काम गर्ने ।

(९) आर्थिक विकास शाखा

- नगरपालिकाक्षेत्रभित्र विद्यमान आर्थिक क्रियाकलापहरुसंग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।
- नगरपालिका क्षेत्रभित्र थप आर्थिक क्रियाकलापहरुको सम्भावना अध्ययन गरी समय समयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

- रोजगारमूलक क्षमता विकास कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्र प्रतिस्पर्धात्मक आर्थिक क्रियाकलाप सञ्चालन गराउनको लागि सरोकारवालालाई प्रोत्साहित गर्न आवश्यक नीति/कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने/गराउने ।
- स्थानीय उद्योग बाणिज्य संघ, निर्माण व्यावसायी समिति, यातायात समिति, खुद्रा व्यापार संघ, होटल तथा पर्यटनसंग सम्बन्धित संघ/संस्थाहरुसंग समन्वय गरी नगरपालिकाबाट लागू गरिएका उक्त क्षेत्रहरुसंग सम्बन्धित नीति/कार्यक्रमहरुको अनुगमन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्र अवैध तरिकाका आर्थिक क्रियाकलापहरु हुन नदिन निगरानीको व्यवस्था गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्र सहकारी क्षेत्रको विकासको लागि उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा गरी पेश गर्ने र स्वीकृत भए अनुसार कार्यान्वयन गर्ने/गराउने ।
- शाखाको दैनिक प्रशासनिक कार्य गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरी लागू गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन सम्पन्न भएको बारे सुनिश्चित हुने ।
- शाखाका सहायक कर्मचारीहरुलाई दण्ड/सजाय तथा पुरस्कारको सिफारिस गर्ने ।
- शाखामा रहेका जिन्सी सामान लगायतका सामग्रीहरुको अभिलेख अद्यावधिक गर्ने ।
- शाखाको कार्यक्षेत्रभित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजना गर्ने ।
- शाखाका कर्मचारीहरुलाई कार्यालय समयभन्दा वढी समय काम गराउन परेमा सिफारिससाथ निर्णय गराई काममा लगाउने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(क) उद्योग, पर्यटन तथा व्यवसाय प्रवर्द्धन उपशाखा

- नगरपालिका क्षेत्रभित्र सञ्चालन अवस्थामा रहेका सवै खाले उद्योगहरुको अभिलेख अद्यावधिक राख्ने ।
- नगरपालिका क्षेत्रभित्र सञ्चालन अवस्थामा रहेका सवै खाले उद्योगहरुमा रोजगारीको अवस्थाको अभिलेख अद्यावधिक गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिधिभित्र रही नगरपालिका क्षेत्रभित्र औद्योगिक विकासको सन्दर्भमा आवश्यक नीति/कार्यनीति तर्जुमा गरी सुपरीवेक्षक समक्ष पेश गर्ने ।

मानव कल्याण विकास समिति HWDC 2004 काठमाण्डौं (२०६१)

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिधिभित्र रही नगरपालिका क्षेत्रभित्र उद्योगधन्दा स्थापनाको लागि आवेदन गर्ने सेवाग्राहीहरुको सन्दर्भमा आवश्यक स्थलगत अध्ययन गरी प्रचलित कानून अनुसार दर्ता गर्न मिल्नेको हकमा दर्ता सम्बन्धी र नगरपालिकाको कार्यालयले आफैं दर्ता गर्न नमिल्नेको सन्दर्भमा आधिकारिक निकाय समक्ष सिफारिशको लागि कारवाही अगाडि बढाउने ।
- प्रचलित कानून बमोजिम नगरक्षेत्रभित्रका उद्योगहरुको नवीकरण अथवा नवीकरणको लागि सिफारिशको लागि कारवाही अगाडि बढाउने ।
- उपशाखाहरुसंग सम्बन्धित वार्षिक/आवधिक नीति/कार्यक्रम तर्जुमा सम्बन्धमा फाइलहरुको अध्ययन गरी आफ्नो रायसहीत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- उपशाखामा रहेका जिन्सी, उपकरण आदि एवं कागजात श्रेस्ता आदि सुरक्षित अवस्थामा राख्ने/राख्न लगाउने ।
- यस उपशाखालाई तोकिएका अन्य कार्यहरु गर्ने ।
- नगरपालिकाक्षेत्रभित्र पर्यटन पूर्वाधार विकासका लागि विभिन्न क्षेत्रहरुसंग समन्वय गर्ने ।
- नगरपालिकाक्षेत्रभित्र पर्यटन पूर्वाधार विकासका लागि नीति तथा कार्यक्रम तयार गरी पेश गर्ने र स्वीकृ नीति तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिकाक्षेत्रभित्र पर्यटन विकासका सम्भावनाहरुको अध्ययन गर्ने/गराउने ।
- नगरपालिकाक्षेत्रभित्र रहेका पर्यटन व्यवसाय/उद्योगहरुको अभिलेख अद्यावधिक गर्ने ।
- नगरपालिकाक्षेत्रभित्र सञ्चालिन पर्यटन व्यवसाय/उद्योगहरुको रोजगारीको अवस्था अभिलेख अद्यावधिक गर्ने र तत्तत् क्षेत्रहरुमा रोजगारी अभिबृद्धिका लागि पहल गर्ने ।
- नगरपालिकाक्षेत्रभित्र होम-स्टे कार्यक्रमहरुको सम्भाव्यता अध्ययन गरी होम-स्टे व्यवसाय सञ्चालनको लागि मापदण्ड निर्धारणको लागि पेश गर्ने ।
- उपशाखामा रहेका जिन्सी, उपकरण आदि एवं कागजात श्रेस्ता आदि सुरक्षित अवस्थामा राख्ने/राख्न लगाउने ।
- यस उपशाखालाई तोकिएका अन्य कार्यहरु गर्ने ।

(ख) सहकारी समन्वय उपशाखा

- नगरपालिकाक्षेत्रभित्र सहकारीको विकास र प्रवर्द्धनको लागि उपयुक्त वातावरण सिर्जना गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी पेश गर्ने र स्वीकृत भए अनुसार कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुको अभिलेख अद्यावधिक गर्ने ।

HWDC 2004

- नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुको अनुगमन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुलाई कुनै प्रकारको कठीनाई पर्न आएमा सोको समाधानको लागि आवश्यक सहयोग गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुको प्रचलित कानून बमोजिम नवीकरण गर्ने ।
- यस उपशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(१०) कृषि विकास शाखा

- नगरपालिका क्षेत्रभित्र विद्यमान कृषि पेशा एवं व्यवसायलाई प्रोत्साहन गर्न आधुनिक एवं उन्नत कृषि सम्बन्धी एकीकृत नीति, कार्यक्रम/कार्ययोजना तर्जुमा गर्ने ।
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन गर्ने ।
- कृषकबाट उत्पादित कृषिजन्य पदार्थहरुको मूल्य एवं बजारीकरणको लागि आवश्यक नीति/कार्यनीति तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्र कृषिजन्य उपभोग्य वस्तुहरुको विक्रिबितरणको लागि कृषि बजारस्थल तोकी सोही स्थानबाट सर्वसुलभरुपमा उपभोक्ताले प्राप्त गर्न सक्ने व्यवस्था गर्ने ।
- तरकारी, बीउविजन, मलखाद, कृषि औजार तथा फलफूलको थोक बजारको स्थान निर्धारण गर्ने/गराउने ।
- कृषि उत्पादक र उपभोक्ताहरुलाई बिचौलियाबाट अनावश्यकरुपमा शोषित/उत्पीडित र ठगीन नदिन उपयुक्त संयन्त्र निर्माण गरी सोको कार्यान्वयन तथा अनुगमनको समुचित व्यवस्था मिलाउने ।
- कृषि वाली, तरकारी तथा फलफूलहरुमा लाग्ने रोग नियन्त्रणको आवश्यक व्यवस्था मिलाउने
- कृषि सहकारीलाई प्रोत्साहित गर्न आवश्यक नीति/कार्यक्रम तर्जुमा गरी पेश गर्ने र स्वीकृत नीति/कार्यक्रम कार्यान्वयन गरी/गराई सोको निरन्तर अनुगमन समेत गर्ने/गराउने ।
- कृषकहरुलाई सहज र सुलभ कृषि ऋणको लागि आवश्यक पहल गर्ने ।
- कृषकहरुलाई व्यवसायमुखी कृषि खेतीको लागि अभिप्रेरित गर्ने र सो सम्बन्धमा आवश्यक परामर्श उपलब्ध गराउने ।
- कृषि क्षेत्रमा सिँचाइको सुविधा उपलब्ध गराउन सम्बन्धित निकायहरुसंग आवश्यक पहल गर्ने
- कृषि फसलहरुको बीमालाई प्रोत्साहन गर्ने ।
- कृषकहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाउने ।
- उत्कृष्ट कृषकहरुलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने/गराउने ।

HWDC 2004

- शाखाको कार्यक्षेत्रभित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजना गर्ने ।
- शाखाको दैनिक प्रशासनिक कार्य गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरी लागू गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन कार्य सम्पादन भएको बारे सुनिश्चित हुने ।
- शाखाका सहायक कर्मचारीहरुलाई दण्ड/सजाय तथा पुरस्कारको सिफारिस गर्ने ।
- शाखामा रहेका जिन्सी सामान लगायतका सामग्रीहरुको अभिलेख अद्यावधिक गर्ने ।
- शाखाका कर्मचारीहरुलाई कार्यालय समयभन्दा वढी समय काम गराउन परेमा सिफारिससाथ निर्णय गराई काममा लगाउने ।
- मातहतका कृषि सेवा केन्द्रहरुको निरीक्षण/अनुगमन गर्ने/गराउने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(११) पशु विकास शाखा

- नगरपालिका क्षेत्रभित्र पशुपक्षी पालन पेशा एवं व्यवसायलाई प्रोत्साहन गर्न आधुनिक एकीकृत नीति, कार्यक्रम/कार्ययोजना तर्जुमा गर्ने ।
- नगरपालिका क्षेत्रभित्र पशुपंक्षी पालन व्यवसायमा व्यावसायिक क्षमताको अभिवृद्धिको लागि नवप्रवर्तनात्मक एवं स्थानीयस्तरमा अनुकूल हुने प्रविधि र तरिकाको खोज गरी सो अवलम्बन गर्नको लागि सम्बन्धित पेशावाल/व्यवसायिलाई प्रोत्साहन गर्न पहल गर्ने ।
- उन्नत जातका पशुपालन व्यवसायलाई प्रोत्सान गरी कृषकहरुको आर्थिकस्तर उत्थान गर्ने कार्ययोजना तर्जुमा गरी लागू गर्ने/गराउने ।
- कृषकबाट उत्पादित पशुपक्षीजन्य पदार्थहरुको मूल्य एवं बजारीकरणको लागि आवश्यक नीति/कार्यनीति तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्र पशुजन्य उपभोग्य वस्तुहरु (मासु, माछा, अण्डा)को विक्रिवितरणको लागि बजारस्थल तोकी सोही स्थानबाट सर्वसुलभरुपमा उपभोक्ताले प्राप्त गर्न सक्ने व्यवस्था गर्ने/गराउने ।
- पशु आहार, दाना, भेटेरिनरी औषधिलगायत सामग्रीहरुको सहज र सुलभ उपलब्धताको लागि उचित व्यवस्था गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्र घरपालुवा पशुपक्षीहरुको लगत अद्यावधिक गर्ने ।
- वेवारिस तथा भुस्याहा कुकूरहरुको उचित व्यवस्थापन गर्ने ।

मानव कल्याण विकास समाज HWDC 2004

- वेवारिस तथा छाडा चौपायाहरुको उचित व्यवस्थापन गर्ने ।
- पशुजन्य उपभोग्य वस्तु उत्पादक र उपभोक्ताहरुलाई बिचौलियाबाट अनावश्यकरुपमा शोषित/उत्पीडित र ठगीन नदिन उपयुक्त संयन्त्र निर्माण गरी सोको कार्यान्वयन तथा अनुगमनको समुचित व्यवस्था मिलाउने ।
- नगरपालिका क्षेत्रभित्र कुनै पनि पशुपंक्षीहरुमा रोग लाग्न नदिन रोग नियन्त्रणको आवश्यक व्यवस्था मिलाउने ।
- नगरपालिका क्षेत्रभित्र मासु, माछा विक्रिस्थलहरु तोक्ने र यस्ता विक्रिस्थलहरुको मापदण्ड निर्धारण गरी सोको नियमित अनुगमन गर्ने/गराउने ।
- पशुपालन तथा पंक्षीपालनको लागि सहकारीलाई प्रोत्साहित गर्न आवश्यक नीति/कार्यक्रम तर्जुमा गरी पेश गर्ने र स्वीकृत नीति/कार्यक्रम कार्यान्वयन गरी/गराई सोको निरन्तर अनुगमन समेत गर्ने/गराउने ।
- गरिवी निवारण र रोजगारी अभिवृद्धिलाई दृष्टिगत गरी व्यवसायमूलक पशुपालन र पंक्षीपालनको लागि सहज र सुलभ ऋणको लागि आवश्यक पहल गर्ने ।
- नगरपालिका क्षेत्रभित्र पशु वीमालाई प्रोत्साहित गर्ने ।
- पशुपंक्षी व्यवसायिहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाउने ।
- पशुपक्षी पालकहरुलाई आवश्यक प्राविधिक सहयोगको व्यवस्था गर्ने/गराउने ।
- उत्कृष्ट पशुपंक्षी व्यवसायिहरुलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने/गराउने ।
- शाखाको कार्यक्षेत्रभित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजना गर्ने ।
- शाखाको दैनिक प्रशासनिक कार्य गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरी लागू गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको कार्यसम्पन्न भएको बारे सुनिश्चित हुने ।
- शाखाका सहायक कर्मचारीहरुलाई दण्ड/सजाय तथा पुरस्कारको सिफारिस गर्ने ।
- शाखामा रहेका जिन्सी सामान लगायतका सामग्रीहरुको अभिलेख अद्यावधिक गर्ने ।
- यस शाखा मातहतका पशु विकास केन्द्रहरुको निरीक्षण/अनुगमन गर्ने/गराउने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(१२) शिक्षा शाखा

- शाखाको कार्यसंग सम्बद्ध कार्यनीति तथा कार्ययोजना तर्जुमा गरी पेश गर्ने र स्वीकृत भए अनुरुप कार्यान्वयन गर्ने/गराउने ।
- शाखालाई तोकिएका कार्यहरुको प्रगति नियमितरुपमा तयार गराउने र समीक्षा वैठकमा प्रगति विवरण प्रस्तुत गर्ने र समीक्षा बैठकबाट प्राप्त पृष्ठपोषण/सुझावलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।
- शाखासँग सम्वन्धित बिषयका नगरसभाका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्रका शैक्षिक संस्थाहरुसंग समन्वय गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेअनुरुप अधिकार/कार्यक्षेत्रभित्र रही शैक्षिक समुन्नतिको लागि पहल गर्ने ।
- नगरपालिका स्तरीय खेलकुद आयोजना सम्बन्धी नीति तय गरी खेलकुद विकासको लागि आवश्यक कार्य गर्न नीतिको खाका तयार गराई स्वीकृति लागि पेश गर्ने एवं स्वीकृत भए वमोजिम कार्यान्वयन गर्ने/गराउने ।
- बहुउद्देश्यीय मार्सल आर्टस केन्द्रको सञ्चालनको व्यवस्था गर्ने ।
- नगरपालिकामा पुस्तकालयको स्थापना र सञ्चालन गर्ने/गराउने ।
- प्रौढ तथा अनौपचारिक शिक्षा सम्वन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिकाक्षेत्रमा शिक्षासँग सम्वन्धित मनोरञ्जन स्थल, क्रिडास्थल, संग्रहालय, चिडियाखाना र पार्क आदिको व्यवस्था गर्न सम्बद्ध पक्ष एवं दातृ निकायहरुसँग समन्वय गर्ने ।
- रंगशाला र व्यायामशालासंग सम्वन्धित निकायसँग समन्वय गरी सोको उपयोग गर्ने ।
- युवामैत्री नीति र कार्यक्रमहरु तर्जुमा गरी पेश गर्ने र स्वीकृत भए अनुसार कार्ययोजना वनाई कार्यान्वयन गर्ने/गराउने ।
- युवामैत्री नीति र कार्यक्रमहरु तर्जुमा गरी पेश गर्ने ।
- नगरक्षेत्रभित्र आवश्यकता अनुसार पुस्तकालय/वाचनालयको व्यवस्थापन गर्ने ।
- शाखामा रहेका जिन्सी सामान/यन्त्र-उपकरण/सामग्रीहरुको अभिलेख राखी/राख्न लगाई आवश्यक प्रतिवेदन समेत तयार गर्ने ।
- शाखाको कार्यक्षेत्रभित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजना गर्ने र अन्यत्र निकायबाट आयोजना हुने यस्ता कार्यक्रमहरु नरपालिकाको तर्फबाट सहभागि हुने ।
- शाखा अन्तर्गतका दैनिक प्रशासनिक कार्य गर्ने ।
- शाखा अन्तर्गतका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गर्ने ।

- यस शाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।
- उपशाखाको कार्यसंग सम्बद्ध कार्यनीति तथा कार्ययोजना तर्जुमा गरी पेश गर्ने र स्वीकृत भए अनुरुप कार्यान्वयन गर्ने/गराउने ।
- स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेअनुरुप अधिकार/कार्यक्षेत्रभित्र रही खेलकुद तथा कला-संस्कृतिको समुन्नतिको लागि पहल गर्ने ।
- नगरपालिका स्तरीय खेलकुद आयोजना सम्बन्धी नीति तय गरी खेलकुद विकासको लागि आवश्यक कार्य गर्न नीतिको खाका तयार गराई स्वीकृति लागि पेश गर्ने एवं स्वीकृत भए वमोजिम कार्यान्वयन गर्ने/गराउने ।
- वहुउद्देश्यीय मार्सल आर्टस केन्द्रको सञ्चालनको व्यवस्था गर्ने ।
- नगरपालिकाक्षेत्रमा मनोरञ्जन स्थल, क्रिडास्थल, संग्रहालय, चिडियाखाना र पार्क आदिको व्यवस्था गर्न सम्बद्ध पक्ष एवं दातृ निकायहरुसँग समन्वय गर्ने ।
- रंगशाला र व्यायामशालासंग सम्बन्धित निकायसँग समन्वय गरी सोको उपयोग गर्ने ।
- युवामैत्री नीति र कार्यक्रमहरु तर्जुमा गरी पेश गर्ने र स्वीकृत भए अनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने ।
- युवामैत्री नीति र कार्यक्रमहरु तर्जुमा गरी पेश गर्ने ।
- उपशाखामा रहेका जिन्सी सामान/यन्त्र-उपकरण/सामग्रीहरुको अभिलेख राखी/राख्न लगाई आवश्यक प्रतिवेदन समेत तयार गर्ने ।
- उपशाखाको कार्यक्षेत्रभित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजना गर्ने र अन्यत्र निकायबाट आयोजना हुने यस्ता कार्यक्रमहरु नरपालिकाको तर्फबाट सहभागि हुने ।
- उपशाखा अन्तर्गतका दैनिक प्रशासनिक कार्य गर्ने ।
- उपशाखा अन्तर्गतका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गर्ने ।
- यस उपशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

- नगरकार्यपालिकाको कार्यालयमा प्रभावकारी रुपमा पुस्तकालय व्यवस्थापन गर्ने ।
- पुस्तकालयमा प्राप्त हुने पुस्तक, अध्ययन प्रतिवेदन, जर्नल आदिलाई वैज्ञानिक प्रणालीमा अभिलेखीकरण गरी सुरक्षित राख्ने ।
- अखवार, पत्र-पत्रिका, पुस्तक, अध्ययन प्रतिवेदन, जर्नल वा सार्वजनिक दस्तावेज आदिको अध्ययन गर्न सहज हुने किसिमले वाचनालयको व्यवस्था गर्ने ।

मानव कल्याण विकास समिति HWDC 2004 कञ्चनपुर (२०६१)

- नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुको लागि पुस्तकालय सदस्यता परिचय-पत्र तयार गरी उपलब्ध गराउने व्यवस्था गर्ने ।
- नगरपालिकाले स्वीकृत गरे अनुसार पुस्तकालयबाट सेवा प्रवाहको व्यवस्था मिलाउने ।
- पुस्तकालयबाट प्रदान गरिने सेवाका उपभोक्ताहरुको बिवरण राख्ने ।
- पुस्तकालय सेवा प्रबर्द्धनका लागि पहल गर्ने ।
- यस उपशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(१३) महिला, बालबालिका, समाज कल्याण तथा गैर सरकारी समन्वय शाखा

- नगरपालिका क्षेत्रभित्रका विपन्न तथा पिछडिएका वर्ग तथा लक्षित समूहका लागि उत्थान/सशक्तिकरण/सवलीकरणको लागि कार्यक्रमहरु संचालन गर्ने/गराउने ।
- समुदाय परिचालनको माध्यमवाट नगरपालिकाको योजना तथा कार्यक्रम सञ्चालन गर्न वातावरण सिर्जना गर्ने/गराउने ।
- सामुदायिक विकासको लागि नगरपालिका क्षेत्रभित्रका गैरसरकारी संस्था परिचालनमा आवश्यक समन्वय र सहयोग गर्ने ।
- उपभोक्ता समिति, टोल विकास संस्था, समाज विकास संस्था, क्लबहरु आदिको दर्ता तथा नवीकरण गर्ने/गराउने ।
- सामुदायिक विकासमा संलग्न सरकारी, गैरसरकारी संस्थाहरुको सूची तयार गरी समन्वयात्मक रुपले कार्यसञ्चालन गर्ने ।
- सामुदायिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय, गैरसरकारी संस्थाहरुले नगरपालिकाक्षेत्रभित्र कार्यक्रम संचालन गर्न आवश्यक अनुमति र सहकार्यका लागि आवश्यक काम गर्ने ।
- सामाजिक सेवाको लागि स्वयंसेवकहरुको सूची तयार गरी परिचालन गर्ने ।
- लक्षित समूहको विकासको लागि तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- यस नगरपालिकाका सम्वद्ध शाखाहरुसंग आवश्यक समन्वय गरी महिला, बालबालिका, जनजाति, दलित, उत्पीडित, उपेक्षित, द्वन्द्व पिडित, शहरी गरीब सम्वन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको लागि सम्बद्ध पक्षहरुसँग समन्वय गर्ने ।
- नगरपालिका क्षेत्रभित्रका अशक्त र ज्येष्ठ नागरिक, विधवा/एकल महिलाको उत्थानको लागि आवश्यक कार्यक्रम बनाई पेश गर्ने र सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखासंग समन्वय गरी कार्यान्वयन गर्ने/गराउने ।

HWDC 2004

- नगरपालिका क्षेत्रभित्र रहेका गैरसरकारी संघ/संस्थाहरुको अभिलेख अद्यावधिक राख्ने ।
- नगरपालिका क्षेत्रभित्र रहेका गैरसरकारी संघ/संस्थाहरुले नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्ने कार्यक्रमहरुलाई अनिवार्य रुपमा नगरपालिकाको प्राथमिकता क्षेत्रभित्र आवद्ध रहे/नरहेको अध्ययन गरी नगरपालिको उद्देश्य र आवश्यकता अनुरुप भए/नभएको हेरी कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने ।
- नगरपालिकाको सामाजिक एवं सांस्कृतिक तथा कला क्षेत्रको विकास र उत्थानको लागि गैरसरकारी क्षेत्रसंग सहकार्य गर्न सक्ने कार्यक्रमहरुको पहिचान गरी नगरपालिकाको नीति अनुरुप नगरपालिकासंग सहकार्य गर्न इच्छुक गैरसरकारी संघ/संस्थाहरुलाई आव्हान गर्ने ।
- नगरपालिका क्षेत्रभित्र रहेका गैरसरकारी संस्थाहरुको आवधिक प्रगति विवरण माग गरी त्यस्ता संस्थाहरुले गरेका कार्यक्रमहरुको अध्ययन गरी ती संस्थाहरुबाट नगरक्षेत्रको विकासमा पुगेको योगदानको विश्लेषण गरी पेश गर्ने ।
- नगरपालिका क्षेत्रभित्र रहेका गैरसरकारी संस्थाहरुको नवीकरणको लागि सिफारिश गर्न राय सहीत पेश गर्ने ।
- नगरपालिका क्षेत्रभित्र गैरसरकारी संस्थाहरु दर्ताको लागि सिफारिश माग हुन आएको अवस्थामा आवश्यक विधान तथा उद्देश्यको अध्ययन गरी नगरपालिकाको सामाजिक आर्थिक विकासमा टेवा पुऱ्याउने र वातावरणमा प्रतिकूल असर नपर्ने देखिएमा दर्ता गर्नको लागि सिफरिश गर्ने सम्बन्धमा पेश गर्ने ।
- शाखाको कार्यक्षेत्र भित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजना गर्ने ।
- शाखाको दैनिक प्रशासनिक कार्य गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरी/गराई लागू गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन सम्पन्न भएको बारेमा सुनिश्चित हुने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(१४) स्वास्थ्य शाखा

- नगरपालिका क्षेत्रभित्रका निजी औषधालय/औषधिजन्य संस्थाहरुको अनुगमन गर्ने/गराउने र कानूनले तोकेको मापदण्ड विपरित कर्य गरेको पाइएमा तत्काल पुष्ट्याइँसहित कारवाहीको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- मातहतका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य चौकी क्लिनिकहरुको आकस्मिक निरीक्षण गर्ने । कुनै निकाय अथवा कर्मचारीले प्रचलित कानून अथवा आचरण विपरित काम गरेको पाइएमा तत्काल कारवाही आरम्भ गर्ने ।

मानव कल्याण विकास संस्था HWDC 2004 कञ्चनपुर (२०८१)

- नगरपालिका क्षेत्रभित्रको लागि परिवार नियोजन कार्यक्रम, खोप सेवा कार्यक्रम, स्वास्थ्य क्याम्प, सुरक्षित मातृत्व सचेतना कार्यक्रम आदि जस्ता कार्यक्रमहरु सञ्चालन सम्बन्धमा नीति तथा कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने।
- नगरपालिका क्षेत्रभित्र स्वास्थ्य, पोषण तथा सरसफाई सम्बन्धी कार्यक्रम/कार्ययोजना तर्जुमा गर्ने/गराउने र यस सम्बन्धमा वातावरण तथा विपद् व्यवस्थापन शाखासंग समेत समन्वय गर्ने ।
- सरुवा रोग नियन्त्रण गर्न अग्रिम विधि र प्रक्रिया निर्धारण गरी तत्कालै कार्यान्वयन गर्ने/गराउने ।
- HIV/AIDS एवं क्षयरोग विरुद्धको सचेतनामूलक रोकथाम र उपचार सम्बन्धी कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिकाक्षेत्रभित्र सञ्चालित विभिन्न मानव रोग विरुद्धको निरोधात्कम र प्रवर्द्धनात्मक स्वास्थ्य सम्बन्धी क्रियाकलापको सम्बन्धमा स्वास्थ्य निरीक्षकहरु खटाई प्रवाहित जनस्वास्थ्य सेवाको आवस्थाको अनुगमन गराउने र सोको प्रतिवेदन लिई पेश गर्ने ।
- नगरपालिका क्षेत्रभित्रका वस्तीहरुमा गाउँघर Clinic/स्वास्थ्य शिविर सञ्चालन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्र पोषण कार्यक्रम सञ्चालन गर्ने/गराउने ।
- सामाजिक स्वास्थ्य सेवाको लागि स्वयंसेवकहरुको सूची तयार गरी परिचालन गर्ने ।
- लक्षित समूहको विकासको लागि तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- शाखाको कार्यक्षेत्रभित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजना गर्ने ।
- शाखाको दैनिक प्रशासनिक कार्य गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरी/गराई लागू गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन सम्पन्न भएको बारेमा सुनिश्चित हुने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(क) प्राथमिक स्वास्थ्य केन्द्र, पाटन

- नगरपालिका क्षेत्रभित्र हुनसक्ने रोगजन्य प्रकोप हुन नदिन स्वीकृत भए बमोजिम जनचेतनामूलक कार्यक्रमहरु कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्रको लागि परिवार नियोजन कार्यक्रम, खोप सेवा कार्यक्रम, स्वास्थ्य क्याम्प, सुरक्षित मातृत्व सचेतना कार्यक्रम आदि जस्ता कार्यक्रमहरु स्वीकृत भए बमोजिम सञ्चालन गर्ने ।
- सरुवा रोग नियन्त्रण गर्न अग्रिम विधि र प्रक्रिया निर्धारण गरी तत्कालै कार्यान्वयन गर्ने/गराउने ।

महिला कल्याण विकास HWDC 2004 कञ्चनपुर (२०६१)

- HIV/AIDS एवं क्षयरोग विरुद्धको सचेतनामूलक रोकथाम र उपचार सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।
- विरामीहरु र उनीहरुको परिवारको सहयोगमा स्वास्थ्य समस्याको सूचना प्राप्त गर्ने व्यवस्था मिलाउने ।
- बिरामीहरुलाई समुदायमा हुने स्रोत र साधनहरुको प्रयोगमा सहयोग गर्ने ।
- निम्न आय भएकाहरुको लागि प्राथमिक स्वास्थ्य चौकीबाट प्रदान गरीने प्रमुख नसर्ने रोगहरुको उपचारको एकीकृत व्यवस्थापन गरी स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको प्रभावकारी रुपमा प्रयोग गरी सेवा उपलब्ध गरनउने ।
- गरिब तथा उच्च जोखिममा रहेका मानिसहरुलाई मुटु रोग, पक्षघात, उच्च रक्तचाप क्यान्सर मधुमेह, दम आदि रोगहरुबाट बचाउन सो रोगहरु लाग्नै नदिन सचेतनामूलक कार्यक्रमहरु निर्धारित कार्यक्रमानुसार सञ्चालन गर्ने ।
- शिघ्र निदान, सामुदायिक सहभागिता तथा स्व-हेरचाहमा सहयोग गर्ने ।
- मादक पदार्थ एवं सूर्तीजन्य पदार्थबाट जनस्वास्थ्यमा पुग्ने हानी बारे निर्धारित कार्यक्रमानुसार प्रचारप्रसार गर्ने/गराउने ।
- परिवार नियोजन सम्बन्धी कार्यक्रमहरु स्वीकृत भए अनुरुप कार्यान्वयन गर्ने/गराउने ।
- सुरक्षित मातृत्व सेवा सम्बन्धी कार्य गर्ने/गराउने ।
- व्यक्तिगत/सामुदायिक सरसफाइ कार्यमा समुदायका व्यक्ति एवं निजीक्षेत्रलाई उत्प्रेरित गरी/गराई निरन्तरताको लागि प्रयास गर्ने ।
- प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रदान गरिने नर्सिङ् सेवालाई चुस्तदूरुस्त बनाउने ।
- नर्सिङ् कार्यसंग सम्बन्धित कर्मचारीहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार सेवाका लागि आएका बिरामीको उचित हेरचाह गर्ने ।
- बिरामीहरुको लगत (Patient Medical Record) अद्यावधिक गर्ने/गराउने ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा आउने गर्भीणी महिलाहरुलाई आवश्यक र सुरक्षित मातृत्व सेवा एवं परामर्श प्रदान गर्ने/गराउने ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा आउने गर्भीणी महिलाहरुलाई सुरक्षित प्रजनन सेवा उपलब्ध गराउने ।
- परिवार स्वास्थ्य र परिवार नियोजन सेवाको लागि आउने सेवाग्राहीहरुलाई उपयुक्त तरिकाले परिवार नियोजन सम्बन्धी परामर्श र औषधि/साधन उपलब्ध गराउने ।

मानव कल्याण विकास HWDC 2004 कञ्चनपुर

- प्राथमिक स्वास्थ्य केन्द्रका आधिकारिक स्वास्थ्यकर्मीहरुबाट दिइने प्रेस्क्रिप्सनको आधारमा विरामीलाई प्राथमिक स्वास्थ्य केन्द्रवाट उपलब्ध हुने औषधि उपलब्ध गर्ने/गराउने ।
- मातृ शिशु तथा वालवालिकाका लागि निर्धारित खोप सेवा नियमित रुपमा प्रदान गर्ने/गराउने र सम्बद्ध निकायबाट निर्धारित खोप सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सरुवा रोग तथा महामारी नियन्त्रण कार्यमा तदारुकताका साथ कार्य गर्ने ।
- भिटामिन ए, डट्स, परिवार नियोजन तथा जनस्वास्थ्यको लागि निर्धारित प्रतिरोधात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- प्राणघातक रोगहरु विरुद्ध जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- निर्धारित पोषण कार्यक्रम सञ्चालन गर्ने ।
- प्राथमिक स्वास्थ्य केन्द्रलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(ख) स्वास्थ्य चौकीहरु ९ वटा

- नगरपालिका क्षेत्रभित्र हुनसक्ने रोगजन्य प्रकोप हुन नदिन स्वीकृत भए बमोजिम जनचेतनामूलक कार्यक्रमहरु कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिका क्षेत्रभित्रको लागि परिवार नियोजन कार्यक्रम, खोप सेवा कार्यक्रम, स्वास्थ्य क्याम्प, सुरक्षित मातृत्व सचेतना कार्यक्रम आदि जस्ता कार्यक्रमहरु स्वीकृत भए बमोजिम सञ्चालन गर्ने ।
- सरुवा रोग नियन्त्रण गर्न अग्रिम विधि र प्रक्रिया निर्धारण गरी तत्कालै कार्यान्वयन गर्ने/गराउने ।
- HIV/AIDS एवं क्षयरोग विरुद्धको सचेतनामूलक रोकथाम र उपचार सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।
- विरामीहरु र उनीहरुको परिवारको सहयोगमा स्वास्थ्य समस्याको सूचना प्राप्त गर्ने व्यवस्था मिलाउने ।
- बिरामीहरुलाई समुदायमा हुने स्रोत र साधनहरुको प्रयोगमा सहयोग गर्ने ।
- निम्न आय भएकाहरुको लागि स्वास्थ्य चौकीवाट प्रदान गरीने प्रमुख नसर्ने रोगहरुको उपचारको एकीकृत व्यवस्थापन गरी स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको प्रभावकारी रुपमा प्रयोग गरी सेवा उपलब्ध गरनउने ।
- गरिब तथा उच्च जोखिममा रहेका मानिसहरुलाई मुटु रोग, पक्षघात, उच्च रक्तचाप क्यान्सर मधुमेह, दम आदि रोगहरुबाट बचाउन सो रोगहरु लाग्नै नदिन सचेतनामूलक कार्यक्रमहरु निर्धारित कार्यक्रमानुसार सञ्चालन गर्ने ।
- शिघ्र निदान, सामुदायिक सहभागिता तथा स्व–हेरचाहमा सहयोग गर्ने ।

मानव कल्याण विकास केन्द्र HWDC 2004 काञ्चनपुर

- मादक पदार्थ एवं सूर्तीजन्य पदार्थबाट जनस्वास्थ्यमा पुग्ने हानी वारे निर्धारित कार्यक्रमानुसार प्रचारप्रसार गर्ने/गराउने ।
- परिवार नियोजन सम्बन्धी कार्यक्रमहरु स्वीकृत भए अनुरुप कार्यान्वयन गर्ने/गराउने ।
- सुरक्षित मातृत्व सेवा सम्बन्धी कार्य गर्ने/गराउने ।
- व्यक्तिगत/सामुदायिक सरसफाइ कार्यमा समुदायका व्यक्ति एवं निजीक्षेत्रलाई उत्प्रेरित गरी/गराई निरन्तरताको लागि प्रयास गर्ने ।
- स्वास्थ्य चौकीबाट प्रदान गरिने नर्सिङ् सेवालाई चुस्तदूरुस्त बनाउने ।
- नर्सिङ् कार्यसंग सम्बन्धित कर्मचारीहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।
- स्वास्थ्य चौकीमा उपचार सेवाका लागि आएका बिरामीको उचित हेरचाह गर्ने ।
- बिरामीहरुको लगत (Patient Medical Record) अद्यावधिक गर्ने/गराउने ।
- स्वास्थ्य चौकीमा आउने गर्भीणी महिलाहरुलाई आवश्यक र सुरक्षित मातृत्व सेवा एवं परामर्श प्रदान गर्ने/गराउने ।
- स्वास्थ्य चौकीमा आउने गर्भीणी महिलाहरुलाई सुरक्षित प्रजनन सेवा उपलब्ध गराउने ।
- परिवार स्वास्थ्य र परिवार नियोजन सेवाको लागि आउने सेवाग्राहीहरुलाई उपयुक्त तरिकाले परिवार नियोजन सम्बन्धी परामर्श र औषधि/साधन उपलब्ध गराउने ।
- स्वास्थ्य चौकीका आधिकारिक स्वास्थ्यकर्मीहरुबाट दिइने प्रेस्क्रिप्सनको आधारमा विरामीलाई स्वास्थ्य चौकीबाट उपलब्ध हुने औषधि उपलब्ध गर्ने/गराउने ।
- मातृ शिशु तथा बालबालिकाका लागि निर्धारित खोप सेवा नियमित रुपमा प्रदान गर्ने/गराउने र सम्बद्ध निकायबाट निर्धारित खोप सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सरुवा रोग तथा महामारी नियन्त्रण कार्यमा तदारुकताका साथ कार्य गर्ने ।
- भिटामिन ए, डट्स, परिवार नियोजन तथा जनस्वास्थ्यको लागि निर्धारित प्रतिरोधात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- प्राणघातक रोगहरु विरुद्ध जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- निर्धारित पोषण कार्यक्रम सञ्चालन गर्ने ।
- स्वास्थ्य चौकीलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(ग) नगर स्वास्थ्य केन्द्र (५ वटा)

- नगरपालिकाक्षेत्रभित्र हुनसक्ने रोगजन्य प्रकोप हुन नदिन स्वीकृत भए बमोजिम जनचेतनामूलक कार्यक्रमहरु कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिकाक्षेत्रभित्रको लागि परिवार नियोजन कार्यक्रम, खोप सेवा कार्यक्रम, स्वास्थ्य क्याम्प, सुरक्षित मातृत्व सचेतना कार्यक्रम आदि जस्ता कार्यक्रमहरु स्वीकृत भए बमोजिम सञ्चालन गर्ने ।
- सरुवा रोग नियन्त्रण गर्न अग्रिम विधि र प्रक्रिया निर्धारण गरी तत्कालै कार्यान्वयन गर्ने/गराउने ।
- HIV/AIDS एवं क्षयरोग विरुद्धको सचेतनामूलक रोकथाम र उपचार सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।
- विरामीहरु र उनीहरुको परिवारको सहयोगमा स्वास्थ्य समस्याको सूचना प्राप्त गर्ने व्यवस्था मिलाउने ।
- बिरामीहरुलाई समुदायमा हुने स्रोत र साधनहरुको प्रयोगमा सहयोग गर्ने ।
- निम्न आय भएकाहरुको लागि शहरी स्वास्थ्य केन्द्रबाट प्रदान गरीने प्रमुख नसर्ने रोगहरुको उपचारको एकीकृत व्यवस्थापन गरी स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको प्रभावकारी रुपमा प्रयोग गरी सेवा उपलब्ध गराउने ।
- गरिब तथा उच्च जोखिममा रहेका मानिसहरुलाई मुटु रोग, पक्षघात, उच्च रक्तचाप क्यान्सर मधुमेह, दम आदि रोगहरुबाट बचाउन सो रोगहरु लाग्नै नदिन सचेतनामूलक कार्यक्रमहरु निर्धारित कार्यक्रमानुसार सञ्चालन गर्ने ।
- शिघ्र निदान, सामुदायिक सहभागिता तथा स्व–हेरचाहमा सहयोग गर्ने ।
- मादक पदार्थ एवं सूर्तीजन्य पदार्थबाट जनस्वास्थ्यमा पुग्ने हानी वारे निर्धारित कार्यक्रमानुसार प्रचारप्रसार गर्ने/गराउने ।
- परिवार नियोजन सम्बन्धी कार्यक्रमहरु स्वीकृत भए अनुरुप कार्यान्वयन गर्ने/गराउने ।
- सुरक्षित मातृत्व सेवा सम्बन्धी कार्य गर्ने/गराउने ।
- व्यक्तिगत/सामुदायिक सरसफाइ कार्यमा समुदायका व्यक्ति एवं निजीक्षेत्रलाई उत्प्रेरित गरी/गराई निरन्तरताको लागि प्रयास गर्ने ।
- शहरी स्वास्थ्य केन्द्रबाट प्रदान गरिने नर्सिङ् सेवालाई चुस्तदूरुस्त बनाउने ।
- नर्सिङ् कार्यसंग सम्बन्धित कर्मचारीहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।
- शहरी स्वास्थ्य केन्द्रमा उपचार सेवाका लागि आएका बिरामीको उचित हेरचाह गर्ने ।

सानव कल्याण विकास HWDC 2004 केऊचनपुर (२०६१)

- बिरामीहरुको लगत (Patient Medical Record) अद्यावधिक गर्ने/गराउने ।
- शहरी स्वास्थ्य केन्द्रमा आउने गर्भीणी महिलाहरुलाई आवश्यक र सुरक्षित मातृत्व सेवा एवं परामर्श प्रदान गर्ने/गराउने ।
- शहरी स्वास्थ्य केन्द्रमा आउने गर्भीणी महिलाहरुलाई सुरक्षित प्रजनन सेवा उपलब्ध गराउने ।
- परिवार स्वास्थ्य र परिवार नियोजन सेवाको लागि आउने सेवाग्राहीहरुलाई उपयुक्त तरिकाले परिवार नियोजन सम्बन्धी परामर्श र औषधि/साधन उपलब्ध गराउने ।
- शहरी स्वास्थ्य केन्द्रका आधिकारिक स्वास्थ्यकर्मीहरुबाट दिइने प्रेस्क्रिप्सनको आधारमा बिरामीलाई शहरी स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने औषधि उपलब्ध गर्ने/गराउने ।
- मातृ शिशु तथा बालबालिकाका लागि निर्धारित खोप सेवा नियमित रुपमा प्रदान गर्ने/गराउने र सम्बद्ध निकायबाट निर्धारित खोप सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सरुवा रोग तथा महामारी नियन्त्रण कार्यमा तदारुकताका साथ कार्य गर्ने ।
- भिटामिन ए, डट्स, परिवार नियोजन तथा जनस्वास्थ्यको लागि निर्धारित प्रतिरोधात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- प्राणघातक रोगहरु विरुद्ध जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- निर्धारित पोषण कार्यक्रम सञ्चालन गर्ने ।
- शहरी स्वास्थ्य केन्द्रलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(घ) प्रसुती केन्द्रहरु (६ वटा)

- नगरपालिकाक्षेत्रभित्रको लागि परिवार नियोजन कार्यक्रम, खोप सेवा कार्यक्रम, स्वास्थ्य क्याम्प, सुरक्षित मातृत्व सचेतना कार्यक्रम आदि जस्ता कार्यक्रमहरु स्वीकृत भए बमोजिम सञ्चालन गर्ने ।
- सरुवा रोग नियन्त्रण गर्न अग्रिम विधि र प्रक्रिया निर्धारण गरी तत्कालै कार्यान्वयन गर्ने/गराउने ।
- HIV/AIDS एवं क्षयरोग विरुद्धको सचेतनामूलक रोकथाम र उपचार सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।
- गर्भिणी महिला, प्रसुतीजन्य बिरामीहरु र उनीहरुको परिवारको सहयोगमा स्वास्थ्य समस्याको सूचना प्राप्त गर्ने व्यवस्था मिलाउने ।
- बिरामीहरुलाई समुदायमा हुने स्रोत र साधनहरुको प्रयोगमा सहयोग गर्ने ।
- शिघ्र निदान, सामुदायिक सहभागिता तथा स्व–हेरचाहमा सहयोग गर्ने ।

- मादक पदार्थ एवं सूर्तीजन्य पदार्थबाट जनस्वास्थ्यमा पुग्ने हानी वारे निर्धारित कार्यक्रमानुसार प्रचारप्रसार गर्ने/गराउने ।
- परिवार नियोजन सम्बन्धी कार्यक्रमहरु स्वीकृत भए अनुरुप कार्यान्वयन गर्ने/गराउने ।
- सुरक्षित मातृत्व सेवा सम्बन्धी कार्य गर्ने/गराउने ।
- व्यक्तिगत/सामुदायिक सरसफाइ कार्यमा समुदायका व्यक्ति एवं निजीक्षेत्रलाई उत्प्रेरित गरी/गराई निरन्तरताको लागि प्रयास गर्ने ।
- प्रसुती केन्द्रबाट प्रदान गरिने नर्सिङ् सेवालाई चुस्तदूरुस्त बनाउने ।
- प्रसुती केन्द्रमा गर्भवस्था तथा प्रसुतीजन्य सेवाका लागि आएका बिरामीको उचित हेरचाह गर्ने ।
- प्रसुतीजन्य बिरामी र नवजात शिशुहरुको लगत (Patient Medical Record) अद्यावधिक गर्ने/गराउने ।
- प्रसुती केन्द्रमा आउने गर्भीणी महिलाहरुलाई आवश्यक र सुरक्षित मातृत्व सेवा एवं परामर्श प्रदान गर्ने/गराउने ।
- प्रसुती केन्द्रमा आउने गर्भीणी महिलाहरुलाई सुरक्षित प्रजनन सेवा उपलब्ध गराउने ।
- परिवार स्वास्थ्य र परिवार नियोजन सेवाको लागि आउने सेवाग्राहीहरुलाई उपयुक्त तरिकाले परिवार नियोजन सम्बन्धी परामर्श र औषधि/साधन उपलब्ध गराउने ।
- मातृ शिशु तथा बालबालिकाका लागि निर्धारित खोप सेवा नियमित रुपमा प्रदान गर्ने/गराउने र सम्बद्ध निकायबाट निर्धारित खोप सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सरुवा रोग तथा महामारी नियन्त्रण कार्यमा तदारुकताका साथ कार्य गर्ने ।
- भिटामिन ए, डट्स, परिवार नियोजन तथा जनस्वास्थ्यको लागि निर्धारित प्रतिरोधात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- प्राणघातक रोगहरु विरुद्ध जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- निर्धारित पोषण कार्यक्रम सञ्चालन गर्ने ।
- प्रसुती केन्द्रलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(१५) राजश्व शाखा

- राजश्व प्रक्षेपण तथा वार्षिक राजश्व संकलन अनुमान तयार गर्ने ।
- नगरपरिषद्मा प्रस्तुत गर्ने प्रयोजनको लागि राजश्व सम्बन्धी प्रस्तावको मस्यौदा तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- नगरपालिकाको राजश्व योजना तयारी/कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।

मानव कल्याण विकास केन्द्र IIWDC 2004

- राजश्व परामर्श समितिको वैठक एवं निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।
- राजश्व अभिवृद्धिसँग सम्वन्धित कार्यहरुको विषयमा नीति, रणनीति, कार्यविधि, निर्देशिका एवं कार्यक्रम तर्जुमा सम्वन्धी कार्यमा प्रमुख प्रशसकीय अधिकृतलाई सहयोग गर्ने ।
- राजश्व प्रशासन शाखाले उपलब्ध गराउने सेवाहरुलाई सरल, सहज, चुस्त, दुरुस्त, पारदर्शी र मितव्ययी गराउन गर्नु पर्ने सुधारका कार्यक्रमहरु पेश गर्ने ।
- राजश्व उठाउने र राजश्वको स्रोत जुटाउने कार्यमा निजी क्षेत्रबाट समेत पहल एवं सक्रिय सहभागिता गराउने ।
- राजश्वको स्रोत विविधिकरण तथा वार्षिक लक्ष्य निर्धारण सम्वन्धी कार्य गर्ने ।
- राजश्व वाँडफाँड सम्वन्धी कार्यमा सहयोग गर्ने ।
- वाह्य स्रोत जुटाउने सम्वन्धी कार्य गर्ने ।
- सेवा शुल्क तथा वाँकी वक्यौता असूल सम्वन्धी नीति/कार्यक्रम तयार गरी पेश गर्ने र स्वीकृत भए वमोजिम कार्यान्वयन गर्ने/गराउने ।
- स्थानीय कर, सेवा शुल्क, दस्तुर, दण्ड/जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी एवं पर्यटन शुल्क सम्वन्धी कार्य गर्ने/गराउने ।
- राजश्वका उपयोग भई आएका श्रोतहरुको अतिरिक्त नयाँ श्रोतहरु पहिचान गरी श्रोत परिचालनको लागि आवश्यक व्यवस्था मिलाउने ।
- राजश्व संकलनमा आइपर्ने वाधा अड्चनलाई न्यूनीकरण गर्दै राजश्व अभिवृद्धिमा प्रभावकारिता ल्याउन राजश्व गस्ती (Revenue enforcement) व्यवस्था गर्ने ।
- वार्षिक वजेट तथा कार्यक्रम र आर्थिक नीति तयार गरी पेश गर्ने साथै आवधिक मूल्याङ्कन र सूचकाङ्क विकास गरी लागु गर्ने ।
- नगरपालिकाले राजश्व परिचालन सम्वन्धमा अवलम्वन गर्ने नीतिको विषयमा निर्णय गर्न आवश्यक सूचना सङ्कलन गरी नीति निर्माणमा सहयोग गर्ने ।
- नगरपालिकाको राजश्व चुवाहट नियन्त्रण गर्न कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।
- नगरपालिकाको राजश्वको आम्दानी र खर्चको फेहरिस्त दुरुस्त गरी राख्ने र राख्न लगाउने ।
- नगरपालिकाको वार्षिक आय-व्ययको हिसावको विश्लेषण सहित नगरसभामा पेश गर्न तयार गर्ने ।
- लेखापरीक्षणवाट औल्याइएका राजश्व सम्वन्धी वेरुजु फछ्यौंटको लागि कार्य गर्ने ।

- नगरपालिकाको राजश्व अभिवृद्धिका लागि सम्बद्ध निकायहरुसंग समन्वय गर्ने तथा नगरक्षेत्रका व्यापारी, उद्योगपति र अन्य व्यवसायी तथा करदाताहरुसँग छलफल गर्ने व्यवस्था मिलाई राजश्व अभिवृद्धि र व्यवस्थापनमा सघाउ पुऱ्याउने ।
- नगरपालिकासँग सम्बन्धित बिषयहरु नगरसभाबाट निर्णय गराउन आवश्यक पर्ने भएमा सोको विस्तृत बिवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- नगरसभाबाट राजश्व सङ्कलन सम्बन्धी बिषयमा भएका निर्णयहरुको कार्यान्वयन गर्ने/गराउने।
- राजश्व अभिवृद्धिसँग सम्बन्धित कार्यहरुको बिषयमा नीति तय गर्ने, कार्यविधि निर्देशिका तयार गर्ने एवं कार्यक्रम बनाई पेश गर्ने ।
- अन्तरशाखा/उपशाखासंग समन्वय तथा सहयोग गर्ने ।
- राजश्व सङ्कलन एवं असुली सम्बन्धमा सम्पन्न गर्नुपर्ने कार्यहरुको निरीक्षण, अनुगमन, अध्ययन र बिश्लेषण गर्ने एवं सुझाव समेत सङ्कलन गरी सुधारका कार्य गर्ने/गराउने व्यवस्था मिलाउने ।
- शाखाका कर्मचारीको कार्यविवरण अद्यावधिक गरी लागू गर्ने ।
- शाखाका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कार्य सम्पन्न भएको सुनिश्चित हुने ।
- राजश्व शाखाले उपलब्ध गराउने सेवाहरुलाई सरल, सहज, चुस्त, दुरुस्त, पारदर्शी र मितव्ययी गराउन गर्नु पर्ने सुधारका कार्यक्रमहरु पेश गर्ने ।
- शाखाको कार्यक्षेत्रभित्रका विषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी, आदिको आयोजना गर्ने ।
- राजश्वका क्षेत्र एवं श्रोतहरु पहिचान गर्ने सम्बन्धमा सूचना/तथ्याङ्क सङ्कलन गर्ने र अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने/गराउने ।
- राजश्वको प्रभावकारी असुली व्यवस्था मिलाउने र राजश्व चुहावट नियन्त्रण गर्ने ।
- लागु गरिएका कर, शुल्क आदिको प्रभावकारिता विश्लेषण गरी थप प्रभावकारी बनाउन उपायहरु खोज्ने ।
- राजश्व उठाउने र राजश्वको स्रोत जुटाउने कार्यमा निजी क्षेत्रलाई संलग्न गराउन पहल गर्ने ।
- श्रोत परिचालन सम्बन्धी कार्ययोजना तयार गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने/गराउने ।
- नगरपालिकाको स्रोत विविधिकरण तथा वार्षिक लक्ष्य निर्धारण गरी पेश गर्ने ।
- राजश्वको अभिलेख दुरुस्त राख्ने ।
- वर्षिक बजेट तर्जुमा कार्यमा सहयोग गर्ने ।
- राजश्व बाँडफाँड सम्बन्धी कार्यमा आवश्यक सहयोग गर्ने ।

- नगरपालिकालाई वाह्य स्रोत जुटाउने सम्वन्धी कारवाही उठाउने ।
- बाँकी रहेको कर, दस्तुर, शुल्क, महसुल आदिको लगत दुरुस्त राख्ने ।
- घर जग्गा कर, व्यवसाय कर, लगायत अन्य कर संकलन गर्ने/गराउने ।
- दस्तुर, महसूल, भाडा, जरिवाना, शुल्क संकलन गर्ने/गराउने ।
- सेवा शुल्क तथा वाँकी वक्यौता असूल उपर गर्ने/गराउने ।
- दैनिक आम्दानी तेरीज तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- नगद दाखिला एवं राजश्व लेखाङ्कन र प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने/गराउने ।
- कर टोली एवं कर निरीक्षकहरु खटाई राजश्व अभिवृद्धिमा प्रभावकारिता हासिल गर्ने ।
- शाखाबाट भएका सबै कार्यहरु विद्युतीय अभिलेखमा अभिलेखीकरण गर्ने/गराउने ।
- यस शाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

(१६) वडा कार्यालयहरु (१० वटा)

- वडाभित्रको जनसंख्या, घर, जग्गा, पाटी, पौवा, धर्मशाला, मठ, मन्दीर, गुम्वा, मस्जीद, देवस्थल, मदरसा, पर्ति जग्गा, पोखरी, तलाउ, इनार, कुवा, धारा आदिको लगत राख्ने तथा संरक्षण गर्न नगरपालिकालाई सहयोग गर्ने ।
- वडाभित्रको बाटो, सडक, पुल, ढल, पोखरी, तलाउ, इनार, कुवा, धारा, बहाल, मठ, मन्दिर, गुम्वा, मस्जीद, देवस्थल आदि सफासुग्घर राख्ने व्यवस्था मिलाउने ।
- वडाभित्रको फोहरमैला र सडेगलेका वस्तुहरु फ्याँक्ने, चोक र गल्ली सफा राख्ने, राख्न लगाउने तथा सरसफाइको लागि वडाबासीहरुलाई अभिप्रेरित गर्ने व्यवस्था मिलाउने ।
- वडाभित्रको नहर, कुलो, पैनी आदिको हेरविचार गर्ने ।
- वडाभित्रको पर्ती जग्गामा बृक्षारोपण गर्न र वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।
- वडामा रहेका अस्पताल, सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, विद्यालय, वाल उद्यान तथा पुस्तकालय/वाचनालयको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
- वडाभित्र छाडा भई हिँडेका चौपायाहरु पक्राउ गरी सम्वन्धित निकायमा बुझाउने ।
- वडाभित्रको गल्ली तथा सडकमा विजुली बत्तीको प्रवन्ध गर्ने ।
- वडा क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको खोज/संरक्षण/सम्वर्द्धन/सदुपयोग गर्ने वातावरण सिर्जना गर्ने ।
- वडासमितिको आय र व्ययको हिसाव तथा अन्य कागजातहरु सुरक्षित राख्ने ।

मानव कल्याण विकास समाज HWDC 2004 कञ्चनपुर

- वडाभित्र सुपथ मूल्यमा खाद्यान्न तथा अन्य आवश्यक वस्तुको विक्रिको लागि नगरकार्यपालिकालाई सहयोग पुऱ्याउने ।
- वडाभित्र खेलकूद विकासको लागि खेलकूदका सामानहरु वितरण गर्ने र भाषा, संस्कृतिको विकासको लागि कला, नाटक तथा सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्न सहयोग गर्ने ।
- वडामा अशक्त विरामी भएको वेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचारको व्यवस्था मिलाउने ।
- वडामा कुनै असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह-संस्कारको व्यवस्था मिलाउने ।
- वडाका बालबालिकाहरुलाई वि.सि.जि., पोलियो खोपको व्यवस्था गर्ने तथा सरुवा रोगको रोकथामको व्यवस्था गर्ने ।
- वडाबासीहरुलाई व्यक्तिगत घटना दर्ता गर्न उत्प्रेरित गर्ने र पञ्जिकाधिकारीको जिम्मेवारी निर्वाह गर्ने ।
- नगरवासीहरुको चेतनास्तर उकास्न विभिन्न क्रियाकलाप गर्न सहयोग गर्ने ।
- वडाभित्रको पर्ती जग्गा, प्राचीन स्मारक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदाहरुको संरक्षण गर्न सहयोग गर्ने ।
- लोक संस्कृति एवं मौलिकता झल्किने सांस्कृतिक नाच, गीत तथा भजन समेतलाई निरन्तरता दिन नगरकार्यपालिकालाई सहयोग गर्ने ।
- वडाभित्रका पिछडिएका जनजाति, विधवा, एकल महिला, असहाय, अपाङ्ग तथा वेवारिस व्यक्तिहरुको संरक्षण र जीविकोपार्जन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने ।
- वडा समितिका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित अन्य कानूनले वडा कार्यालयले गर्ने भनिएका सबै कार्यहरु गर्ने/गराउने ।
- वडा कार्यालयलाई निर्दिष्ट गरिएका एवं नगरसभा वा नगरकार्यपालिकाले दिएको निर्देशन तथा आदेश बमोजिमका अन्य कार्यहरु गर्ने ।
- उपयुक्त कार्य, जिम्मेवारी निर्वाह गर्ने क्रममा वडा समितिका पदाधिकारीहरुको निकट सम्पर्क र समन्वयमा रहने । वडा समितिबाट निर्णय गराउनु पर्ने विषयहरुका सन्दर्भमा वडा समितिबाट निर्णय भए अनुसार कार्य गर्ने ।

४.२ पदगत कार्यविवरण

नगरपालिका कार्यालयको प्रस्ताव गरिएको महाशाखा, शाखा उपशाखा र इकाइ, स्वास्थ्य चौकी, एवं वडा कार्यालयहरुमा दरवन्दी वा करारको पदमा कार्यरत कर्मचारीहरुले सम्पादन गर्नुपर्ने कार्यहरुको कार्यविवरण निम्न बमोजिम हुनेछ । यस बमोजिमको कार्यविवरणलाई आवश्यकता अनुसार समयसापेक्षरुपमा थपघट गरी परिमार्जन गर्नु पर्नेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृत, (उपसचिव, रा.प.द्वि./प्रशासन/सा.प्र.)

नगरकार्यपालिका कार्यालयको मुख्य प्रशासकीय अधिकारीको रुपमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

(क) प्रशासन, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह सम्बन्धी कार्य

- नगरपालिका प्रमुखको निर्देशनमा रही प्रचलित कानून अनुरुप नगरपालिका कोसम्पूर्ण प्रशासनिक काम कारवाही गर्ने/गराउने ।
- नगरपालिकाको सम्पूर्ण कर्मचारीहरुको प्रशासनिक रेखदेख र नियन्त्रण गर्ने ।
- नगरपालिकाको निर्णय अनुसार पदपूर्ति समितिले सिफारिश गरेको उम्मेदवारलाई नियुक्ति दिने।
- नगरपालिकाका कर्मचारीहरुको पदस्थापन, काज, सरुवा, बढुवा, विदा, पुरस्कार, दण्डसजाय, राजिनामा, वरबुझारथ र अवकाश सम्वन्धी कार्य गर्ने/गराउने ।
- नगरपालिकाका कर्मचारीहरुको असाधारण विदा र अध्ययन विदा स्वीकृतिका लागि सिफारिस गर्ने ।
- नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्ने/गराउने ।
- नगरपालिका कोजनशक्ति विकास योजना तयार गरी लागु गर्ने/गराउने ।
- नगरपालिकामा मानव संशाधन विकास केन्द्रको स्थापना र संचालनको व्यवस्था मिलाउने ।
- नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन समय समयमा संगठन विकास सम्वन्धी अध्ययन गरी/गराई संगठन संरचना तथा दरवन्दी प्रस्तावित गरी स्वीकृतिका लागि पेश गर्ने ।
- नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुको कार्यविवरण तयार गरी/परिमार्जन गरी प्रत्येक आर्थिक वर्षको पहिलो हप्ताभित्र सम्वन्धित कर्मचारीलाई उपलब्ध गराउने ।
- स्वीकृत संगठन संरचना र कार्यविवरण अनुसार कार्यालय संचालन गर्ने तथा सो अनुरुप भए/ नभएको अनुगमन गर्ने ।
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गरी नगरपालिकाक्षेत्रभित्रको जनसंख्याको लगत दुरुस्त राख्न लगाउने ।
- नगरपालिकामा दायर भएका मुद्दाको मिसिल जिम्मा लिने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।

मानव कल्याण विकास HWDC 2004

- वडा कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाउने ।
- नगरपालिकाको कार्यालयको तर्फबाट गर्नुपर्ने सिफारिस, प्रमाणित, राय, प्रतिक्रिया, फिराद, प्रत्युत्तर आदि कार्य गर्ने/गराउने ।
- नगरपालिकाका सेवा निवृत्त कर्मचारीहरुको प्रचलित कानून बमोजिम निवृत्तिभरण, उपदान, र औषधी उपचार सम्बन्धी कार्यहरु गर्ने/गराउने ।
- कार्यालयमा जनसम्पर्क, सोधपुछ कक्ष, सहायक कक्ष, उजुरीपेटीका, प्रतिक्षालय, गुनासो सुनुवाइ आदिको व्यवस्था मिलाउने ।
- तोकिएबमोजिम विभिन्न समिति, उपसमिति र कार्यदल आदिमा प्रतिनिधित्व गर्ने/गराउने र वैठक, गोष्ठी, सेमिनार, कार्यशाला आदिमा भाग लिने/लिन लगाउने ।
- कार्यवोझको आधारमा कर्मचारीहरुको काम र जिम्मेवारीको वाँडफाँड गरी अधिकार प्रत्यायोजन गर्ने/गराउने ।
- नागरिक वडापत्रको तयारी, परिमार्जन, कार्यान्वयन र अनुगमन सम्बन्धी कार्य गर्ने/गराउने ।
- नगरपालिकाको आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने/गराउने ।
- विदेशी स्वयंसेवकको सुपरीवेक्षक र Counterpart को रुपमा काम गर्ने/गराउने ।
- नगरपालिकाको कामकारवाही वारे सार्वजनिक सुनुवाइको प्रवन्ध गर्ने ।

(ख) वैठक व्यवस्थापन सम्बन्धी कार्य

- सभा तथा नगरपालिकाको सचिव भई काम गर्ने ।
- नगरप्रमुखको निर्देशनमा नगरपालिका कावैठकको एजेण्डा तयार गर्ने/गर्न लगाउने ।
- नगरप्रमुखको आदेश वमोजिम नगरपालिकाको वैठक बोलाउने ।
- नगरपालिकाको वैठकमा उपस्थित भई वैठक व्यवस्थापन सम्बन्धी काम गर्ने लगाउने ।
- वैठकको निर्णय उतार प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने व्यवस्था मिलाउने ।
- सभा र नगरपालिकाको वैठकमा उपस्थित भई निर्णयको माइन्यूट गर्ने/गराउने एवं निर्णय पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
- नगरप्रमुखको रेखदेख तथा निर्देशनमा रही सभा तथा नगरपालिकाको निर्णय कार्यान्वयन गर्ने/ गराउने ।

(ग) **श्रोत व्यवस्थापन र आर्थिक प्रशासन सम्वन्धी कार्य**

- नगरपालिकाकोक्षेत्रभित्रको प्राकृतिक, मानवीय, पुरातात्विक, धार्मिक, सांस्कृतिक, प्राविधिक तथा अन्य श्रोत-सम्पदाहरुको पहिचान गर्ने, लगत राख्ने तथा राख्न लगाउने र उपयुक्त व्यवस्थापन गर्ने/गराउने ।
- नगरपालिकाको राजश्व योजना तयार गरी कार्यान्वयन गर्ने/गराउने ।
- राजश्व असूली कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने/गर्न लगाउने ।
- जिन्सी माल सामानको खरीद, भण्डारण, वितरण र मर्मत संभारको व्यवस्था मिलाउने ।
- नगरप्रमुखको समन्वयमा रही आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै नगरपालिकाको आयव्ययको वजेट तयार गरी/गर्न लगाई स्वीकृतिका लागि सभामा पेश गर्ने ।
- स्वीकृत वजेटको परिधिभित्र रही निर्णय कार्यान्वयन गर्नको लागि खर्च गर्ने ।
- नगरपालिकाको आय-व्ययको हिसाव राख्ने/राख्न लगाउने ।
- नगरपालिकाको आम्दानी खर्चको लेखापरीक्षण गराउने, वेरुजु फछ्यौंट गराउने र वेरुजु रकम कानून वमोजिम असूल उपर गर्ने/गराउने ।
- नगरपालिकाको चल-अचल सम्पत्तिको जिन्सी लगत राख्ने र संरक्षण गर्ने/गर्न लगाउने ।
- आर्थिक प्रशासन सम्बन्धी कानूनले तोके वमोजिम लागत अनुमान र दरभाउपत्र स्वीकृत गर्ने।
- वर्षमा दुइपटक नगरपालिकाका जिन्सी सामानहरुको निरीक्षण गर्ने/गराउने ।
- आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार जिन्सी सामानको लिलाम विक्री र मिन्हा सम्बन्धी कार्य गर्ने/गराउने ।
- माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट, जिन्सी व्यवस्थापन र जिन्सी निरीक्षण जस्ता भण्डारण व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने/गराउने ।
- नगरपालिकाद्वारा संचालित आयोजनाहरुको सामाजिक परीक्षणको व्यवस्था गर्ने/गराउने ।
- सामाजिक सुरक्षा सम्बन्धी लगत तयार गर्ने, परिचय-पत्र वितरण, भत्ता निकासा माग र वितरण गर्ने/गराउने ।

(घ) योजना व्यवस्थापन सम्वन्धी कार्य

- नगरपालिकाको नीति निर्माण तथा दीर्घकालीन, आवधिक र वार्षिक योजना तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेवमोजिम सहभागितामूलक प्रकृयाद्वारा नगरविकास योजना तर्जुमा गर्ने/गराउने ।
- सभाबाट स्वीकृत आयोजनाको संचालन गर्न आयोजना संचालन तालिका तयार गरी कार्यान्वयन गर्ने/गराउने ।
- विभिन्न दातृ संस्था र नगरपालिका बीचको सम्झौता कार्यान्वयन गर्ने/गराउने ।
- वडास्तरीय योजनाको कार्यान्वयन गर्दा वडा समितिलाई क्रियालशील गराउने ।
- योजना तथा कार्यक्रमहरुको प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी, जाँचपास र फरफारक सम्वन्धी कार्य गर्ने/गराउने ।
- सञ्चालित योजनाहरुको आवधिक रुपमा प्रगति विवरण तयार गरी समीक्षा गर्ने/गराउने र सम्वन्धित निकायमा नियमित रुपमा पठाउने व्यवस्था गर्ने ।
- सञ्चालित योजनाहरुको नियमित सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकनको व्यवस्था मिलाउने।

(ङ) सूचना व्यवस्थापन, समन्वय र सहजीकरण सम्वन्धी कार्य

- नगरसूचना केन्द्रको स्थापना गरी संचालन गर्ने/गराउने ।
- नगरपालिकाको वस्तुगत विवरण (प्रोफाइल) तयार गरी प्रकाशन र अद्यावधिक गर्ने/गराउने ।
- नगरपालिकाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणाली (GIS), गरिवी नक्साङ्कन, सेवा क्षेत्र विभाजन सम्वन्धी विवरण अद्यावधिक गर्ने/गराउने ।
- नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय तह, विषयगत कार्यालयहरु, गैरसरकारी सघ-संस्थाहरु, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय गर्ने/गराउने ।
- नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय तह, विषयगत कार्यालयहरु, गैर-सरकारी संघ संस्थाहरु, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय गर्ने/गराउने ।
- सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्यसम्पादन गर्ने/गराउने व्यवस्था मिलाउने ।
- नगरक्षेत्रभित्रका गैर-सरकारी संस्थाहरुको लगत राख्न लगाउने र सामुदायिक संस्थाहरुलाई सूचीकृत गर्ने/गराउने ।

(च) **विविध कार्य**

- समाज परिचालन सम्बन्धी काम गर्ने/गराउने ।
- नेपाल सरकारबाट अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिमा हस्ताक्षर भई नगरपालिकालाई जिम्मेवार बनाइएका विषयहरुलाई कार्यान्वयन गर्ने/गराउने ।
- तोकिएको कार्यसम्पादन गर्दा नीतिगत र कानूनी समस्या आएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निकासा लिई निर्देशन भए बमोजिम गर्ने/गराउने ।
- विकास निर्माणका कार्य गर्दा सिर्जना हुने द्वन्द्व/विवादको समाधान सम्वन्धी कार्य गर्ने/गराउने ।
- नेपालको प्रचलित संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियामाली, २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६३ सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमाली, २०६४ आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६, सरकारी कार्य फछ्र्यौट नियमावली, सरकारी कार्यालय निरीक्षण नियमावली, २०२६, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सूचनको हक सम्वन्धी ऐन, २०६४, सूचनाको हक सम्वन्धी नियमावली, २०६५ एवं अन्य प्रचलित कानून बमोजिम कार्यालय प्रमुखले गर्नुपर्ने भनी तोकिएका कामहरु गर्ने/गराउने ।

स्वकीय सचिव, (तह-५, प्रशासन/सा.प्र.) (नगरप्रमुखको निजी सचिवालय)

यस पदले नगरप्रमुखको रेखदेख र नियन्त्रणमा रही निजप्रति उत्तरदायी भई देहाय बमोजिमका कार्यहरु (काम, कर्तव्य र जिम्मेवारी) गर्नु गराउनु पर्दछ ।

- नगरप्रमुखको कार्यकक्ष, बैठककक्षलगायत निजी सचिवालय व्यवस्थित गर्ने ।
- नगरप्रमुखको तहबाट निर्णय हुनु पर्ने फाइलहरुको अभिलेख राख्ने र निर्णय अनुसार सम्बन्धित शाखामा पठाउने ।
- नगरप्रमुखलाई सम्बोधन भई आएका निवेदन, पत्र, कागजात आदिको व्यवस्थित फाइल बनाई नगरप्रमुख समक्ष पेश गर्ने र सो उपर आदेश भए अनुसार आफैं कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने र शाखाहरुबाट कार्यान्वयन गराउनु पर्ने भएमा सम्बन्धित अधिकारीसमक्ष वा शाखामा पठाउने ।
- नगरप्रमुख उपस्थित हुनु पर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको टिपोट बनाई मिति, समय, उपस्थित हुनु पर्ने स्थान सहितको बिवरण यथासमयमा नगरप्रमुखलाई जानकारी गराउने र निर्धारित मिति र समयमा पुनः स्मरण गराउने व्यवस्था गर्ने ।
- नगरप्रमुखको कार्यकक्षमा बैठक भएको समयमा अतिथि सत्कारको व्यवस्था गर्ने ।

मानव कल्याण विकास समाज HWDC 2004 कञ्चनपुर (२०६१)

- नगरप्रमुखको कार्यकक्षको लागि मसलन्द सामग्री, पत्रपत्रिका तथा आवश्यक अध्ययन सामग्रीको व्यवस्था गर्ने ।
- नगरप्रमुखसंग भेटघाट गर्न चाहने व्यक्ति/समूह/प्रतिनिधि मण्डलका लागि नगरप्रमुखको अनुकूलता हेरी समय निर्धारण गरी भेटघाटको व्यवस्था मिलाउने ।
- नगरप्रमुखसंग टेलीफोनमा कुरा गर्न चाहनेलाई वा नगरप्रमुखले टेलीफोनबाट कुरा गर्न चाहने व्यक्तिसंग नगरप्रमुखको अनुमति लिई टेलीफोन सम्पर्क गराउने ।
- बैठक, छलफल, भेटघाट आदिको दैनिक डायरी बनाई दिनभरको कार्यक्रम बारे प्रत्येक दिन बिहानै नगरप्रमुखलाई जानकारी गराउने ।
- नगरप्रमुखको कार्यकक्षमा टेलिफोन, कम्प्युटर, फ्याक्स मेशीन, फोटोकपी मेशीन आदि उपकरणहरु सञ्चालनको व्यवस्था गर्ने ।
- नगरप्रमुखले निर्देशन गरे अनुसारको विवरण तयार गरी/गर्न लगाई समयमा उपलब्ध गराउने ।

सहायक कम्प्युटर अपरेटर (तह-४/विविध) (नगरप्रमुखको निजी सचिवालय)

यस पदले नगरप्रमुखको स्वकीय सचिवको रेखदेख र नियन्त्रणमा रही नगरप्रमुखप्रति उत्तरदायी भई देहाय बमोजिमका कार्यहरु (काम, कर्तव्य र जिम्मेवारी) गर्नु गराउनु पर्दछ ।

- प्राप्त सूचना, तथ्यांक, विवरणहरु उपयुक्त डिस्कमा भर्न डाटा इन्ट्री गर्ने र आवश्यकता अनुसार त्यसको परिमार्जन गर्ने ।
- आवश्कता अनुसारका विवरण/सूचना/तथ्यांक उपलब्ध गराउने ।
- आवश्यकतानुसार चिट्ठीपत्रहरु नेपाली र अंग्रेजीमा टाइप गर्ने, टाइप गरिएका सामग्रीहरु प्रिन्ट गरी उपलब्ध गराई सोको अभिलेख राख्ने ।
- कम्प्युटरमा Install गरिएका Software र इन्ट्रि गरिएका डाटाहरुलाई कुनै पनि प्रकारबाट नष्ट हुन वा विग्रिनबाट सुरक्षित गर्ने उपाय अवलम्बन गरी सुरक्षासाथ राख्ने ।
- आफु जिम्मामा रहेका डेस्कटप, ल्यापटप कम्प्युटर, प्रिन्टर, स्क्यानर, यु.पि.एस.एवं अन्य बिद्युतीय सामग्रीहरु सुरक्षित एवं दुरुस्त (Update) गरी राख्ने ।
- नगरप्रमुखको निजी सचिवालयको कामलाई e-governance मा रुपान्तरण गर्ने आवश्यक कार्य गर्ने ।
- यस पदलाई निर्दिष्ट गरिएका र सुपरीवेक्षकबाट निर्देशन भए बमोजिम अन्य कार्यहरु गर्ने ।

स्वकीय सचिव (तह-४/प्रशासन/सा.प्र.) (नगर उप-प्रमुखको निजी सचिवालय)

यस पदले नगर उप-प्रमुखको रेखदेख र नियन्त्रणमा रही निजप्रति उत्तरदायी भई देहाय बमोजिमका कार्यहरु (काम, कर्तव्य र जिम्मेवारी) गर्नु गराउनु पर्दछ ।

- नगर उप-प्रमुखको कार्यकक्ष, बैठककक्षलगायत निजी सचिवालय व्यवस्थित गर्ने ।
- नगर उप-प्रमुखको तहबाट निर्णय हुनु पर्ने फाइलहरुको अभिलेख राख्ने र निर्णय अनुसार सम्बन्धित शाखामा पठाउने ।
- नगर उप-प्रमुखलाई सम्बोधन भई आएका निवेदन, पत्र, कागजात आदिको व्यवस्थित फाइल बनाई नगरउप-प्रमुख समक्ष पेश गर्ने र सो उपर आदेश भए अनुसार आफैँ कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने र शाखाहरुबाट कार्यान्वयन गराउनु पर्ने भएमा सम्बन्धित अधिकारीसमक्ष वा शाखामा पठाउने ।
- नगर उप-प्रमुख उपस्थित हुनु पर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको टिपोट बनाई मिति, समय, उपस्थित हुनु पर्ने स्थान सहितको बिवरण यथासमयमा नगरउप-प्रमुखलाई जानकारी गराउने र निर्धारित मिति र समयमा पुनः स्मरण गराउने व्यवस्था गर्ने ।
- नगर उप-प्रमुखको कार्यकक्षमा बैठक भएको समयमा अतिथि सत्कारको व्यवस्था गर्ने ।
- नगर उप-प्रमुखको कार्यकक्षको लागि मसलन्द सामग्री, पत्रपत्रिका तथा आवश्यक अध्ययन सामग्रीको व्यवस्था गर्ने ।
- नगर उप-प्रमुखसंग भेटघाट गर्न चाहने व्यक्ति/समूह/प्रतिनिधि मण्डलका लागि नगरउप-प्रमुखको अनुकूलता हेरी समय निर्धारण गरी भेटघाटको व्यवस्था मिलाउने ।
- नगर उप-प्रमुखसंग टेलीफोनमा कुरा गर्न चाहनेलाई वा नगर उप-प्रमुखले टेलीफोनबाट कुरा गर्न चाहने व्यक्तिसंग नगरउप-प्रमुखको अनुमति लिई टेलीफोन सम्पर्क गराउने ।
- बैठक, छलफल, भेटघाट आदिको दैनिक डायरी बनाई दिनभरको कार्यक्रम बारे प्रत्येक दिन बिहानै नगरउप-प्रमुखलाई जानकारी गराउने ।
- नगर उप-प्रमुखको कार्यकक्षमा टेलिफोन, कम्प्युटर, फ्याक्स मेशीन, फोटोकपी मेशीन आदि उपकरणहरु सञ्चालनको व्यवस्था गर्ने ।
- कम्प्युटरमा Install गरिएका Software र इन्ट्रि गरिएका डाटाहरुलाई कुनै पनि प्रकारबाट नष्ट हुन वा विग्रिनबाट सुरक्षित गर्ने उपाय अवलम्बन गरी सुरक्षासाथ राख्ने ।
- आफु जिम्मामा रहेका डेस्कटप, ल्यापटप कम्प्युटर, प्रिन्टर, स्क्यानर, यु.पि.एस.एवं अन्य बिद्युतीय सामग्रीहरु सुरक्षित एवं दुरुस्त (Update) गरी राख्ने ।

मानव कल्याण विकास केन्द्र HWDC 2004 कञ्चनपुर (२०६१)

- नगर उप-प्रमुखको निजी सचिवालयको कामलाई e-governance मा रुपान्तरण गर्ने आवश्यक कार्य गर्ने ।
- नगर उप-प्रमुखले निर्देशन गरे अनुसारको बिवरण तयार गरी/गर्न लगाई समयमा उपलब्ध गराउने ।

(२) **आन्तरिक लेखा परीक्षण अधिकृत (तह ६ प्रशासन/लेखा/आ.ले.प.)** **(आन्तरिक लेखा परीक्षण शाखा)**
यस पदले प्रमुख प्रशासकीय अधिकृतको रेखदेख र नियन्त्रणमा रही निजप्रति उत्तरदायी भई देहाय बमोजिमका कार्यहरु (काम, कर्तव्य र जिम्मेवारी) गर्नु गराउनु पर्दछ ।

- नगरकार्यपालिकावाट भए गरेका खर्चहरूको मासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने ।
- पेश्की दिनु पर्दा वा भुक्तानी गर्दा प्रचलित कानून बमोजिम रित पुगेको वा नपुगेको सम्वन्धमा पूर्व आन्तरिक लेखापरीक्षण गर्ने ।
- पूर्व आन्तरिक लेखापरीक्षणको निम्ति प्राप्त बिल जाँच गर्दा प्रचलित कानूनको रीत नपुगेको देखिएमा सोको व्यहोरा खुलाई प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गरी निर्देशन भए बमोजिम कार्यान्वयन गर्न आर्थिक प्रशासन शाखामा पठाइदिने ।
- आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू नियमित गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन गर्ने ।
- मासिक रुपमा आम्दानी तथा खर्च सम्वन्धी हिसाव खाताको परीक्षण गरी त्रुटी देखिएमा प्रमुख प्रशासकीय अधिकृतमार्फत नगरसभामा पेश गर्ने ।
- आन्तरिक लखापरीक्षणवाट देखिएका त्रुटिहरु प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्ने ।
- शीर्षकगत रूपमा विनियोजित बजेट र खर्चको तालमेलको विश्लेषण गरी प्रमुख प्रशासकीय अधिकृतसमक्ष यथार्थपरक प्रतिवेदन गर्ने ।
- पेश्की बेरुजुहरूको लगत अद्यावधिक गरी फछ्यौंट तथा नियमित गर्न सहयोग गर्ने ।
- बजेटमा अनुमान गरिएको स्रोत परिचालन अनुरूप आम्दानी भए/नभएको मूल्याङ्कन गरी प्रतिवेदन गर्ने ।
- वार्षिक कार्यक्रममा उल्लेख भएका योजना/कार्यक्रममध्ये कति सञ्चालन भए, कति भएनन् सोको चौमासिक प्रतिवेदन गर्ने ।
- अन्तिम लेखापरीक्षणको लागि कागजात तथा सूचनाहरु जुटाई दिने ।
- अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा प्रतिक्रिया उपलब्ध गराउनुपर्ने भए सोको मस्यौदा तयार गर्ने ।

- अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा लेखा समितिले दिएको प्रतिक्रिया समेत समावेश गरी सम्परीक्षणको लागि सहयोग गर्ने ।
- अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजुहरू नियमित गर्नुपर्ने भए सो सम्बन्धी कार्य गर्ने ।
- अन्तिम लेखापरीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरु र मन्त्रालयमा पठाउने व्यवस्था गर्ने ।
- लेखा समितिलाई आवश्यक पर्ने विवरणहरू तयार गरी उपलब्ध गराउने ।
- लेखा समितिको वैठक सञ्चालनमा सहयोग गर्ने र निर्णयहरु सम्बन्धित निकायमा पठाउने ।
- जिन्सी स्रेस्ताको वार्षिक निरीक्षणलाई प्रभावकारी बनाउन राय दिने ।
- राजस्व असुली भएको रकम दैनिक बैंक दाखिला भए/नभएको जाँच गरी बैंक दाखिला नियमित गर्न लगाउने ।
- लिलाम बिक्री गर्नु भनी अन्तिम लेखापरीक्षणबाट औंल्याइएका वस्तुहरू लिलाम बिक्री भएका छन्/छैनन् त्यसको जाँच गरी प्रतिवेदन गर्ने ।
- जिन्सी स्रेस्ता, राजस्वको दैनिक आम्दानी फारामहरूको प्रभावकारी प्रयोग भए/नभएको जाँच गरी प्रभावकारी प्रयोगका लागि प्रतिवेदन गर्ने ।
